# महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७४




प्रकाशक

**महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

रामशाहपथ, काठमाडौं

# महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७४

प्रकाशक
महान्यायाधिवक्ताको कार्यालय, नेपाल
रामशाहपथ, काठमाडौं

# महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७४

## अभियोजन नीति तथा मार्गदर्शन तयारी समूह

| | |
|---|---|
| सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी | - संयोजक |
| सहन्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटा | - सदस्य |
| उपन्यायाधिवक्ता श्री बालकृष्ण वाग्ले | - सदस्य |
| उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली | - सदस्य |
| उपन्यायाधिवक्ता श्री पुण्यप्रसाद पाठक | - सदस्य |
| शाखा अधिकृत श्री प्रेममाया राना | - सदस्य सचिव |

## पुनरावलोकन समिति

| | |
|---|---|
| नायब महान्यायाधिवक्ता श्री किरण पौडेल | - संयोजक |
| सहन्यायाधिवक्ता श्री लोकराज पराजुली | - सदस्य |
| सहन्यायाधिवक्ता श्री ध्रुव कुमार चौहान | - सदस्य |

## सम्पादन / समन्वय

सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई

प्रकाशक: महान्यायाधिवक्ताको कार्यालय, नेपाल
प्रकाशन प्रति: १००० प्रति
प्रकाशन मिति: २०७४ साउन

**प्रकाशन सहयोग**: कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम, युएनडीपी

# मन्तव्य



नेपालको संविधानले महान्यायाधिवक्तालाई नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएका अधिकारीलाई संवैधानिक तथा कानुन विषयमा राय उपलब्ध गराउने, प्रमुख अभियोजनकर्ताको हैसियतमा फौजदारी मुद्दामा अभियोजन गर्ने नगर्ने विषयमा अन्तिम निर्णय गर्ने र सम्बन्धित अदालत वा न्यायिक निकाय समक्ष मुद्दा दायर गर्ने, ती मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची अन्तर्गतका मुद्दामा अनुसन्धान गर्ने अधिकारीलाई निर्देशन दिने तथा हिरासत वा कारागारमा रहेका व्यक्तिहरूलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्त वा कानुन व्यवसायीसँग भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी प्राप्त भएमा छानविन गरी त्यस्तो नगर्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने लगायतका जिम्मेवारीहरू प्रदान गरेको छ । महान्यायाधिवक्ताले आफूमा निहित यी अधिकारहरू तोकिएको शर्तको अधीनमा रही प्रयोग गर्ने गरी आफू मातहतका सरकारी वकीलहरूलाई प्रत्यायोजन गर्न सक्ने संवैधानिक व्यवस्था छ । महान्यायाधिवक्ताले प्रत्यायोजन गरेको अधिकार अन्तर्गत रही मातहत सरकारी वकीलहरूले उल्लेखित अधिकार र जिम्मेवारी निर्वाह गर्दछन् । सरकारी वकीलहरूले त्यस्तो अधिकारको प्रयोग गर्दा कानुन सम्मत र प्रभावकारी ढंगले गर्न सकेमा पीडितलाई न्याय र दोषीलाई दण्ड दिलाई कानुनको शासनको स्थापना र मानव अधिकारको संरक्षण गर्ने फौजदारी न्याय प्रशासनको उद्देश्य हासिल हुन सक्दछ । विज्ञान र प्रविधिको विकास, यातायात र सञ्चारको क्षेत्रमा आएको विकासले अपराधको प्रकृति र प्रवृत्तिमा परिवर्तन ल्याएको छ । अन्तरदेशीय र संगठित अपराधको उत्पत्ति र विस्तारको कारण अपराधको अनुसन्धानमा बहुराष्ट्रिय सहयोगको आवश्यकता जस्ता कुराले फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनलाई जटिल बनाइदिएको छ । मानव अधिकारको अवधारणामा भएको विकास र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको पक्ष भएको कारण उत्पन्न दायित्व समेतबाट सरकारी वकीलहरूको कार्य चुनौतीपूर्ण भएको छ । सरकारी वकीलले सम्पादन गर्नुपर्ने यी चुनौतीपूर्ण कार्यहरूलाई एकरुपतापूर्वक एवं प्रभावकारी ढंगले सम्पादन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले महान्यायाधिवक्ताको कार्यालयबाट प्रस्तुत अभियोजन नीति तथा मार्गदर्शन जारी गरिएको छ । यो मार्गदर्शनले सरकारी वकीलहरूलाई अनुसन्धान तथा अभियोजन कार्यमा सहयोग पुऱ्याउने छ भन्ने अपेक्षा राखेको छु । अभियोजन कार्यलाई मार्गदर्शन गर्न छुट्टै अभियोजन नीति आवश्यक रहेको भन्ने विगतदेखिको मागलाई यो नीति तथा मार्गदर्शनले सम्बोधन गर्ने विश्वास लिएको छु ।

प्रस्तुत अभियोजन नीति तथा मार्गदर्शनको मस्यौदा तयारी समितिका संयोजक सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी, सो समितिका सदस्यहरू सहन्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटा, उपन्यायाधिवक्ताहरू श्री बालकृष्ण वाग्ले, श्री हरिशंकर ज्ञवाली, श्री पुण्यप्रसाद पाठक र शाखा अधिकृत श्री प्रेममाया रानालाई विशेष धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी प्राप्त मस्यौदाको पुनरावलोकन गरी अन्तिम रुप दिन मद्दत गर्ने पुनरावलोकन समितिका संयोजक नायब महान्यायाधिवक्ता श्री किरण पौडेल र सदस्यहरू सहन्यायाधिवक्ता श्री लोकराज पराजुली तथा श्री ध्रुव कुमार चौहानलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत मार्गदर्शन तयारीमा समन्वय गर्नु हुने सहन्यायाधिवक्ता श्री श्याम कुमार भट्टराई र कम्प्युटर टाइप तथा सेटिङ्गमा सहयोग गर्ने नायव सुव्वा श्री चन्दन कुमार ठाकुर विशेष धन्यवादका पात्र हुनुहुन्छ । प्रस्तुत दिग्दर्शनको तयारी एवं प्रकाशनमा सहयोग पुऱ्याउने UNDP, कानूनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सवलीकरण कार्यक्रम (RoLHR) र यसका राष्ट्रिय कार्यक्रम व्यवस्थापक श्री सुदिप गौतम तथा कार्यक्रम अधिकृत श्री दिनेश सुधाकरलाई धन्यवाद ज्ञापन गर्दछु ।

**२०७४ साउन**

(**रमन कुमार श्रेष्ठ**)

महान्यायाधिवक्ता

# विषय सूची

## परिच्छेद एक

## प्रारम्भिक


१.१ पृष्ठभूमि ........ १

१.२ अभियोजन नीति तथा मार्गदर्शनले समेटेका विषयहरू ........ १

१.३ अभियोजन नीति तथा मार्गदर्शनको आधिकारिकता ........ १


## परिच्छेद दुई

## अभियोजन नीति


२.१ अभियोजन नीतिका मुख्य आधार ........ २

२.२ अभियोजन नीति ........ ३

२.३ अभियोजन नीतिको प्रभावकारी कार्यान्वयनका लागि कार्यनीति ........ ५


## परिच्छेद तीन

## अभियोजन सम्बन्धी सामान्य मार्गदर्शन


३.१ सरकारी वकीलले अपराध अनुसन्धानको क्रममा निर्वाह गर्नुपर्ने भूमिकाका लागि सामान्य मार्गदर्शन.. ६

३.२ अभियोजन सम्बन्धी निर्णयका लागि सामान्य मार्गदर्शन ........ ११

३.३ अभियोगपत्रको तयारी र मुद्दाको दायरीका लागि सामान्य मार्गदर्शनः ........ १६


## परिच्छेद चार

## विशेष प्रकृतिका मुद्दामा सरकारी वकीलहरूकालागि मार्गदर्शन


४.१ महिला संलग्न मुद्दामा सरकारी वकीलकालागि मार्गदर्शन ........ २०

४.१.१ मुद्दाको अनुसन्धानमा सरकारी वकीलको भूमिका ........ २०

४.१.२ पीडित महिलाको संरक्षणमा सरकारी वकीलको भूमिका ........ २०

४.१.३ शंकित महिलाको मानव अधिकार संरक्षणमा सरकारी वकीलको भूमिका ........ २१

४.१.४ पीडित महिलाको अधिकारको संरक्षणमा सरकारी वकीलको भूमिका ........ २१

४.१.५ अभियोगपत्र तयार गर्दाका अवस्थामा निर्वाह गर्ने भूमिका ........ २२

४.२ बालबालिका संलग्न मुद्दाको कारवाईमा सरकारी वकीलका लागि मार्गदर्शन ........ २३
४.२.१ सरकारी वकीलको अभिभावकीय भूमिका ........ २३
४.२.२ बालमैत्री व्यवहार र वातावरणमा सरकारी वकीलको भूमिका ........ २४
४.२.३ बालबालिकासँग कुराकानी गर्दा सरकारी वकीलले ख्याल गर्नुपर्ने कुराहरू ........ २५
४.२.४ बालबालिका संलग्न मुद्दाको अनुसन्धानमा सरकारी वकीलको भूमिका ........ २६
४.२.५ मुद्दा चल्ने नचल्ने निर्णय गर्दा निर्वाह गर्नु पर्ने भूमिका ........ २७
४.२.६ अभियोगपत्र तयार गर्दाका अवस्थामा सरकारी वकीलले निर्वाह गर्ने भूमिका ........ २७
४.३ लागू औषधसम्बन्धी मुद्दामा सरकारी वकीलहरूका लागि मागदर्शन ........ २८
४.३.१ लागू औषध मुद्दाको अनुसन्धान तहकिकात र अभियोजनमा सरकारी वकीलले निर्वाह गर्नुपर्ने भूमिका ........ २८
४.४ मानव वेचबिखन तथा ओसारपसार सम्वन्धी मुद्दामा सरकारी वकीलका लागि मार्गदर्शन ........ ३१
४.४.१ मानव बेचबिखन मुद्दाको अनुसन्धान तथा अभियोजनमा सरकारी वकीलको भूमिका ........ ३१
४.५ संगठित अपराध सम्बन्धी मुद्दाको अभियोजनमा सरकारी वकीलहरूका लागि मार्गदर्शन ........ ३४
४.५.१ अनुसन्धानको क्रममा सरकारी वकीलले ध्यान दिनुपर्ने कुराहरू ........ ३४
४.५.२ अभियोजन गर्दा सरकारी वकीलले ध्यान दिनुपर्ने कुराहरू ........ ३५
४.६ अपराध पीडित अधिकारहरूको संरक्षण गर्ने सर्न्दभमा सरकारी वकीलका लागि मार्गदर्शन ........ ३७
४.६.१ मुद्दाको अनुसन्धानको क्रममा सरकारी वकीलको भूमिका ........ ३७
४.६.२ मुद्दाको अभियोजनको क्रममा सरकारी वकीलको भूमिका ........ ३८
४.६.३ मुद्दाको सुनवाइको क्रममा सरकारी वकीलको भूमिका ........ ३९
४.६.४ फैसला कार्यान्वयनको क्रममा सरकारी वकीलको भूमिका ........ ४०

## परिच्छेद पाँच

## अभियोजनसँग सम्बन्धित नेपालको संवैधानिक एवं कानूनी व्यवस्था र अभियोजनकर्ताका लागि मार्गदर्शक अन्तर्राष्ट्रिय कानून एवं सिद्धान्तहरू

५.१ अभियोजन सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था ........ ४१
५.१.१. अभियोजन सम्बन्धी संवैधानिक व्यवस्था ........ ४१
५.१.२ कानूनी व्यवस्था ........ ४२

५.२ अभियोजनकर्ताका लागि मार्गदर्शक अन्तर्राष्ट्रिय कानून एवं अन्य कुरा........................................४४
५.२.१ अभियोजनकर्ताको स्वायत्तता र स्वतन्त्रता सम्बन्धी अन्तरर्राष्ट्रिय सिद्धान्त .........................४४
५.२.२ अभियोजन र अभियोजन पद्धति.........................................................................................४७
५.२.३ फौजदारी न्यायका प्रशासनका सामान्य सिद्धान्तहरू .......................................................५१
५.२.४ फौजदारी दायित्वका सिद्धान्तहरू र फौजदारी दायित्वका तह...........................................५२
५.२.५ फौजदारी न्यायका सम्बन्धमा शंकितका अधिकार र सरकारी वकीलको दायित्व................५९
५.२.६ अपराध पीडितका अधिकारहरू तथा सरकारी वकीलको दायित्व..................................... ६२
५.२.७ अभियोजनकर्ताको आचरण, दायित्व र स्वतन्त्रता सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू .........६४

# परिच्छेद–एक

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपाल अधिराज्यको संविधान, २०४७ ले पहिलो पटक महान्यायाधिवक्तालाई नेपाल सरकार वादी हुने फौजदारी मुद्दा चलाउने वा नचाउने अन्तिम निर्णय गर्ने अधिकार प्रदान गरी यो अधिकारको प्रयोग महान्यायाधिवक्ताले प्रत्यायोजन गरेको अधिकारको शर्त र सीमा भित्र रही मातहतका सरकारी वकीलले प्रयोग गर्ने अभ्यासको थालनी भएको पाइन्छ। सोही संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले सरकार वादी मुद्दाको अभियोजन गर्ने अधिकार सरकारी वकीललाई सुम्पने गरी आवश्यक कानूनी व्यवस्था गरेको पाइन्छ। नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको संविधानले पनि अभियोजन सम्बन्धी अधिकार महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकीलबाट प्रयोग हुने गरी संवैधानिक व्यवस्था गरेको छ। उक्त संवैधानिक एवं कानूनी व्यवस्था अनुसार सरकारी वकीलले नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा अभियोजन गर्दै आएको पाइन्छ। अभियोजन नीतिको अभावका कारण अभियोजन सम्बन्धी निर्णयमा एकरुपता कायम हुन नसकेको, अभियोजन वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित हुन नसकेको, अभियोजन गर्दा पीडित र साक्षीको सहायता र संरक्षणको विषय नसमेटिएको जस्ता समस्याहरू देखिएका छन्। त्यस्ता समस्याहरूलाई सम्बोधन गरी वस्तुगत एवम् प्रभावकारी रुपमा अभियोजन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयबाट यो अभियोजन नीति तथा मार्गदर्शन जारी गरिएको छ।

## १.२. अभियोजन नीति तथा मार्गदर्शनले समेटेका विषयहरू

यस नीति तथा मार्गदर्शनमा सरकारी वकीलले नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन र मुद्दा दायरी गर्दासम्म निर्वाह गर्नुपर्ने भूमिका र बहन गर्नु पर्ने जिम्मेवारीका बारेमा उल्लेख गरिएको छ। खासगरी अभियोजन नीति, सो नीतिको कार्यान्वयनका लागि कार्यनीति, अभियोजनका लागि सामान्य मार्गदर्शन, विशेष प्रकृतिका मुद्दा अभियोजनका लागि विशेष मार्गदर्शन र अभियोजनकर्ताको लागि मार्गदर्शक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्था र सिद्धान्तहरू समेटिएका छन्।

## १.३. अभियोजन नीति तथा मार्गदर्शनको आधिकारिकता

यो नीति तथा मार्गदर्शनमा भएका विषयहरू सरकारी वकीलको अभियोजन सम्बन्धी कार्य सम्पादनलाई सरल पार्ने र मार्गदर्शन गर्ने उद्देश्यले समावेश गरिएका हुन्। यसमा उल्लेख गरिएका कुराहरू विद्यमान कानूनी व्यवस्थासँग बाझिएमा प्रचलित कानूनमा भएका व्यवस्थाहरू नै मान्य हुने छन्।

# परिच्छेद–दुई

# अभियोजन नीति

## २.१. अभियोजन नीतिका मुख्य आधार

सरकारी वकीलहरूले सरकार वादी फौजदारी मुद्दा चल्ने नचल्ने निर्णय गर्ने सन्दर्भमा एकरुपता कायम गरी अभियोजनमा प्रभावकारिता ल्याउने उद्देश्यले जारी गरिएको यो अभियोजन नीतिका मुख्य आधारहरू देहाय बमोजिम रहेका छन्:

२.१.१ प्रमाणको आधारमा अभियोजन योग्य मुद्दा मात्र प्रभावकारी रुपमा अभियोजन गरिनु पर्दछ भन्ने कुरा सरकारी वकीलहरूको कार्य सिद्धान्तका रुपमा रहनेछ। अभियोजनको मुख्य उद्देश्य न्याय प्राप्ती गर्नु हुनेछ। अभियोजन गर्दा स्वच्छता, भेदभावरहित र विना आग्रह गरिने छ। यस क्रममा अभियोजनका आधारभूत मान्यता र सिद्धान्तको पालना गरिने छ।

२.१.२ मुद्दा चल्ने नचल्ने निर्णय गर्दा पीडित पक्ष, शंकित तथा सम्पूर्ण समुदायको हितलाई ख्याल गरी उपयुक्त निर्णय गर्ने कुरामा ध्यान दिइने छ। यसका लागि सरकारी वकीलहरूले उपयुक्त मुद्दामा उपयुक्त अभियुक्त उपर उपयुक्त अभियोजन भन्ने सिद्धान्तका आधारमा अभियोजनको निर्णय गर्ने छन्।

२.१.३ सरकारी वकीलहरूले अभियोजन सम्बन्धी निर्णय र काम कारवाहीमा स्वच्छता र एकरुपता देखिने गरी कार्य गर्नेछन्। अभियोजन सम्बन्धी निर्णय गर्दा अभियोजनका मान्य सिद्धान्त अनुरुप गरिने छ। सरकारी वकीलहरूले अभियोजन सम्बन्धी निर्णय गर्ने क्रममा आफूलाई प्राप्त स्वविवेकीय अधिकारको प्रयोग गर्दा निश्चित सिद्धान्त र मापदण्डका आधारमा मात्र गर्ने छन्।

२.१.४ विद्यमान फौजदारी कानूनले अपराध भनी परिभाषित गरेको कार्य गरेको कुरा स्थापित नहुने र अदालतमा प्रमाण ग्राह्य हुने आधारभूत र भरपर्दा प्रमाणको अभावमा अभियोजन गरिने छैन।

२.१.५ अभियोजन गर्ने प्रयोजनका लागि प्रथम दृष्टिमा अपराध गरेको देखिने अवस्था भएपछि मात्र संकलित प्रमाणहरू अदालतबाट कसूर स्थापित हुन पर्याप्त छन् वा छैनन् भन्ने कुरालाई विचार गरिने छ। यदि कसूर ठहर हुने पर्याप्त र भरपर्दो प्रमाण छैन भने अभियोजन गरिने छैन।

२.१.६ मुद्दामा कसूर पुष्टि हुने संभावना भए नभएको सम्बन्धमा विचार गर्दा साक्षीको उपलब्धता, सक्षमता र विश्वसनीयता, प्रतिवादीको सावितीको प्रमाणग्राह्यता जस्ता कुराहरू विचार गरिने छ। यसको साथै विपक्षबाट कस्तो प्रकारको जिकिर आउँने छ र त्यसले कसूर ठहर हुने संभावनालाई कस्तो प्रभाव पार्ने छ भन्ने सम्बन्धमा समेत विचार गरिने छ।

२.१.७ अभियोजन सम्बन्धी निर्णयका लागि प्रमाणको मूल्यांकन गर्दा सरकारी वकीलले प्रमाण सम्बन्धी स्थापित नियम बमोजिम कुनै प्रमाण अदालतमा अग्राह्य त छैन ? कसूर स्थापित हुने कुरा अभियुक्तको सावितीमा आधारित हुने भए उसको मानसिक वौद्धिक अवस्था कस्तो छ? साक्षी

कत्तिको भरपर्दो छन् ? साक्षीको सत्यतामा चुनौती दिन सक्ने अवस्था छ छैन् ? विपक्षबाट हुने जिरहका क्रममा साक्षीको विश्वसनीयतामा कमी आउने अवस्था छ छैन् ? साक्षीको भनाइको ग्राह्यतामा प्रतिकूल असर पार्ने खालको मानसिक कमजोरी छ की ? प्रत्यक्षदर्शी साक्षीहरूको भनाइमा एकरुपताको अभाव त छैन जसले प्रत्यक्षदर्शी साक्षीको विश्वसनीयतामा प्रतिकूल असर पारोस ? के अभियोग सिद्ध गर्ने आवश्यक सबै साक्षीलाई उपस्थित गराउन सकिन्छ? बालबालिका साक्षी भएमा सोधिएको प्रश्न बुझ्ने र त्यसको युक्तियुक्त जवाफ दिन सक्ने अवस्थाका छन् छैनन् ? जस्ता कुराहरूलाइ विचार गर्नेछन् ।

## २.२ अभियोजन नीति

माथिउल्लेखित मुख्य आधारका जगमा महान्यायाधिवक्ताको कार्यालयको अभियोजन सम्बन्धी नीति देहाय बमोजिम हुनेछन्:

२.२.१ प्रचलित फौजदारी कानून बमोजिम अपराध ठहरिने कार्य गर्ने व्यक्तिहरू उपर मात्र कानून बमोजिम गरिएको अनुसन्धानका आधारमा अभियोजन गरिने छ ।

२.२.२ अभियोजन सम्बन्धी निर्णय र अन्य कार्य गर्दा स्वच्छता र न्यायका मान्य सिद्धान्त अनुरुप गरिनेछ ।

२.२.३ जसका विरुद्ध अपराधिक कार्य गरेको भन्ने आरोप लगाई अनुसन्धान र अभियोजन गरिन्छ, उनीहरूलाई स्वच्छ र उपयुक्त प्रक्रिया उपलब्ध गराइने कुराको सुनिश्चितता प्रदान गरिनेछ ।

२.२.४ कानूनको उचित प्रक्रियाको अवलम्वन गरी गरिएको अनुसन्धानबाट प्राप्त प्रमाणको आधारमा उचित देखिएको अभियोजन गरिनेछ ।

२.२.५ अभियोग लगाउने निर्णय गर्दा निश्चित र सार्वजनिक रुपमा ज्ञात भएका सिद्धान्त अनुरुप गरिनेछ ।

२.२.६ अभियोजनमा प्रभावकारिता ल्याउन अनुसन्धान कार्यको कानूनी पक्षमा अभियोजनकर्ताले नेतृत्वदायी भूमिका निर्वाह गरी अनुसन्धानकर्तालाई निर्देशित गर्नेछन् ।

२.२.७ अभियोजन सम्बन्धी निर्णय र अन्य कार्य गर्दा उचित आधार र कारण खुलाई बस्तुगत प्रमाणमा आधारित भई गरिने छ ।

२.२.८ अनुसन्धानबाट संकलित प्रमाणको आधारमा देखिएको अभियुक्तको भूमिकार संलग्नता अनुसार उपयुक्त व्यक्ति उपर उपयुक्त अभियोजन गरिने छ ।

२.२.९ अभियोजन सम्बन्धी निर्णय र अन्य कार्य गर्दा कसै उपर प्रतिशोध साँध्ने वा कसैको उक्साहट, दवाव, प्रलोभन र प्रभावमा आधारित नभई स्वच्छ, निष्पक्ष र स्वतन्त्रतापूर्वक गरिने छ ।

२.२.१० अभियोजन गर्दा सदैव सार्वजनिक हित एवं स्वार्थलाई केन्द्रमा राखी गरिने छ ।

२.२.११ अभियोजन सम्बन्धी निर्णय र अन्य कार्य गर्दा अभियुक्त र पीडितका सम्बन्धमा संविधान,

कानून, नेपाल पक्ष भएका अन्तरर्राष्ट्रिय महासन्धि र घोषणापत्रले प्रत्याभूत गरेका अधिकारप्रति प्रतिवद्ध र संवेदनशील रही गरिनेछ।

२.२.१२ अभियोजनकर्ताले उचित कारण भएमा बाहेक अनुसन्धान कार्य सम्पन्न भई आफूसमक्ष प्राप्त भएको मुद्दाको मिसिल उपर मुद्दा चल्ने नचल्ने लगायत आवश्यकता अनुसार अन्य निर्णय अनुचित बिलम्ब विना शिघ्र रुपमा गर्नेछन्।

२.२.१३ अनुसन्धानबाट संकलित भएको प्रमाण कागज अभियोजनको पक्ष वा विपक्षमा भएपनि मिसिलमा समावेश गरिनेछ।

२.२.१४ अभियोजनकर्ताले कानून बमोजिम गोप्य राख्नु पर्नेदेखि बाहेक आफ्नो काम कारबाहीसम्बन्धी सूचनाहरू लुकाउने छैनन्। यस प्रयोजनार्थ पीडित, शंकित र सरोकारवाला व्यक्तिले माग गरेको मुद्दाको कारवाही सम्बन्धी सूचना, जानकारी र कागजपत्र उपलब्ध गराउने छन्।

२.२.१५ अभियोजन सम्बन्धी निर्णय र अन्य कार्य गर्दा महिला, बालबालिका, जेष्ठ नागरिक र न्यायमा पहुँच नभएका वर्गहरूप्रति विशेष संवेदनशील भई व्यवहार गरिने छ।

२.२.१६ थप अनुसन्धानको आवश्यकता भएको अवस्थामा बाहेक एउटै घटनाबाट घटित अपराधको सम्बन्धमा अभियोजनसम्बन्धी सम्पूर्ण निर्णय एकैपटक गरिने छ।

२.२.१७ अभियोजन गर्दा प्रत्येक व्यक्तिको संलग्नता र सहभागिताको आधार र कारण खुलाई छुट्टा-छुट्टै स्पष्ट रुपमा गरिनेछ। गोश्वारा अभियोजन गरिने छैन्।

२.२.१८ अभियोजन गर्दा कसूर, विगो, भोग्नु व्यहोर्नु पर्ने दण्ड सजाय जरिवाना र भराइनुपर्ने क्षतिपूर्तिको कानूनी आधारसहित स्पष्ट दावी लिइनेछ।

२.२.१९ अनुसन्धानका क्रममा बरामद भएका अदालतमा पेश गरिने दशी प्रमाण के गर्ने भन्ने सम्बन्धमा कानूनी आधार सहित अभियोगपत्रमा स्पष्ट उल्लेख गरिनेछ। अदालतमा पेश नगरिने बरामद चिजबस्तु सम्बन्धित व्यक्तिलाई फिर्ता दिने वा अनुसन्धान अधिकृतले सुरक्षितसाथ राख्ने भन्ने सम्बन्धमा पनि कानूनी आधार सहित अभियोजन सम्बन्धी निर्णयमा उल्लेख गरी सो निर्णय अनुसार गरिनेछ।

२.२.२० नाम, थर, वतन एकीन नभई स्पष्ट पहिचान नखुलेका व्यक्ति उपर निजहरूको नाम, थर वतन सहितको पहिचान खुलेका वखत कानून बमोजिम अभियोजन गर्ने नगर्ने निर्णय गरिने छ।

२.२.२१ अभियोजन सम्बन्धी निर्णय र अन्य कामकारवाही गर्दा अदालत, शंकित व्यक्ति र पीडित उपर सम्मानजनक भाषाको प्रयोग गरिने छ।

२.२.२२ अनुसन्धान अधिकारीले मुद्दा चलाउने राय व्यक्त गरेका मध्ये सरकारी वकीलबाट केही व्यक्ति उपर मुद्दा नचलाउने निर्णय भएमा त्यसका बारेमा अविलम्ब महान्यायाधिवक्ता समक्ष जानकारीका लागि पठाइने छ।

२.२.२३ अनुसन्धान अधिकारीले अनुसन्धान कार्य सम्पन्न गरी पेश गरेको मुद्दामा सरकारी वकीलले

तत्काल मुद्दा नचलाई थप अनुसन्धान गर्न निर्देशन सहित पक्राउ परेका शंकित व्यक्तिलाई हाजिर जमानीमा छोडन लेखि पठाएको अवस्थामा सो सम्बन्धी कारवाही बारे अविलम्ब महान्यायाधिवक्ता समक्ष जानकारीका लागि पठाइने छ ।

२.२.२४ कुनै पनि प्रकारले आफनो व्यक्तिगत वा पारिवारिक हक, हित वा स्वार्थ गाँसिएको विषयमा सरकारी वकीलले अभियोजन सम्बन्धी निर्णय वा अन्य कार्य गर्ने छैनन् ।

## २.३ अभियोजन नीतिको प्रभावकारी कार्यान्वयनका लागि कार्यनीति

अभियोजन नीतिलाई व्यवहारमा प्रभावकारी रुपमा कार्यान्वन गर्न महान्यायाधिवक्ताको कार्यालयले देहाय बमोजिमको कार्यनीति अवलम्बन गर्नेछ :

२.३.१ अभियोजन सम्बन्धी कार्य सम्पादन गर्न सक्षम अभियोजनकर्ताको विकासका लागि क्षमता अभिवृद्धि सम्बन्धी स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

२.३.२ अभियोजनकर्ताहरूको क्षमता अभिवृद्धिको लागि लामो र छोटो अवधिको तालिम तथा निरन्तर सिकाइका माध्यम अवलम्बन गरिनेछ ।

२.३.३ अभियोजन सम्बन्धी निकायलाई जनशक्ति, पुस्तक लगायतका भौतिक स्रोत साधनबाट सक्षम र साधन, स्रोत सम्पन्न बनाइनेछ । प्रमाणको वैज्ञानिक परीक्षण गर्ने निकायको संस्थागत सुधार एवम् जनशक्तिको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरू तर्जुमा गर्न समन्वय गरिने छ ।

२.३.४ अभियोजन सम्बन्धी कार्यको प्रभावकारी अनुगमन गरी अभियोजन नीति विपरित कार्य गर्नेलाई कारवाहीको दायरामा ल्याइने छ । अभियोजन नीति अनुरुप प्रभावकारी रुपमा कार्य सम्पादन गर्नेलाई पुरस्कृत गर्ने परिपाटी अवलम्बन गरिनेछ ।

२.३.५. अभियोजन नीतिको कार्यान्वयनलाई सरकारी वकीलको कार्य सम्पादन मूल्यांकनको एक आधार मानिनेछ । वद्नियतपूर्वक कार्य गरेको प्रमाणित भएको अवस्थामा बाहेक सरकारी वकीललाई व्यावसायिक स्वतन्त्रता अन्तर्गत रही कार्य सम्पादन गरे वापत कारवाही गरिने छैन ।

२.३.६ अभियोजन सम्बन्धी कार्य सम्पादनका लागि सामान्य रुपमा जारी गरिने नीतिगत निर्देशन वा परिपत्र बाहेक अमुक मुद्दामा अमुक किसिमको निर्णय गर्न निर्देशन गरिने छैन ।

# परिच्छेद–तीन

## अभियोजन सम्बन्धी सामान्य मार्गदर्शन

### ३.१. सरकारी वकीलले अपराध अनुसन्धानको क्रममा निर्वाह गर्नुपर्ने भूमिकाका लागि सामान्य मार्गदर्शन

**३.१.१ प्रारम्भिक प्रतिवेदन र निर्देशन**

अनुसन्धानबाट प्राप्त हुने सबुद प्रमाण अभियोजनका लागि महत्वपूर्ण हुने भएकाले अनुसन्धानमा सरकारी वकीलको नेतृत्वदायी भूमिका रहनु पर्दछ। अनुसन्धान अधिकारीलाई अनुसन्धानमा सही दिशा निर्देश गर्ने कार्य सरकारी वकीलले गर्नु पर्छ। अनुसन्धान अधिकारीसँग समन्वय गरी प्रारम्भिक प्रतिवेदन पठाउँदा अनुसन्धानको रणनीति र कार्यनीति तयार गरी सो रणनीति र कार्यनीतिको खाका सहितको प्रारम्भिक प्रतिवेदन पठाउन प्रेरित गर्नु पर्छ । प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनलाई कार्यालयको अपराध दर्ता किताबमा दर्ता गर्नुपर्दछ । धेरै जना सरकारी वकील भएको अवस्थामा प्रमुख सरकारी वकीलले उक्त प्रारम्भिक प्रतिवेदन आफै वा अन्य कुन सरकारी वकीलले अध्ययन गरी अनुसन्धान अधिकृतलाई आवश्यक निर्देशन दिने सम्बन्धमा तोक आदेश गरी सोही सरकारी वकीलले उक्त प्रतिवेदनमा संलग्न विवरणलाई गम्भीरतापूर्वक अध्ययन गरी अनुसन्धान अधिकारीलाई निम्न विषयमा निर्देशन दिनुपर्छ र त्यसको अभिलेख राख्नुपर्छः

३.१.१.१ अनुसन्धानको क्रममा गरिने सम्पूर्ण काम कारवाहीमा कानुनी प्रक्रियाको अवलम्बन गर्ने कुरा,

३.१.१.२ बरामदी मुचुल्कामा वारदातस्थलमा फेला परेका प्रमाण लाग्न सक्ने चिजहरू तथा तथ्यहरूको जानकारी लिएका श्रोतहरूको विवरणको उल्लेख गर्ने कुरा,

३.१.१.३ कुनै चिज वस्तु बरामद गर्दा, घटनास्थलको मुचुल्का गर्दा वा कुनै चिज वस्तुको नमुना लिँदा पुऱ्याउनु पर्ने प्रक्रियाका कुरा,

३.१.१.४ संकलन भएका प्रमाणहरूमा विरोधाभाष भए नभएको एकिन गरी त्यस सम्बन्धमा थप अनुसन्धान गरी प्रष्ट पार्ने विषय,

३.१.१.५ पीडित र शंकितको उमेर एकिन गर्ने कागजातहरूको संकलन गर्ने कुरा,

३.१.१.६ कुनै मुचुल्का गर्दा राख्नु पर्ने साक्षी समेतका कानुनी रीत पुऱ्याउने अन्य कुरा,

३.१.१.७ मुद्दाको प्रकृति अनुसार पक्षको गोपनीयता, पीडितको संरक्षण, राहत वा स्थानान्तरणको विषय,

३.१.१.८ पीडित र पीडकको समयमै शारीरीक परीक्षण गर्ने कुरा, विशेष प्रकृतिका मुद्दामा पक्षको परिचयात्मक विवरण गोप्य राख्ने कुरा,

३.१.१.९ भौतिक प्रमाणको संरक्षण, नमुना संकलन र परीक्षण गर्ने कुरा,

३.१.१.१० म्याद थपका लागि अदालतमा प्रस्तुत गर्दा संलग्न हुनुपर्ने कुरा,

३.१.१.११ अपराध, अपराधी र पीडितको सम्बन्ध स्थापित गर्ने चिज वस्तुको संरक्षण र परीक्षण गर्ने कुरा,

३.१.१.१२ घटनाको प्रकृति अनुसार प्रमाण प्राप्त हुने स्थान र प्रमाण संकलनमा ध्यान दिनुपर्ने कुरा,

३.१.१.१३ जसका विरुद्ध जाहेरी परेको छ सो बाहेक अन्य व्यक्तिको संलग्नता पनि हुनसक्ने अवस्था तर्फ सचेत रही अनुसन्धान गर्ने कुरा,

३.१.१.१४ जटिल प्रकृतिका मुद्दाहरूमा अनुसन्धानको रणनीतिमा गर्नुपर्ने सुधारका सम्बन्धमा निरन्तर छलफल गरी अगाडि बढ्ने कुरा,

३.१.१.१५ वारदातको सम्बन्धमा सूचना प्राप्त हुन सक्ने स्रोत र बुझ्न पर्ने व्यक्तिहरूलाई बुझ्ने कुरा ।

३.१.१.१६ शंकित वा अभियुक्तलाई आफन्त, परिवारजन एवम् कानून व्यावसायीसँग भेटघाट गर्न चाहेमा भेटघाट गर्ने व्यवस्था गर्ने कुरा,

### ३.१.२ सरकारी वकीलले अपराध अनुसन्धानसँग सम्बन्धित डायरी ब्यवस्थापन गर्नेः

३.१.२.१ आफ्नो काम कारवाहीलाई व्यवस्थित र योजनाबद्ध बनाउन सरकारी वकीलले मुद्दाको काम कारवाही सम्बन्धी डायरी राख्ने,

३.१.२.२ उक्त डायरीमा प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि प्राप्त कागजातहरूको गम्भीरतापूर्वक अध्ययन गरी जाहेरवालाको नाम, वारदात मिति, शंकितको नाम, घटनाको संक्षिप्त विवरण, निर्देशन दिनुपर्ने विषय, परीक्षण हुनुपर्ने विषयको चेकलिष्ट, संकलन हुनुपर्ने प्रमाणको सूची, वयानमा खुलाउनु पर्ने कुराहरूको चेकलिष्ट, अनुसन्धान गर्नुपर्ने विषयहरूको सूची टिपोट गरी राख्ने,

३.१.२.३ प्रत्येक दिन गरिएको प्रत्येक कार्यको विवरण डायरीमा लिपिबद्ध गर्ने ।

### ३.१.३ संकलित प्रमाणको परीक्षण गराउनका लागि सरकारी वकीलले ध्यान दिनुपर्ने कुरा

३.१.३.१ अनुसन्धानको क्रममा बरामद भएका दशीका सामानहरूको प्रमाणिकताका लागि त्यस्ता चीज वस्तुहरूको संकलन, संरक्षण, प्याकिङ्ग, र परीक्षणमा विशेष सतर्कता एवं संवेदनशीलता अपनाउन अनुसन्धान अधिकृतलाई मार्गदर्शन गर्नु पर्दछ ।

३.१.३.२ बरामद भएका रगत, विर्य र स्वाव लागेका वा अपराधीको एकिन वा पहिचान हुने अन्य चिज एकिन गर्नको लागि रगत, विर्य दाग आदि नष्ट नहुने गरी सुरक्षित साथ विधि विज्ञान प्रयोगशालामा पठाउनु पर्छ ।

३.१.३.३ अनुसन्धान अधिकारीले अनुसन्धानको क्रममा परीक्षण गराउनु पर्ने चिज वस्तु परीक्षण गराए नगराएको विचार गरी नगराएको भए गराउन लगाउनु पर्दछ ।

३.१.३.४ अपराधको प्रकृति समेतका आधारमा आवश्यकता अनुसार विधि विज्ञान प्रयोगशालामा

सामान्यतया निम्नलिखित कुराहरू परीक्षणको लागि पठाउन निर्देशन दिनु पर्दछ :

(क) भिषेरा,

(ख) DNA (Deoxyribonucleic acid),

(ग) रगत, विर्य, थुक, खकार, बान्ता, दिसा, पिसाब ,

(घ) शरिरका भित्री अंगहरू जस्तै मुटु, फोक्सो, कलेजो, पेट, गिदी आदि

(ङ) हातहतियार तथा विष्फोटक पदार्थ (Ballistics and weapons),

(च) लागू औषध (Narcotic drugs),

(छ) सुसाइड नोट वा यस्तै विवादास्पद लिखत (Disputed Documents),

ज) हस्ताक्षर एवं ल्याप्चे (Finger Prints, Foot Prints),

### ३.१.४ अभियुक्तको वयान गराउँदा सरकारी वकीलले ध्यान दिनु पर्ने कुरा

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ९ अनुसार उक्त ऐनको अनुसूची १ अन्तर्गतका मुद्दामा अनुसन्धान अधिकृतले अभियुक्तको वयान सरकारी वकील समक्ष गराउनु पर्ने हुन्छ । त्यसरी वयान गराउदा सरकारी वकीलले मुख्यतः निम्न कुरामा ध्यान दिनुपर्दछ :

३.१.४.१ अभियुक्तको वयान शुरु गर्नुभन्दा पहिले मिसिल कागज अध्ययन गरी अनुसन्धान अधिकृतसँग छलफल गरी वयान लिने विषय र प्रश्नहरूको सूची तयार गर्ने,

३.१.४.२ वयान गर्न ल्याइएको अभियुक्तलाई निजको वयान लिनु भन्दा पहिले आफ्नो परिचय दिई निजसँग वयान लिनुपर्ने कारणका बारेमा जानकारी गराउने,

३.१.४.३ अभियुक्त उपर लागेको अभियोगका सम्बन्धमा संकलित सबै कागज सुनाई मतलब सम्झाउने,

३.१.४.४ वयान गराउन ल्याइएको अभियुक्तलाई निम्न कुरा जानकारी गराउने:

(क) तपाईलाई चुप लाग्ने अधिकार छ,

(ख) तपाईले व्यक्त गरेका कुराहरू तपाईको विरुद्ध अदालतमा प्रमाणका रुपमा पेश हुनेछन्,

(ग) तपाईलाई कानून व्यवसायी राख्ने अधिकार छ,

(घ) यदि तपाई कुनै कानून व्यवसायी राख्न सक्नुहुन्न भने राज्यले तपाईको लागि कानून व्यवसायी राखी दिन सक्छ ।

### ३.१.४.५ अभियुक्तको वयान लिने प्रक्रिया

अभियुक्तको वयान गराउँन निम्न प्रक्रिया अवलम्बन गर्नुपर्दछ:

(क) वयान लिँदा सवाल जवाफको ढाँचामा लिनु पर्दछ र यसो गर्दा कुरा फोरी विषय छुट्याई छोटकरी सवाल गर्ने र सोधिएको सवाल र सो को जवाफ लेखबद्ध गर्न लगाउनु पर्दछ,

(ख) वयान गराउदा प्रश्न राखी अभियुक्तले आफै जवाफ लेख्न चाहेमा निजलाई जवाफ लेख्न दिनुपर्छ,

(ग) प्रत्येक अभियुक्तको छुट्टाछुट्टै वयान गराउनु पर्दछ,

(घ) वयान लिने सन्दर्भमा उपस्थित गराइएको व्यक्तिलाई कुनै पनि शारीरिक वा मानसिक यातना दिन वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न गराउनु हुँदैन,

(ङ) वयान लिँदा तथ्यगत कुराहरूको बारेमा पहिले खुलाउन लगाउनु पर्दछ,

(च) एकै व्यक्ति एक भन्दा बढी अपराधको कसूरमा पोलिएको अवस्थामा प्रत्येक मुद्दाको लागि छुट्टा छुट्टै वयान गराउन लगाउनु पर्दछ,

(छ) महिलाको वयान गराउँदा ठट्टा मस्करी वा अनावश्यक सवाल गरी अभियुक्तलाई हतोत्साही गराउनु हुदैन,

(ज) अनावश्यक सवाल गर्ने वा एकै सवाल पटक पटक गर्ने कार्य गर्न वा गराउनु हुँदैन,

(झ) वयानको लागि उपस्थित गराइएका अभियुक्तहरू धेरै भएको अवस्थामा निजहरूको वयान क्रमैसँग लिनु पर्दछ । एकैदिन वयान लिन नभ्याएमा आवश्यकता अनुसार अदालतबाट म्याद थप गराई वयान क्रमैसँग लिनु पर्दछ,

(ञ) १६ बर्ष भन्दा कम उमेरका वालवालिकाको वयान गराउँदा सम्भव भएसम्म निजको बाबु आमा वा अन्य संरक्षकको रोहवरमा राखी मात्र वयान गराउनु पर्दछ, बालन्याय (कार्यविधि) नियमावलीले निर्धारण गरेको प्रक्रिया पूरा गर्नु-गर्न लगाउनु पर्दछ ।

(ट) दृष्टिविहीन र बोल्न नसक्ने व्यक्तिहरूको वयान गराउँदा उनीहरूको संरक्षक वा हकवाला भए उनीहरूलाई र नभए निजहरूले रोजेको मानिस राखी निजको इसारा बुझ्ने व्यक्तिले राम्रोसँग इसारा बुझी कागज गराई रोहवरमा त्यसको मतलव निजलाई बुझाउनु पर्दछ र वयान कार्य पूरा भएपछि सो व्यहोरा जनाई प्रमाणित गरिदिनु पर्दछ,

(ठ) बोल्न असमर्थ व्यक्तिको वयान लिनु पर्दा निज लेखपढ गर्न जान्ने रहेछ भने लेखेर वा इसाराद्वारा पनि वयान दिन सक्ने व्यवस्था रहेको हुँदा सोही अनुसार गर्नु पर्दछ,

(ड) नेपाली भाषा नबुझ्ने व्यक्तिको वयान लिँदा दोभाषेको सहयोगबाट अभियुक्तले भनेको कुरा लेखबद्ध गर्नु पर्दछ र वयान कार्य पूरा भएपछि सो व्यहोरा जनाई प्रमाणित गरिदिनु पर्दछ,

ढ) कुनै अभियुक्तले अनुसन्धानको क्रममा वयान गर्न इन्कार गरेमा सोही कुरा वयान गर्न खडा गरिएको कागजमा जनाई अनुसन्धान गर्न ल्याउने कर्मचारीको सहि गराई आफूले पनि सोही व्यहोरामा प्रमाणित गरीदिने ।

ण) शंकित नावालक, जेष्ठ नागरिक, नेपाली भाषा नवुझ्ने अवस्थाको छ की ? नाबालक भए संरक्षकको रोहवरमा गोप्यता कायम हुने गरी वयान गराउने स्थानको व्यवस्था गर्नुपर्छ,

त) जेष्ठ नागरिक भएमा उनीहरूलाई सहज हुने किसिमको वातावरणमा वयान गराउनु पर्छ,

### ३.१.४.६ अभियुक्तको वयानमा नखुलाई नहुने कुराहरुः

(क) शंकितको नाम थर, उपनाम, बाबु एवं आमाको नाम, थर, उमेर, पेशा, हुलिया, स्पष्ट ठेगाना तथा निजको परिचयात्मक विवरण जस्तै नागरिकता, पासपोर्ट, ई-मेल फ्याक्स, टेलिफोन नम्बर, मोवाइल नम्बर र भाइवर नम्बर,

(ख) ठेगाना उल्लेख गर्दा स्पष्ट रुपमा गाउँ, नगर, टोल, गल्ली, मार्ग एवं पहिचान हुने नजिकको अन्य ख्याति प्राप्त ठाउँ समेत खुलाउनु पर्दछ ।

(ग) शंकितको उमेर र निजको उमेरका सम्बन्धमा विवाद उठन सक्ने अवस्था भएमा सम्भव भएसम्म उमेर खुल्ने कागजातहरू जस्तैः नागरिकता, विद्यालय वा शैक्षिक संस्थामा भर्ना हुँदा लेखाएको उमेर, जन्म दर्ता, अस्पतालको अभिलेख आदि संलग्न गर्नु पर्छ , बालबालिकाको हकमा बालन्याय (कार्यविधि) नियमावलीले निर्धारण गरेको उमेर निर्धारणको प्राथमिकताबमोजिम गर्नु पर्दछ ।

(घ) पीडित, जाहेरवाला वा निजको परिवारसंग शंकितको नाता सम्बन्ध, चिनजान, लेनदेन रिसइवि भए नभएको कुरा,

(ङ) शंकितका शब्दमा अपराधको पृष्ठभूमि, अपराधको घटनाक्रम, निजको संलग्नता एवं भूमिका र अपराधको उद्देश्य,

(च) अपराधमा संलग्न समूह वा गिरोह भए सो समूहका अन्य व्यक्तिको नाम थर, उपनाम, बाबुको नाम, थर, पीडित साक्षीको नाम, थर, उमेर, पेशा, हुलिया, स्पष्ट ठेगाना तथा निज फेला पर्न सक्ने कुनै विशेष स्थान वा कार्यालय वा परिचयात्मक विवरण ।

(छ) अपराधमा संलग्न अन्य व्यक्तिहरूसँगको निजको चिनजान, सम्बन्ध, रिसइवी, झैझगडा, लेनदेन कारोवार आदि,

(ज) अपराधमा संलग्न सवै व्यक्तिहरूको भूमिका एवं अपराध पश्चात अपराध लुकाउन छिपाउन संलग्न व्यक्तिको विवरण,

(झ) अपराध भएको मिति, समय र अवधि, वातावरण, अपराध भएको देख्ने वा रोक्न प्रयास भएको भए सो गर्ने व्यक्तिहरू,

(ञ) अपराध घटाउन प्रयोग भएका साधनहरूको विवरण र ती साधनहरूको अवस्था तथा बरामद हुन सक्ने स्थान,

(ट) अपराध पश्चात घटनास्थल वा पीडितबाट लगेका नगदी, जिन्सी सामानहरूको विवरण तथा हाल ती सामानहरू रहेको स्थान,

(ठ) प्रतिवादीको शैक्षिक योग्यता, आर्थिक अवस्था, पेशा, व्यवसाय, चल अचल सम्पत्तिको विवरण तथा पारिवारिक अवस्था,

(ड) बरामद भएको चिज वस्तु प्रतिवादीको वयानबाट सनाखत गराउने ।

### ३.१.४.७ अभियुक्तको वयानमा सहिछाप गरी प्रमाणित गर्नु भन्दा अगाडि सरकारी वकीलले ध्यान दिनुपर्ने कुरा

क)	अनुसन्धान अधिकारीले शंकितलाई गरेका प्रश्नहरू र शंकितले दिएको जवाफ पढी आफूले तयार गरेको चेकलिष्ट अनुरुप आवश्यक प्रश्नहरू सोधिए नसोधिएको तथा मुद्दामा खुलाउनु पर्ने कुराहरू खुले नखुलेको विचार गरी सोध्न खुलाउनु बाँकी कुराहरू भए आवश्यक प्रश्न सोध्न लगाई खुलाउने,

ख)	वयान सम्पन्न भइसकेपछि अनुसन्धान अधिकारी एवं वयान गर्ने अभियुक्तको सहिछाप गराई आफूले समेत सहिछाप गरेर वयान प्रमाणित गरिदिने ।

## ३.२ अभियोजन सम्बन्धी निर्णयका लागि सामान्य मार्गदर्शन

सरकार वादी फौजदारी मुद्दामा अनुसन्धान अधिकारीले अनुसन्धान तहकिकातको कार्य सम्पन्न गरी राय प्रतिवेदन सहित मिसिल र प्रमाण कागज सरकारी वकील समक्ष पेश गरेपछि मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा सरकारी वकीलले गर्ने निर्णय नै अभियोजन सम्बन्धी निर्णय हो । यस्तो निर्णय गर्ने सम्बन्धमा राय प्रतिवेदन सहित मिसिल प्राप्त भएपछि सरकारी वकीलले निम्न कार्य गर्नुपर्दछ ।

### ३.२.१ मुद्दा चल्ने वा नचल्ने निर्णय गर्दा सरकारी वकीलले विचार पुऱ्याउनु पर्ने कुराहरुः

३.२.१.१	राय सहितको प्रतिवेदन र मिसिल प्रमाणहरूको प्रारम्भिक अध्ययन, मूल्यांकन गरी मुद्दा चलाउँने वा नचलाउँने विषयमा निर्णय गर्नु पर्ने यकिन भएपछि सो राय प्रतिवेदन सहितको प्रमाण मिसिललाई कार्यालयको दायरी पुस्तकमा दायर गर्ने,

३.२.१.२ के कति जना अभियुक्तहरू विरुद्ध अभियोग दायर गर्न सकिने ठोस आधारहरू छन् सो कुरा निश्चित गर्ने,

३.२.१.३	अनुसन्धान अधिकारीले के कुन कसूर सम्बन्धमा अनुसन्धान/तहकिकात प्रारम्भ गरेको र हाल के कुन कसूर र अभियोग सम्बन्धमा आफ्नो राय प्रतिवेदन पठाएको रहेछ सो हेरी दुवै अवस्थाहरू बीच तादात्म्यता रहेको वा नरहेको हेर्ने,

३.२.१.४ अभियोगपत्र कुन निकाय समक्ष दायर गर्ने भन्ने कुरा यकीन गर्ने,

३.२.१.५ अभियोगपत्र दायर गरिसक्नु पर्ने हदम्याद बाँकी रहे वा नरहेको यकीन गर्ने,

३.२.१.६ अभियोगपत्र दायर गर्ने निर्णय भएको अवस्थामा के कुन कानून वा कानूनी व्यवस्था अनुसार अभियोग दायर गर्ने हो सो कुरा निश्चित गर्ने,

३.२.१.७ अभियोगपत्र दायर गर्ने सम्बन्धमा अवलम्बन गर्नु पर्ने कार्यविधि यकीन गर्ने,

३.२.१.८ मुद्दा चलाउँने वा नचलाउँने सम्बन्धी सरकारी वकीलको निर्णय प्रमाणमा आधारित बस्तुनिष्ठ

निर्णय भएको हुँदा सरकारी वकीलले कसैको भनसुन, मोलाहिजा, डर, धाक, धम्की एवं कुनै प्रलोभनमा नपरी निष्पक्ष स्वतन्त्र एवं निर्भिक भएर निर्णय गर्ने,

३.२.१.९ मुद्दा चलाउँने वा नचलाउँने निर्णय गर्दा आवश्यकता अनुसार प्रमाण कानून र सर्वोच्च अदालतबाट प्रतिपादन भएका सिद्धान्तहरूलाई आधार मानी गर्ने,

३.२.१.१० एक भन्दा बढी सरकारी वकील कार्यरत रहेको जिल्ला सरकारी वकील कार्यालयमा जिल्ला न्यायाधिवक्ताले कुनै मुद्दा चल्ने वा नचल्ने गरी निर्णय गर्न आफू वा अन्य सहयोगी सरकारी वकीललाई जिम्मेवारी तोक्न सक्ने, त्यसरी तोकिएकोमा तोकिएको सरकारी वकीलले सो मुद्दामा आवश्यक निर्णय गर्ने ।

**३.२.२ मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सन्दर्भमा सरकारी वकीलले गर्न सक्ने निर्णय :-**

३.२.२.१ उपलव्ध सबुद प्रमाणको मूल्यांकनको आधारमा मुद्दा चलाउँने गरी निर्णय गर्ने,

३.२.२.२ उपलव्ध सबूद प्रमाणको मूल्यांकनको आधारबाट केही प्रतिवादीका हकमा मुद्दा चलाउँने र केहीको हकमा नचलाउँने निर्णय गर्ने,

३.२.२.३ पर्याप्त सबूद प्रमाण नभएको वा सार्वजनिक हितका दृष्टिकोणबाट मुद्दा चलाउँनु पर्ने नदेखिएकमा मुद्दा नचलाउँने निर्णय गर्ने,

३.२.२.४ मुद्दा परिवर्तन गरी चलाउँने अर्को निकायमा पठाउने, पीडितलाई नै मुद्दा चलाउँन जानकारी दिने,

**३.२.३ अनुसन्धान तहकिकातबाट सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ वा अन्य कानून अनुसार नेपाल सरकार वादी हुने फौजदारी कसूर नदेखिएमा गर्ने कारवाहीः**

३.२.३.१ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ वा अन्य कानून अनुसार नेपाल सरकार वादी हुने फौजदारी कसूर अन्तर्गत पर्ने भनी तहकिकात गरिएको मुद्दा तहकिकात गर्दै जादा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ वा अन्य कानून अनुसार नेपाल सरकार वादी हुने फौजदारी कसूर अन्तर्गत पर्ने नदेखिएमा सो विषय हेर्ने सम्बन्धित निकायमा पठाउने गरी निर्णय गर्ने ।

३.२.३.२ अनुसन्धान अधिकारीद्वारा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ वा अन्य कानून अनुसार नेपाल सरकार वादी हुने फौजदारी कसूर अन्तर्गत नपर्ने भनी सरकारी वकील समक्ष आवश्यक निर्णयको लागि प्रस्तुत गरेको मिसिल अध्ययन गरी सरकारी वकील पनि सोही निष्कर्षमा पुगेमा सो निर्णय अन्तिम भएपछि सम्बन्धित व्यक्तिलाई सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची-१ वा अन्य कानून अनुसार नेपाल सरकार वादी हुने फौजदारी कसूर अन्तर्गत नपर्ने भन्ने जानकारी गराउने र मर्का पर्ने व्यक्ति प्रचलित कानून बमोजिम आफै नालिस गर्न जान सक्ने भएमा सो कुरा पनि जानकारी गराउने ।

### ३.२.४ प्रतिवादी नभएको वा नखुलेको मुद्दामा वारदातको प्रकृतिबाट तत्काल मुद्दा चल्न नसक्ने देखिएका मुद्दाहरुको निर्णय प्रक्रिया

३.२.४.१ मुद्दा नचलाउँने गरी राय व्यक्त गरेको अवस्थामा उक्त राय सहित मिसिल आवश्यक निकाशाको लागि उच्च सरकारी वकील कार्यालयमा मुद्दाको सक्कलै मिसिल साथ पठाउने ।

३.२.४.२ मुद्दा नचलाउँने राय सहित निकाशाको लागि उच्च सरकारी वकील कार्यालयमा पठाउँदा मुद्दा चलाउँनु पर्ने भयो भने पनि हदम्याद जाने/नजाने कुरा पहिले नै यकिन गर्ने ।

३.२.४.३ जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुद्दा नचलाउँने राय सहित निकाशाको लागि उच्च सरकारी वकील कार्यालयमा पठाएकोमा सो कार्यालयले मिसिल अध्ययन गरी थप अनुसन्धान गर्न पर्ने देखेमा आधार र कारणहरू समेत उल्लेख गरी थप अनुसन्धान गर्न सम्बन्धित कार्यालयमा पठाउने गरी मिसिल जिल्ला सरकारी वकील कार्यालयमा फिर्ता पठाउने ।

३.२.४.४ जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुद्दा नचलाउँने गरी व्यक्त गरेको राय अनुसार उच्च सरकारी वकील कार्यालयबाट पनि मुद्दा नचलाउँने गरी अन्तिम निर्णय भएकोमा जिल्ला सरकारी वकील कार्यालय मार्फत सो मुद्दाको मिसिल कागजात तथा पेश गरेका चीजबस्तुहरू सम्बन्धित अनुसन्धान गर्ने निकायमा फिर्ता पठाउने ।

३.२.४.५ मुद्दा नचलाउँने निर्णय निकाशा भै उच्च सरकारी वकील कार्यालयबाट अन्तिम भएको मुद्दाको मिसिल कागजात तथा अन्य चीजबस्तुहरू अनुसन्धान अधिकारी समक्ष फिर्ता पठाउँदा सरकारी वकीलले अनुसन्धान अधिकारीको राय प्रतिवेदनको एक प्रति आफूसँग सुरक्षित साथ राख्ने ।

३.२.४.६ मुद्दा नचलाउँने निर्णय भै मिसिल कागजात तथा अन्य चीजबस्तुहरू फिर्ता पठाउँदा पछि खोजी भएका बखत पेश गर्ने गरी सुरक्षित साथ राख्ने निर्देशन सहित अनुसन्धान अधिकारीलाई लेखी फिर्ता पठाउने ।

### ३.२.५ प्रतिवादी खुलेको तर प्रमाणको अपर्याप्तता वा सार्वजनिक हितका दृष्टिले मुद्दा चलाउँन उपयुक्त नभएको अवस्थामा मुद्दा नचल्ने निर्णय गर्दा पुऱ्याउनु पर्ने प्रक्रियाः

**स्पष्टीकरणः**

(क) प्रमाणको अपर्याप्तताको अवस्थाः फौजदारी मुद्दा प्रमाणको आधारमा चलाइनु पर्दछ । सबुद प्रमाण संकलनमा त्रुटी भई वा अन्य कारणले कुनै अपराधमा अदालत वा अन्य न्यायिक निकाय वा मुद्दा हेर्ने अधिकारीले सजाय गर्न प्रमाणको कमी भएको भन्ने स्पष्ट देखिएमा त्यस्तो अवस्था प्रमाणको अपर्याप्तताको अवस्था मानिनेछ ।

(ख) सार्वजनिक हितको अवस्थाः कतिपय फौजदारी अपराधका घटनामा कसैले कसूर गरेको भन्ने पुष्टि हुँदा हुँदै पनि मुद्दा चलाउदा भन्दा नचलाउदा देश र समाजको बृहत्तर हित (Serve

of the larger interest of the state or society) हुन्छ भने त्यस्तो अवस्थालाई सार्वजनिक हितको अवस्था मानिनेछ । यस्तो अवस्थामा स्थितिको सहि समीक्षा प्रस्तुत गरी व्यक्तिगत पक्षपात, मोलाहिजा वा स्वार्थबाट प्रेरित नभई आधार र कारण खुलाएर मुद्दा चलाइने छैन् । यो अवस्थालाई सार्वजनिक हित परीक्षणको अवस्था (Public Interst test) भनिने छ । सामाजिक, धार्मिक वा साम्प्रदायिक तनाबबाट उत्पन्न कुनै असाधारण स्थितिमा तत्कालीन आवेश वा उन्मादको फलस्वरुप भएको अपराध सम्बन्धी मुद्दा चलाउँदा सामाजिक, धार्मिक वा साम्प्रदायिक सहिष्णुता वा सद्भाव खलबलिई अशान्ति उत्पन्न हुने सम्भावना छ र मुद्दा नचलाउँदा त्यसो नहुने सम्भावना छ भने, मुद्दा चलाउँदा राष्ट्रको अन्य कुनै मित्र राष्ट्रसँगको कुटनैतिक सम्बन्ध वा सद्भावमा खलल उत्पन्न हुने सम्भावना छ र मुद्दा नचलाउँदा त्यसो नहुने सम्भावना छ भने, मुद्दा चलाउदा शिक्षण संस्थाहरू, उद्योग प्रतिष्ठान, यातायात लगायतका आम जनसमुदायका दैनिक जीवनका आधारभूत सेवाहरू ठप्प हुने लगायत समाजमा अशान्ति उत्पन्न हुने अवस्था छ र मुद्दा नचलाउँदा त्यसो नहुने सम्भावना छ भने वा मुद्दा चलाउँदा भन्दा नचलाउँदा देश र समाजको हित हुने यस्तै अरु अवस्था छ भने फौजदारी मुद्दा चलाउँने नचलाउँने सम्बन्धी निर्णय गर्ने सम्बन्धमा त्यसलाई सार्वजनिक हितको परीक्षणको अवस्था मानिनेछ ।

३.२.५.१ अनुसन्धान अधिकारीले प्रस्तुत गरेको राय सहितको प्रतिवेदन र संलग्न सबूद प्रमाणको मूल्यांकनको आधारमा पर्याप्त प्रमाण नभएको वा सार्वजनिक हितका दृष्टिबाट मुद्दा चलाउँन उपयुक्त नभएको कारण कुनै वारदात सम्बन्धी मुद्दा नचल्ने निर्णय गर्नु पर्ने हुन्छ । यसरी निर्णय गर्दा सरकारी वकीलले मुद्दा चलाउँन नसकिने आधार र कारणहरू उल्लेख गरी छुट्टै निर्णय पुस्तिकामा निर्णय गर्ने ।

३.२.५.२ मुद्दा नचलाउँने निर्णय भएकोमा प्रहरी हिरासतमा कुनै व्यक्ति रहेछ र निजलाई उपस्थित गराइएको रहेछ भने तत्कालै हिरासतबाट मुक्त गर्न लेखी पठाउने ।

३.२.५.३ मुद्दा नचलाउँने गरी निर्णय गरेको अवस्थामा सरकारी वकीलले आफ्नो निर्णय जाँच हुन र सो निर्णय उपर निकाशा माग गर्दै उच्च सरकारी वकील कार्यालयमा मुद्दाको सक्कलै मिसिल पठाउने ।

३.२.५.४ जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुद्दा नचलाउँने गरी निर्णय गरी निकाशाका लागि उच्च सरकारी वकील कार्यालयमा पठाएकोमा सो कार्यालयका सह-न्यायाधिवक्ताले मिसिल अध्ययन गरी मुद्दा चलाउँनु पर्ने देखेमा मुद्दा चलाउँने आधार र कारणहरू समेत उल्लेख गरी मिसिल जिल्ला सरकारी वकील कार्यालयमा पठाउने ।

३.२.५.५ जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुद्दा नचलाउँने गरी गरेको निर्णय मनासिब देखेमा उच्च सरकारी वकील कार्यालयका सह-न्यायाधिवक्ताले आफ्नो समेत राय समावेश गरी अन्तिम निकाशाको लागि महान्यायाधिवक्ता समक्ष पठाउने ।

३.२.५.६ मुद्दा नचलाउँने अन्तिम निकाशा भै आएमा जिल्ला सरकारी वकीलले मिसिल कागजात तथा अन्य चीज बस्तुहरू सम्बन्धित अनुसन्धान अधिकृत कहाँ फिर्ता पठाउने, यसरी फिर्ता पठाउँदा अनुसन्धान अधिकारीको राय प्रतिवेदनको एकप्रति आफूसँग सुरक्षित साथ राख्ने ।

३.२.५.७ मुद्दा नचलाउँने निर्णय भै मिसिल कागजात तथा अन्य चीज बस्तुहरू फिर्ता पठाउँदा पछि खोजी भएका बखत पेश गर्ने गरी सुरक्षित साथ राख्ने निर्देशन सहित अनुसन्धान अधिकारीलाई लेखी फिर्ता पठाउने ।

### ३.२.६. मुद्दा नचल्ने निर्णय गर्दा जानकारी दिनु पर्ने

३.२.६.१ सरकारी वकीलले सरकार वादी फौजदारी मुद्दा चल्ने वा नचल्ने गरी गरेको निर्णयको जानकारी पाउने अधिकार सरोकारवाला वा पीडित वा सम्बन्धित निकायलाई रहने हुँदा सरकारी वकीलले यस्तो निर्णयको जानकारी सम्बन्धित सरोकारवाला व्यक्ति वा निकायलाई गराउने ।

### ३.२.७ आंशिक रुपमा मुद्दा चलाउने निर्णय भएकोमा पुऱ्याउनु पर्ने प्रक्रिया

३.२.७.१ आंशिक रूपमा मुद्दा चलाउँने निर्णय भएको अवस्थामा सरकारी वकीलले के कुन आधारमा आंशिक निर्णय गरेको हो सो आधार र कारणहरू निर्णय पुस्तिकामा जनाउने ।

३.२.७.२ आंशिक निर्णय गरी अभियोग पत्र दायर गरेपछि सो मुद्दामा अनुसन्धान अधिकारीको राय सहितको प्रतिवेदन, सरकारी वकीलको निर्णयको प्रतिलिपि तथा अभियोग पत्रको प्रतिलिपि सहितको छुट्टै मिसिल खडा गरी सो को लिखित जानकारी सम्बन्धित उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा अनिवार्य रूपमा पठाउने ।

३.२.७.३ उच्च सरकारी वकील कार्यालयले पनि सो निर्णय हेरी जाँची, ठीक बेठीक छुट्याई जिल्ला सरकारी वकीलको निर्णयमा कुनै कैफियत देखिएकोमा के कुन कुराहरूमा कैफियत देखिएको हो खुलाई सो कुराको जानकारी लिखित रूपमा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयलाई र महान्यायाधिवक्ताको कार्यालयमा समेत पठाउने ।

३.२.७.४ महान्यायाधिवक्ताको कार्यालयले मातहतका जिल्ला सरकारी वकील कार्यालयको आंशिक निर्णय अध्ययन वा जाँच गर्दा सो विषयको सम्पूर्ण मिसिल अध्ययन गर्नु पर्ने देखेमा मुद्दाको कारवाहीलाई प्रतिकूल असर नपर्ने गरी मुद्दाको सम्पूर्ण मिसिल झिकाई अध्ययन गर्न सक्ने ।

३.२.७.५ महान्यायाधिवक्ताको कार्यालयले प्राप्त मिसिल कागजातहरू अध्ययन गरी जिल्ला सरकारी वकीलको आंशिक निर्णयमा कुनै कैफियत देखिएको अवस्थामा आवश्यक कारवाही गर्न र भविष्यमा त्यस्तो गल्ती दोहोरिन नदिन आवश्यक व्यवस्था गर्न सक्ने ।

### ३.२.८ अनुसन्धान अधिकृतको राय प्रतिवेदन प्राप्त भएपछि अभियोजन सम्बन्धी निर्णय गर्ने सम्बन्धमा सरकारी वकीलले विचार गर्नुपर्ने अन्य कुराहरु:-

३.२.८.१ प्रथमतः जुन निकाय वा पदाधिकारीले अनुसन्धान गरी मिसिल प्रमाण पठाएको छ सो विषयमा अनुसन्धान गर्ने निजको कानूनी अधिकार छ छैन ?

३.२.८.२ तहकिकात पूरा गरी म्याद भित्रै राय सहितको प्रतिवेदन पठाएको छ छैन ?

३.२.८.३ अनुसन्धान अधिकारीले अनुसन्धान तहकिकात गर्दा अनिवार्य रुपले पूरा गर्नु पर्ने कार्यविधि एवं प्रक्रियाहरू अनुशरण गरेको छ वा छैन ?

३.२.८.४ जुन कसूरको सम्बन्धमा अनुसन्धान गरेको हो सो अभियोग सम्बन्धी कसूर सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ वा सो ऐनको दफा ३१ अन्तर्गत पर्ने हो वा होइन ?

३.२.८.५ अनुसन्धान अधिकारीद्वारा प्रस्तावित कसूरको सम्बन्धमा प्रचलित ऐन कानूनले दण्ड सजायको व्यवस्था गरेको छ वा छैन ?

३.२.८.६ क्षतिपूर्ति भराउनु पर्ने अवस्थामा पीडितको चल अचल सम्पत्तिको विवरण संकलन गरिएको छ, छैन ? क्षतिपूर्ति वा उपचार खर्च के कति भराई पाउने हो सो स्पष्ट छ छैन ?

३.२.८.७ पीडितको शारीरिक जाँच वा अन्य विशेषज्ञको जाँच प्रतिवेदन झिकाई मिसिल सामेल राखिएको छ छैन ? सो बुझिने गरी लेखिएको छ छैन ?

३.२.८.८ पीडितको कुनै धनमाल, नगद वा दशी समान अनुसन्धानको क्रममा लिएको भए सो सामान र प्रमाणको रुपमा बरामद गरिएका अन्य दशीका सामानहरू सुरक्षित र सावुत हालतमा छन् छैनन् ?

३.२.८.९ पीडित लगायत साक्षीको स्पष्ट नाम, थर, वतन र भएसम्म सम्पर्क फोन, इमेल आदि प्रष्टसँग खुलाएको छ छैन ?

३.२.८.१० पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने प्रकृतिको भए राखे नराखेको एकिन गरी गोप्य राख्ने व्यवस्था मिलाउने ।

३.२.८.११. पीडित बालबालिका भए निजको उमेर एकिन गर्ने प्रमाण मिसिलमा छ छैन ? उमेर एकिन गर्ने क्रममा बालन्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ को क्रमलाई ध्यान दिइएको छ छैन ?

३.२.८.१२. सरकार वादी फौजदारी मुद्दा चल्न नसक्ने अवस्थाको देखिएमा पीडितले न्याय प्राप्त गर्न सक्ने के कस्तो उपचारको बाटो हुन सक्छ सो बारेको कानूनी प्रकृया सहित पीडितलाई जानकारी दिने ।

३.२.८.१३ अदालतमा मुद्दा दायर गरेपछि पीडितलाई सुरक्षा वा संरक्षण सम्बन्धी कुनै कार्य गर्नु पर्ने भएमा सो को उल्लेख गर्ने र सुरक्षा निकाय वा अदालतसँग आवश्यक समन्वय गर्ने

## ३.३ अभियोगपत्रको तयारी र मुद्दाको दायरीका लागि सामान्य मार्गदर्शनः

३.३.१ अभियोगपत्र तयार गर्दा विचार गर्नुपर्ने आवश्यक मूलभूत पक्षहरू

(क) शीर्ष वा परिचय खण्ड

१) जाहेरवाला वा पीडितको गोप्यता कायम गर्नुपर्ने अवस्थादेखि बाहेक जाहेरवाला वा प्रतिवेदकको नाम, थर, वतन (खोजेका बेला फेला पर्न सक्नेसम्मको विवरण) उल्लेख गर्नुपर्छ । यदि गोप्यता

कायम गर्नुपर्ने अवस्था छ भने अनुसन्धानका क्रममा राखिएको सांकेतिक नाम र वतन उल्लेख गर्नुपर्छ ।

२) अभियोग पत्र कुन कानून अनुसार पेश गरेको र कुन निकायमा प्रस्तुत गरिने हो सो कुरा ।

३) अभियुक्तको पहिचान (Identity) स्पष्ट हुनु पर्छ ।

४) विदेशी नागरिकको हकमा स्थायी वतन र नेपालभित्रको अस्थायी वतनको उल्लेख

५) जिल्ला अदालत नियमावली, २०५२ को नियम १९क. बमोजिमका परिचयात्मक विवरण

६) प्रतिवादीको नाम, थर, वतन, घर नम्वर, उमेर, खुल्न सकेमा नागरिकता नम्वर पासपोर्ट नम्वर, ई-मेल, फ्याक्स, टेलिफोन नम्बर र प्रतिवादीका वावुको नाम, थर, वतन ( नियम १९क.(१)

७) मुद्दाको नाम अर्थात अभियुक्तले बुझ्ने गरी अभियोग लगाउन खोजेको अपराधको नामाकरण

(ख) तथ्यगत खण्डः यस खण्डमा अनुसन्धानबाट प्राप्त मुद्दाको तथ्य उल्लेख हुन्छ ।

१) अपराध सम्बन्धी सूचना (जाहेरी दर्खास्त) को छोटकरी व्यहोरा र वारदात बारे संक्षिप्त विवरण

२) अभियुक्तहरूले बारदात तथा अभियोग सम्बन्धमा व्यक्त गरेको वयानको छोटकरी व्यहोरा ।

३) साक्षीको रुपमा प्रस्तुत गरिने व्यक्तिहरूले वारदात सम्बन्धमा व्यक्त गरेको कुरा, संकलित प्रमाण, भौतिक चिजवस्तुको परीक्षणबाट देखिएको अवस्था,

ग) अभियोग खण्ड

१) अभियोग खण्डमा पनि पहिलो भागमा अपराधिक कार्य स्थापित गरिन्छ ।

२) परीक्षण भएका भौतिक प्रमाण, परीक्षण प्रतिवेदन, विशेषज्ञको राय, अन्य प्रमाणसँगको सम्बद्धतालाई सिलसिलेवार र विश्लेषणयुक्त तरिकाले देखाउन सकेमा लगाइएको अभियोग पुष्टि गर्न मद्दत पुग्दछ ।

३) प्रतिवादीवाट भएको कुन कार्यले कुन ऐनको कुन दफा वमोजिमको कसूर भएको भन्ने कुरा स्थापित गर्नुपर्छ ।

४) दोस्रो भागमा अपराधको कार्यशैली कसूरको योजनाकार, मुख्य कसूरदार, दुरुत्साहनकर्ता, मतियार, षडयन्त्रकारी, सहयोगीको कसूरमा भएको भूमिकासहित सिंगो अपराधिक कार्यको विवेचना गर्नुपर्छ ।

५) तेस्रो भागमा प्रत्येक अभियुक्तको भूमिका र कार्य सो पुष्टि गर्ने सबूद प्रमाणको विवेचना, सान्दर्भिक ऐन कानूनको आधारमा अभियुक्त पिच्छे छुट्टाछुट्टै अभियोग उल्लेख गर्नु पर्दछ ।

६) अभियुक्तको पटकको आधारमा, कसूरमा संलग्न समूह वा कसूरदारको अवस्था, कसूरको प्रकृति, पीडितको उमेर वा शारीरिक वा मानसिक अवस्थाको आधारमा कुनै कानून वमोजिम कुनै कसूरको सन्दर्भमा थप सजाय गर्ने व्यवस्था गरेको भए सो थप सजायको माग स्पष्ट रुपमा गर्ने ।

७) अभियोग पत्र तयार गर्दा संकलित सबूद प्रमाणबाट कुनै व्यक्तिले एक वा एकभन्दा बढी कसूर गरेको देखिएमा सम्बन्धित सबै ऐनको माग दावी लिनु पर्दछ ।

८) बिगो भराउनु पर्ने मुद्दा भए अभियुक्तहरू मध्ये कुन कुन अभियुक्तबाट के कति क-कस्लाई भराई दिनु पर्ने हो सो कुराको विवरण स्पष्ट रुपमा खुलाउनु पर्दछ ।

९) अभियोग पत्रसाथ पेश गरिने साक्षी प्रमाण, दशी प्रमाण, भौतिक प्रमाण तथा लिखत प्रमाणहरू कानून बमोजिम संकलन गरिएका अदालतबाट प्रमाणको रुपमा ग्रहण गरिने हुनु पर्दछ ।

१०) अपराधबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने वा क्षति नपुगेको भएपनि कानून बमोजिम कुनै रकम पीडितलाई दिलाई भराई दिनु पर्ने भए सो कुराको माग दावी पनि स्पष्ट रुपमा खुलाउनु पर्दछ ।

११) अभियोग पत्र दायर गर्दाको अवस्थासम्म पनि पक्राउ पर्न नसकेको अभियुक्तका हकमा "अदालतबाटै वारेन्ट, म्यादी पूर्जी अथवा समाह्वान म्याद जारी गरी पाउँ" भन्ने व्यहोरा समेत किटान गरी उल्लेख गरिएको हुनु पर्दछ ।

१२) अनुसन्धान तहकिकात भएको मुद्दाको मिसिल कागजातको अध्ययनबाट प्रतिवादीहरू मध्ये केही पक्राउ परी वा आफै उपस्थित भएको, केहीको नाम, थर, बतन खुल्न सके पनि तत्काल पक्राउ पर्न नसकी फरार रहेको अवस्था बाहेक तत्काल फरार रही नाम थर बतन खुल्न नसकेका व्यक्तिहरूका हकमा पछि आवश्यक विवरण पत्ता लागे वा पक्राउ परेमा छुट्टै अभियोगपत्र प्रस्तुत गरिने कुरा उल्लेख गर्नु पर्दछ ।

१३) अभियोग पत्रको अन्तिममा अभियोग पत्र प्रस्तुत गर्ने सरकारी वकीलको नाम, दर्जा स्पष्ट बुझिने अक्षरमा लेखी (टाईप गरी) सहिछाप गरी मिति समेत जनाउनु पर्दछ। अभियोग पत्र कुन मितिमा प्रस्तुत गरेको हो भन्ने कुरा सबैभन्दा पुच्छारमा उल्लेख गर्नुपर्छ ।

१४) मुद्दाको तथ्य र प्रमाणबाट स्थापित तथ्य र आरोपित कसूर बीच तादात्म्यता हुनुपर्छ ।

१५) एउटै बारदातमा फरक फरक अभियुक्त उपर फरक प्रकृतिको कसूर कायम हुन सक्दैन । जस्तैः ज्यान सम्बन्धीको १३ र १४ नं.

१६) एकभन्दा बढी कसूर कायम भएमा प्रत्येक कसूरको प्रष्ट उल्लेखन र मागदावी हुनुपर्छ

१७) अभियोगपत्रको भाषा सोझो र स्पष्ट हुनुपर्छ । अभियोगलाई खम्विर बनाउने भाषाको प्रयोग गर्नुपर्छ ।

१८) अभियोगपत्रमा अभियोग स्थापित गर्ने विषयदेखि बाहेक अन्य अनावश्यक कुरा लेख्नु हुँदैन ।

घ) सवुत प्रमाणको प्रस्तुति खण्ड

१) सवूत प्रमाण खण्डमा प्रत्येक प्रमाणको स्पष्ट पहिचान हुने गरी विवरण दिनुपर्छ ।

२) दसीका समान बरामद दसी प्रमाणको सिलसिलेवार उल्लेख गर्नु पर्छ ।

३) भौतिक प्रमाणको परीक्षण प्रतिवेदन प्राप्त नभएको भए प्राप्त भएपछि पेश गर्ने कुरा उल्लेख गर्नुपर्छ ।

४) जुन साक्षीको भनाई प्रमाणको रुपमा ग्राह्य हुन्छ सो साक्षीको पहिचान गरी त्यस्ता साक्षीको पहिचान खुल्ने स्पष्ट विवरण लेख्नु पर्छ ।

५) साक्षीको विवरणमा सवै साक्षीको नाम, थर, उपनाम भए उपनाम समेत र खोजेको समय फेला पर्ने गरी वतन, फोन नं. भए सो समेत स्पष्ट लेख्नु पर्छ ।

६) संकलित कागजातहरूको मिति सहित विषय र पाना संख्या उल्लेख गरी सिलसिलेवार विवरण राख्नु पर्छ ।

७) अभियोगपत्रको अन्त्यमा अदालत र मुद्दा हेर्ने अधिकारीसँग कारवाही शुरु गर्न माग गरी सरकारी वकीलको दस्तखत, स्पष्ट नाम, दर्जा, कार्यालय र मिति उल्लेख गर्नुपर्छ ।

### ३.३.२ अभियोगपत्र दर्ता गर्दा विचार पुऱ्याउनु पर्ने कुरा

(क) अभियोगपत्र दायर गर्न विशेष अनुमति वा स्वीकृति लिनु पर्ने भएमा सो लिने प्रक्रियाः

अभियोगपत्र दायर गर्दा नेपाल सरकारको वा नेपाल सरकारबाट अधिकार प्राप्त अधिकृतको वा कुनै कानूनद्वारा तोकिएको कुनै अधिकृत वा निकायको पूर्व स्वीकृति चाहिने भएमा त्यस्तो स्वीकृतिको लिखित प्रति समेत प्राप्त गरी मिसिल संलग्न राख्नु पर्दछ । जस्तै :- कालो बजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२, लागू औषध (नियन्त्रण) ऐन, २०३३

(ख) अभियोगपत्र दर्ता गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरू

१) अभियोगपत्र दायर गर्दा अनुसन्धान अधिकारीले संकलन गरेका सबै सबुद प्रमाणहरू संलग्न राख्नु पर्दछ ।
२) अभियोगपत्र दायर गर्दा थुनुवा भए थुनुवा सहित पेश गर्नु पर्दछ ।

### ३.३.३ थप वा पुरक अभियोगपत्र दायर गर्ने सम्बन्धी प्रकृया

नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा अदालतमा फिरादपत्र, प्रतिउत्तर वा वयानबाट अरू पनि अभियुक्त हुन् वा छन् भनी उसै मानिसले पछि थप्न वा लेखिदिन पाइदैन । तर अभियोगपत्र दायर भएकोमा भने पछि भेटिएको सबुद प्रमाणबाट अन्य मानिसहरू पनि सो अपराधमा संलग्न रहेको पाइएमा अरू अभियुक्तको नाम थप्नको लागि सरकारी वकीलले पुरक अभियोगको रूपमा पुनः पेश गर्न सक्ने कानूनी व्यवस्था रहेको छ ।

कतिपय फौजदारी मुद्दाका अभियुक्तहरू तत्काल फरार रहेको कारण एकिन रूपमा अभियुक्तहरू पहिचान हुन नसकी निजहरूको हकमा प्रभावकारी अभियोजन हुन नसकेका हुन्छन् । तर केही अभियुक्तहरू पक्राउ परेको कारण पक्राउ परेकाको हकमा समेत म्याद भित्रै मुद्दा दायर गरिसक्नु पर्ने फरारीहरूलाई कुरेर अभियोजन गर्न प्रचलित कानूनी व्यवस्थाले नमिल्ने भएकाले त्यस्ता अभियुक्तहरूको सम्बन्धमा तत्कालै एकिन अभियोजन गर्न सम्भव नहुने भएको हुँदा पछि त्यस्ता अभियुक्तहरू पक्राउमा परे वा निजहरूको नाम, थर, बतन खुल्न आएको अवस्थामा निजहरूको हकमा पहिलेकै अभियोगमा थप हुने गरी मुलुकी ऐनको अ.बं. ८८ नं. अनुसार छुट्टै पुरक अभियोग पत्र अदालतमा प्रस्तुत गर्नुपर्दछ ।

# परिच्छेद–चार

# विशेष प्रकृतिका मुद्दामा सरकारी वकीलहरूका लागि मार्गदर्शन

## ४.१ महिला संलग्न मुद्दामा सरकारी वकीलका लागि मार्गदर्शन

सरकारी वकीलले महिला संलग्न मुद्दामा परिच्छेद तीनमा उल्लिखित सामान्य मार्गदर्शनका अलावा निम्न विषयमा थप ध्यान दिनु पर्दछः

### ४.१.१ मुद्दाको अनुसन्धानमा सरकारी वकीलको भूमिका

४.१.१.१ महिलामैत्री अनुसन्धान वातावरण बनाउन लगाउने,

४.१.१.२ अनुसन्धान कार्यमा उपलब्ध भएसम्म महिला अनुसन्धान अधिकृत खटाउन पहल गर्ने,

४.१.१.३ महिला संलग्न मुद्दामा महिलाको मनोबल खस्कन नदिन परिवार वा आफन्तसँग भेटघाट गर्नको लागि अनुकूल वातावरण मिलाउन लगाउने,

४.१.१.४ पीडितको समयमै शारीरिक परीक्षण गर्ने साथै भौतिक सबुत प्रमाणहरूको संकलन गरी परीक्षणको लागि पठाउन लगाउने,

४.१.१.५ शारीरिक परीक्षणबाट स्थापित गराउनु पर्ने कुराको परीक्षण गर्न लगाउने (जस्तोः जबरजस्ती करणी मुद्दामा गर्भवती अवस्थाको भन्ने पीडितको भनाइ भएमा गर्भवती भए नभएको परीक्षण गराउनु पर्ने),

४.१.१.६ मानव बेचबिखन मुद्दाका पीडितबाट खुलाउनु पर्ने सूचनाहरू, जस्तो प्रतिवादीको पीडितसँगको भेट, फुक्याएको, करकाप गरेको वा फकाएको पृष्ठभूमि, लैजान परिपञ्च मिलाउने मानिस, विदेश लगेको भए विदेश लगेको रुट, बास बसेको होटल, बस वा रेलको टिकट लगायत घटनाको प्रकृतिको आधारमा पाउँन सकिने सम्बद्ध प्रमाण खुलाउन लगाउने साथै उक्त घटना सम्बद्ध त्यस्ता सबुत प्रमाणहरू संकलन गराउने,

४.१.१.७ पीडितको कागज गराउँदा मुद्दासँग आवश्यक कुराहरू मात्र सोध्ने, आत्मसम्मानको ख्याल गर्दै अपमानजनक शब्द वा भाषाको प्रयोग नगर्ने, सहज वातावरण, दोभाषेको सुविधा जस्ता कुराहरूमा अनुसन्धान अधिकारीलाई निर्देशन दिनुपर्ने ।

### ४.१.२ पीडित महिलाको संरक्षणमा सरकारी वकीलको भूमिका

सरकारी वकीलले पीडित महिलाको संरक्षणमा देहायको कुरामा विशेष ध्यान दिनुपर्छः

४.१.२.१ पीडितको उद्धार, सुरक्षा एवं संरक्षण गर्नुपर्ने अवस्था भए अविलम्ब आवश्यक समन्वय गरी गर्न लगाउने,

४.१.२.२ पीडितको उपचार गर्नु पर्ने भएमा समयमै उपचार गराउने,

४.१.२.३ पीडितलाई मनोसामाजिक परामर्श दिनु पर्ने भए सो गर्न लगाउने,

४.१.२.४ संविधानले प्रत्याभूत गरेको पीडितको अधिकारको संरक्षण गर्ने विषयमा सुरु देखिनै सतर्कता अपनाउने,

४.१.२.५ जीवन र स्वतन्त्रताको संरक्षणको लागि आवश्यक उपाय अपनाउने, प्रतिवादीको तर्फबाट हुन सक्ने डर, धाक धम्कीबाट सुरक्षा दिने,

४.१.२.६ पीडितको कागज गराउँदा सत्य तथ्य खोल्न संभव हुने गरी उपयुक्त वातावरण मिलाउने र समयमा कागज गराउने,

४.१.२.७ पीडित सहजताको लागि निजले रोजेको साथी वा निकटको मानिसको रोहवरमा सोधपुछ गर्न उपयुक्त भएमा गर्ने,

४.१.२.८ नावालक पीडितको कागज गराउदा संरक्षकको रोहवरमा गराउन लगाउने,

४.१.२.९ अपराध गर्नेलाई कानुन बमोजिम सजाय दिलाउन पीडितले अनुसन्धानकर्ताहरूलाई गर्नुपर्ने सहयोगको वारेमा पीडित पक्षसँग समन्वय गरी आवश्यक छलफल गर्ने,

४.१.२.१० अपराध पीडितहरूलाई प्राप्त हुने राहत एंव क्षतिपूर्ति उपलब्ध गराउन सकृय पहल गर्ने ।

४.१.२.११ अपराध पीडित तथा साक्षी सहायता निर्देशिका, २०७३ बमोजिमका कार्य गर्ने ।

### ४.१.३ शंकित महिलाको मानव अधिकार संरक्षणमा सरकारी वकीलको भूमिका

४.१.३.१ सरकारी वकील समक्ष वयानका लागि उपस्थित गराइएको शंकित महिलाका फौजदारी न्याय सम्बन्धी अधिकारहरूको संरक्षण भए नभएको सम्बन्धमा ध्यान दिनुपर्ने,

४.१.३.२ शंकितका अधिकारको रक्षाका लागि अनुसन्धान अधिकारीलाई सजग र उत्प्रेरित गर्ने,

४.१.३.३ शंकितका मानवअधिकारको सम्मान गरी संकलन भएका प्रमाणहरूको ग्राह्यताका सम्बन्धमा छलफल गरी संकलित प्रमाणको बैधानिकता स्थापित गराउने,

४.१.३.४ शंकित महिला हिरासतमा रहदा निजले शारीरिक तथा मानसिक क्षति बेहोर्न नपर्ने वातावरण तयार गर्ने गराउने,

४.३.५ मुद्दा चल्ने वा नचल्ने निर्णय गर्दा सरकारी वकीलले शंकित महिलाको मानव अधिकारलाई ख्याल गरी न्यायमा विचलन आउँने अवस्था सृजना हुन नदिने ।

### ४.१.४ पीडित महिलाको अधिकारको संरक्षणमा सरकारी वकीलको भूमिका

पीडितको अधिकारको संरक्षणका लागि सरकारी वकीलले निर्वाह गर्नुपर्ने मुख्य भूमिका निम्न अनुसार उल्लेख गर्न सकिन्छः

४.१.४.१ पीडितको न्याय प्राप्तिको अधिकारको संरक्षण हुने गरी क्षतिपूर्ति र उपचार खर्च भराई पाउने मुद्दामा पीडकको सम्पत्तिको विवरण संकलन गर्न लगाई पीडितले पाउने क्षतिपूर्तिको एकिन गरी प्रष्ट रुपमा उल्लेख गर्ने,

४.१.४.२ विशेषज्ञको परीक्षण प्रतिवेदन, पीडित वा प्रतिवादीको शारीरिक जाँच प्रतिवेदन प्रष्ट छ, छैन तथा मुद्दाको अन्य प्रमाणसँग तादात्म्य छ,, छैन हेरी अस्पष्ट भए प्रष्ट गर्न लगाउने,

४.१.४.३ पीडितको धनमाल, नगद वा अन्य सामान बरामद भएको वा अनुसन्धानको क्रममा लिएको भए त्यसको प्रष्ट उल्लेखन गर्ने र त्यसलाई सावुत हालतमा सुरक्षित रुपमा राख्न लगाउने,

४.१.४.४ पीडित र साक्षीको नाम, उपनाम, बाबुको नाम, थर, पीडित साक्षीको नाम, थर, उमेर, पेशा, हुलिया, वतन अर्थात ठेगाना तथा निज फेला पर्न सक्ने कुनै विशेष स्थान वा कार्यालय वा परिचयात्मक विवरण जस्तै नागरिकता, पासपोर्ट, ई-मेल, फ्याक्स, टेलिफोन नम्बर भए सो समेत खुलाउन लगाउने । ठेगाना उल्लेख गर्दा उपलब्ध भएसम्म गाऊँ, नगर, टोल, गल्ली, मार्ग तथा उक्त स्थानको कुनै विशेष पहिचान भएमा सो समेत खुलाउने,

४.१.४.५ अनुसन्धानबाट सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्र नभएको वा सरकार वादी भई चल्न नसक्ने मुद्दा भएमा पीडितले न्याय प्राप्तिका लागि अपनाउनु पर्ने उपाय तथा जानु पर्ने निकाय एवं सो को हदम्यादका सम्बन्धमा पीडितलाई प्रष्ट रुपमा जानकारी गराउने ।

### ४.१.५ अभियोगपत्र तयार गर्दाका अवस्थामा निर्वाह गर्ने भूमिका

महिला संलग्न भएका मुद्दामा सरकारी वकीलले अभियोजन गर्दा सामान्य मार्गदर्शनका अतिरिक्त निम्न कुराहरूमा ध्यान दिनु पर्दछ :

४.१.५.१ पीडितले कानून बमोजिम प्राप्त गर्नुपर्ने क्षतिपूर्ति, हर्जाना वा सुविधाको स्पष्ट उल्लेख हुनुपर्छ । यसको लागि पीडकको सम्पत्ति रोक्का राख्नुपर्ने भएमा त्यसको स्पष्ट मागदाबी गरिनु पर्दछ,

४.१.५.२ कसूर वा आरोप, माग गरिएको दण्ड, सजाय र व्यहोर्नु पर्ने क्षतिपूर्तिको स्पष्ट उल्लेख हुनु पर्छ,

४.१.५.३ पीडित वा प्रतिवादीको परिचयात्मक विवरण गोप्य राख्नुपर्ने भएमा, बाल इजलास वा बन्द इजलासबाट हेरिने वा निरन्तर सुनुवाइ हुनुपर्ने मुद्दा भएमा सो सम्बन्धमा उल्लेख गर्नु पर्छ,

४.१.५.४ पीडित वा साक्षीको स्पष्ट वतन, सम्पर्क फोन, इमेल, नागरिकता नं समेत उल्लेख गर्नु पर्छ,

४.१.५.५ अनुसन्धानको क्रममा लिएको वा बरामद भएको पीडितको सामान वा सम्पत्ति फिर्ता गर्नुपर्ने भएमा फिर्ता दिलाउने कुरा उल्लेख गर्नु पर्छ ।

४.१.५.६ अभियोजनसम्बन्धी निर्णयका जानकारी तथा मद्दाको सबै कारवाहीको जानकारी र पीडितलाई समय मै उपलब्ध गराउनु पर्दछ ।

# ४.२ बालबालिका संलग्न मुद्दाको कारबाईमा सरकारी वकीलका लागि मार्गदर्शन

## ४.२.१ सरकारी वकीलको अभिभावकीय भूमिका

४.२.१.१ न्यायिक कारवाहीमा सरकारी वकीलले बालबालिकासँग राज्यका तर्फबाट अभिभावकीय भूमिका निर्वाह गरेर संरक्षण प्रदान गर्नु पर्दछ,

४.२.१.२ बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखी फौजदारी न्याय प्रशासनमा भूमिका खेल्नु पर्दछ,

४.२.१.३ बालबालिकाको स्वाभाविक विकास अवस्था र विकासक्रमलाई भौतिक, मानसिक वा भावनात्मक हिसाबले प्रतिकूलता पैदा गर्न सक्ने जुनसुकै प्रभावबाट जोगाइन उपयुक्त अवस्था निर्माण गर्नु पर्दछ,

४.२.१.४ प्रतिवादी एवं पीडित बालबालिकाको उमेर अनुसन्धान को क्रममा नै एकिन गराउनु पर्ने,

४.२.१.५ बालबालिकाप्रति उमेर सुहाउँदो व्यवहार गरिनुपर्दछ,

४.२.१.६ बालबालिकाले गर्ने कानुन विपरीतको कार्यलाई उनीहरूलाई उत्तरदायी बनाउँदा निजको भावी जीवनमा हुने विकासको संभावनालाई प्रतिकूल असर नपुग्ने वातावरण बनाउनु पर्ने,

४.२.१.७ बालबालिकाले गरेको कसूरलाई बाल गल्तीको रुपमा स्वीकार गरी निजहरूलाई सजाय दिनेभन्दा निजहरूको गल्ती सुधार गर्ने तर्फ नेतृत्वदायी भूमिका खेल्ने,

४.२.१.८ बालबालिकाले गरेको गल्ती सुधार गर्ने उपाय अवलम्बन गर्दा निजहरूको शारीरिक, मानसिक वा सामाजिक विकास वा भलाइलाई प्रतिकूल असर नगर्ने खालको व्यवहारको सुनिश्चतता गरिनुपर्ने,

४.२.१.९ उनीहरूले कसूर मानिने कुनै कार्य गरेमा मानिसले गर्न नहुने काम भयो भन्ने शिक्षा लिने र फेरि त्यो किसिमको गल्ती नगर्ने वा नदोहोऱ्याउने बनाउन उपयुक्त प्रयत्न गरिनुपर्दछ,

४.२.१.१० बालबालिकाले कुनै कसूर गरेमा वयस्कलाई जस्तो सजाय गर्ने होइन, सुधार गर्ने र सच्याउने काम गर्नु पर्ने ।

४.२.१.११ बालबालिकाको स्वास्थ्य विकासका लागि आवश्यक पर्ने मनोसामाजिक परामर्श उपलब्ध गराउन भूमिका खेल्ने,

४.२.१.१२ बालबालिकाको लागि आवश्यक पर्ने शारीरिक उपचारको सुनिश्चितता गर्न प्रभावकारी समन्वय गर्ने,

४.२.१.१३ बालबालिका संलग्न मुद्दाको कारबाही गर्दा निजहरूको पारिवारिक अवस्थालाई सदैव ध्यान पुऱ्याउनु पर्ने,

४.२.१.१४ बालबालिकाको स्वतन्त्रता वञ्चित गर्ने वा सुरक्षामा राख्ने कार्य अन्तिम उपायका रूपमा र छोटो अवधिका लागि मात्र हुनुपर्छ,

४.२.१.१५ अनुसन्धान, अभियोजन र सुनुवाइका लागि बालबालिकालाई सुरक्षामा लिएर सुधार र पुनःस्थापनाका उपायहरू अपनाउन प्रभावकारी भूमिका खेल्ने,

४.२.१.१६ बालबालिकालाई पक्राउ गरेको नभनेर सुरक्षामा लिएको, केरकार वा वयान लिएको नभनेर कुराकानी गरेको, थुनामा राखेको नभनेर सुधारगृहमा राखेर स्याहार गरिएको अनुभूत गराउने गरी संस्थागत स्याहारलाई व्यवस्थित गर्नुपर्ने,

४.२.१.१७ बालबालिकालाई सुरक्षामा लिंदा पनि पारिवारिक वातावरण नबिथोलिने गरी छोटो समय मात्र सुरक्षामा रहने स्थिति बनाइनुपर्छ ।

**४.२.२ बालमैत्री व्यवहार र वातावरण निर्माणमा सरकारी वकीलको भूमिका**

४.२.१ बालबालिका संलग्न मुद्दाको न्यायिक प्रकृयामा बालमैत्री वातावरण सृजना गर्ने,

४.२.२ कानुनी कारबाही वा न्यायिक प्रक्रियाका सिलसिलामा बालबालिकालाई सुरक्षित स्थानमा राख्ने प्रबन्ध मिलाउनु पर्दछ,

४.२.३ बालबालिकालाई सुरक्षामा लिंदा वा उनीहरूबाट सूचना बटुल्दा वा उनीहरूसँग कुराकानी गर्दा उनीहरूले आफू सुरक्षित रहेको अनुभव गर्ने वातावरण हुनु पर्छ,

४.२.४ बालबालिकासँग व्यवहार गर्नुपर्ने वा सम्पर्कमा रहनुपर्ने अनुसन्धान अधिकृतहरू सादा पोसाकमा रहने व्यवस्था गराउने,

४.२.५ कानुनी कारबाइको प्रक्रियाको कुनै पनि अवस्थामा बालबालिकालाई वयस्कहरूसँग राख्न नहुने प्रबन्ध मिलाउने,

४.२.६ अनुसन्धानका क्रममा सुरक्षा वा सूचना लिने हिसाबले सम्पर्कमा लिइएका बालबालिकालाई उनीहरूको बसाइ सहज हुने किसिमले ब्यबस्था गर्नु पर्दछ,

४.२.७ बालबालिकाहरूसँग सूचना वा जानकारी लिन खोज्दा बोलिने बोलीचाली र हाउभाउ उनीहरूकै लवजमा हुने वातावरण तयार गर्ने,

४.२.८ उनीहरूसँग सोधिने प्रश्न सकेसम्म सरल र खुला किसिमको हुनु पर्दछ,

४.२.९ बालबालिकालाई प्रश्न गर्दा उनीहरूले गरेको कुरा सहज बनाउदै त्यसपछि के भयो ? कसले के गरेको थियो ? जस्ता छोटा र सरल प्रश्न सोध्नुपर्छ,।

४.२.१० जुनसुकै कारणले कानुनको सम्पर्कमा आएका भएपनि बालबालिकाले सम्बन्धित विषयमा आफ्नै खालको सोचाइ बनाएको हुन सक्ने हुदा उनीहरूप्रति मैत्रीपूर्ण भाव राखिएको छ भन्ने कुराको अनुभूतिका लागि उनीहरूले भन्न वा सुनाउन खोजेको जुनसुकै कुरा धैर्यपूर्वक सुन्ने वातावरण सुनिश्चत गराउने,

२.२.११ बालबालिकाहरूको मनोसामाजिक परामर्श, स्वास्थ्योपचार, पोषण र सरसफाइका सरसुविधाको बन्दोबस्त गरिनुपर्ने,

२.२.१२ बालबालिकाको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय व्यवस्थाको पूर्णतः परिपालना गराउने।

### ४.२.३ बालबालिकासँग कुराकानी गर्दा सरकारी वकीलले ख्याल गर्नुपर्ने कुराहरु

सरकारी वकीलले बालबालिकाहरूसँग कुराकानी गर्दा देहायका कुरामा विशेष ध्यान दिनु पर्दछ :

४.२.३.१ बालबालिकासँग सार्थक सञ्चार/कुराकानी गर्न बाल विकासका विविध पक्षहरूका बारेमा जानकारी हुनु पर्दछ,

४.२.३.२ के मेरो भाषा वा अभिव्यक्तिको शैली म कुरा गरिरहेको बालक/बालिका अनुरूप हुनेगरी प्रयोग गरेको छु ?

४.२.३.३ के म कुराकानीमा मेरा दृष्टिकोणसहितका विचार (Judgmental view) नदिने कुरामा सजग/सतर्क छु ?

४.२.३.४ के म आफूले ठीकसँग बुझेको छु वा छैन भन्ने कुरालाई मैले समय-समयमा परीक्षण गरिरहेको छु ?

४.२.३.५ के म आफूले ध्यानपूर्वक सुनिरहेको छु भन्ने कुराको महसुस मैले कुराकानी गरिरहेको बालक वा बालिकालाई दिइरहेको छु ?

४.२.३.६ बालबालिकासँगका सञ्चारमा के मेरा विगतका अनुभवहरू पर्याप्त छन् ? के मैले विगतका सिकाइहरूलाई उचित रूपमा उपयोग गरिरहेको छु ?

४.२.३.७ के मैले गरेको सञ्चारको सन्दर्भ बालक वा बालिकाको उमेर, परिपक्वता वा विकासको स्तर अनुरूप छ ?

४.२.३.८ के मैले बालबालिकासँग सञ्चार सुरु गर्नु अगाडि उनीहरूमा भय हटाउन आवश्यक सजगता अपनाएको छु ?

४.२.३.९ बालमैत्री बातावरणमा बालबालिकाको भावनाको सम्मान गरेर उनीहरूसँग कुराकानी गरिनु आवश्यक हुन्छ,

४.२.३.१० बयस्क पक्षले बालबालिकासँग गरेको सञ्चारको सार्थकता रहने गरी भाषा, हाउभाउ, शैलीका साथै उपयुक्त वा मैत्री हुने खालको आवाजको गति, शरीरको हाउभाउ वा प्रस्तुति तथा उपयुक्त मात्रामा आँखाको सम्पर्क गरेको हुनुपर्छ,

४.२.३.११ बालबालिकासँग कुराकानी गर्दा निजहरूको भावनाको सम्मान गर्ने र बोलिरहेको बेलामा रोकाबट नगर्ने वा त्यसमा बिघ्नबाधा खडा नगर्ने सुनिश्चितता गरिनु पर्दछ,

४.२.३.१२ शंकित बालबालिकालाई उनीहरूको मर्यादा र महत्वको भावनालाई सवंद्धर्न गर्ने किसिमबाट, उनीहरूको मनमा अरूहरूको मानव अधिकार र मौलिक स्वतन्त्रताप्रतिको आदर जागृत हुने एवं पुनःर्स्थापना तथा समाजमा तिनको सिर्जनात्मक भूमिकाको संवर्द्धन हुने गरी निजहरूसँग व्यवहार गर्नु पर्ने,

४.२.३.१३ सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाबाट कानुन बमोजिम यथेष्ठ सुनुवाइ पश्चात सो कुराको निष्कर्ष हुने तथा यस्तो सुनुवाई बाबु आमा वा वैधानिक अभिभावकको उपस्थितिमा हुनुपर्ने ।

### ४.२.४ बालबालिका संलग्न मुद्दाको अनुसन्धानमा सरकारी वकीलको भूमिका

४.२.४.१ सरकारी वकीलले बालबालिका संलग्न हुने मुद्दाको अनुसन्धानमा बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रविन्दूमा राखी अनुसन्धान हुने अवस्था सृजना गर्नुपर्छ,

४.२.४.२ बालबालिका संलग्न मुद्दामा कानुनको उचित प्रक्रिया पूरा गर्ने मात्र होइन, पीडित होस् वा शंकित बालबालिका होस्, उनीहरूको सर्वोत्तम हितलाई ख्याल गरी मानसिक रुपमा प्रतिकूल प्रभाव पर्न नदिन आवश्यक उपाय अपनाउनु पर्दछ,

४.२.४.३ अपराधबाट पीडित बालबालिकाको उपचारमा ध्यान दिने, शारीरिक परीक्षण गराउने सुरक्षित र अनुकूल स्थानमा राख्ने वातावरण मिलाउनु पर्दछ,

४.२.४.४ बालबालिकालाई नियन्त्रणमा लिँदा र उनीहरूसँग कुराकानी गर्दा, शारीरिक परीक्षण लगायतका प्रमाण संकलन गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा अनुसन्धान अधिकृतलाई आवश्यक निर्देशन दिनु पर्छ,

४.२.४.५ बालबालिकाको वयान गराउँदा मुद्दाको प्रकृति अनुसार मुद्दामा सान्दर्भिक हुन सक्ने घटना, तथ्य र उपलब्ध हुन सक्ने भौतिक प्रमाणहरू खुलाउन लगाउने,

४.२.४.६ सरकारी वकीलले वयानका लागि उपस्थित गराइएको शंकित बालबालिकाका फौजदारी न्यायसम्बन्धी मानव अधिकारहरूको संरक्षण भए नभएको सम्बन्धमा ध्यान दिने,

४.२.४.७ ती अधिकारको रक्षाका लागि अनुसन्धान अधिकारीलाई सजग र उत्प्रेरित गर्ने तथा संकलन भएका प्रमाणहरूको ग्राह्यताका सम्बन्धमा छलफल गरी त्यसका लागि अपनाउनु पर्ने पद्धति र प्रक्रियाका सम्बन्धमा जानकारी गराउने,

४.२.४.८ सरकारी वकीलले बालबालिकाको सर्वोत्तम हितबाट निर्देशित हुनु पर्दछ भन्ने कुरालाई हृदयंगम गरी उनीहरूको शारीरिक, मानसिक स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी कुराकानी गर्नुपर्छ,

४.२.४.९ बालबालिकालाई सजाय दिलाउनु नभएर उनीहरूलाई समाजोपयोगी नागरिकको रुपमा रुपान्तरण गर्ने कुराको सुनिश्चितता गर्न लगाउने,

४.२.४.१० बालबालिकासँग अनौपचारिक कुराकानीबाट कुरा शुरु गर्ने, होच्याउने, भेदभावजनक शब्द वा भाषा प्रयोग नगर्ने, सम्मान गर्ने र अरुको सम्मान गर्न सिकाउने अवस्था जागृत गराउने,

४.२.४.११ बालबालिकाहरूलाई उमेर सुहाउँदो प्रश्न सोध्ने उनीहरूको मनोविज्ञान बुझी त्यसै अनुसारको भाषा, शैली र व्यवहार अवलम्बन गरी वयान गराउने तर्फ अनुसन्धान अधिकारीलाई प्रेरित गर्नु पर्दछ ।

### ४.२.५ मुद्दा चल्ने नचल्ने निर्णय गर्दा निर्वाह गर्नु पर्ने भूमिका

४.२.५.१ बालबालिकाको सर्वोत्तम हितलाई ख्याल गरी उनीहरूले वास्तविक न्याय पाउने गरी अधिकारको संरक्षण गर्ने,

४.२.५.२ क्षतिपूर्ति र परिपूरणका लागि पीडकको सम्पत्तिको विवरण भए नभएको, पीडकको सम्पत्ति रोक्का राख्नु पर्ने विषय, पीडितले पाउने क्षतिपूर्तिको एकिन विवरण खुलाई निर्णय गर्नुपर्छ,

४.२.५.३ बालबालिका प्रतिवादी भएका मुद्दामा दिशान्तरको सम्भावना भए, नभएको विचार गरी उपयुक्त निर्णय गर्नुपर्छ,

४.२.५.४ मुद्दा चल्ने नचल्ने निर्णय गर्दा पीडितको न्याय प्राप्तिको अधिकारको संरक्षण हुने गरी क्षतिपूर्ति र उपचार खर्च भराई पाउँने मुद्दामा पीडकको सम्पत्तिको विवरण संकलन भए नभएको र पीडितले पाउने क्षतिपूर्तिको एकिन गरी प्रष्ट रुपमा उल्लेख गर्नु पर्छ,

४.२.५.५ अनुसन्धानबाट सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्र नभएको वा सरकार वादी भई चल्न नसक्ने मुद्दा भएमा पीडितले न्याय प्राप्तिका लागि अपनाउनु पर्ने उपाय तथा निकाय एवं सोको हदम्यादका सम्बन्धमा पीडितलाई प्रष्टरुपमा जानकारी गराउनु पर्छ ।

### ४.२.६ अभियोगपत्र तयार गर्दाका अवस्थामा सरकारी वकीलले निर्वाह गर्ने भूमिका

सरकारी वकीलले अभियोगपत्र तयार गर्दा निम्न कुराहरूमा विशेष विचार गर्नुपर्ने हुन्छः

४.२.६.१ पीडितले कानून बमोजिम प्राप्त गर्नुपर्ने क्षतिपूर्ति, हर्जाना वा सुविधाको स्पष्ट उल्लेख हुनुपर्छ । यसको लागि पीडकको सम्पत्ति रोक्का राख्नुपर्ने भएमा त्यसको स्पष्ट मागदाबी गरिनु पर्दछ,

४.२.६.२ अभियोगलाई पुष्टि गर्ने साक्षी प्रमाणको स्पष्ट प्रस्तुति र कसूर वा आरोप, माग गरिएको दण्ड सजाय र व्यहोर्नु पर्ने क्षतिपूर्तिको स्पष्ट उल्लेख हुनु पर्छ,

४.२.६.३ पीडित वा प्रतिवादीको परिचयात्मक विवरण गोप्य राख्ने र बन्द इजलासबाट हेरिने वा निरन्तर सुनुवाइ हुनुपर्ने मुद्दा भएमा सो सम्बन्धमा उल्लेख गर्नु पर्छ,

४.२.६.४ पीडित वा साक्षीको स्पष्ट वतन, सम्पर्क फोन, इमेल, नागरिकता नं समेत उल्लेख गर्ने,

४.२.६.५ अनुसन्धानको क्रममा लिएको वा बरामद भएको पीडितको सामान वा सम्पत्ति फिर्ता गर्नुपर्ने भएमा फिर्ता दिलाउने कुरा उल्लेख गर्नुपर्ने,

४.२.६.६ समग्रमा अभियोगपत्रमा तथ्य, प्रमाण, दावी, उपचार, क्षतिपूर्ति, कानूनमा छुट, कानूनी विश्लेषण, लगातार सुनुवाइ हुनुपर्ने कुरा, बन्द इजलास, बालइजलासबाट हेरिनु पर्ने वा नपर्ने, गोपनियताका कुरा स्पष्ट उल्लेख गर्नु पर्ने ।

## ४.३ लागू औषध सम्बन्धी मुद्दामा सरकारी वकीलहरूका लागि मागदर्शन

### ४.३.१ लागू औषध मुद्दाको अनुसन्धान तहकिकात र अभियोजनमा सरकारी वकीलले निर्वाह गर्नुपर्ने भूमिका

सरकारी वकीलले लागू औषध सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात र अभियोजन गर्दा सामान्य मार्गदर्शनका अतिरिक्त निम्न कुरामा विशेष ध्यान दिनु पर्दछ:

४.३.१.१ लागू औषध सम्बन्धी अपराधमा ऐनको बर्हिक्षेत्रीय अधिकार क्षेत्रको प्रयोग गर्न सकिने भएकोले लागू औषध सम्बन्धी कारोबार नेपाल भित्र वा बाहिर बसी कुनै नेपाली नागरिक वा विदेशी नागरिकले निकासी पैठारी वा सो सम्बन्धी काम गरेको भन्ने देखिने अवस्था छ, छैन त्यसको बारेमा अनुसन्धानकर्ताले अनुसन्धानको क्रममा र त्यस्तो अवस्था तथ्यगत हिसावले पुष्टि भएको छ, छैन अभियोजनकर्ताले अभियोजनको क्रममा विचार गर्नु पर्दछ,

४.३.१.२ लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले लागू औषधलाई निम्न तीन प्रकारमा विभाजन गरेको छ:

क) गाँजा र यसबाट बन्ने लागू औषध,

ख) अफिम, कोका र त्यसबाट बन्ने लागू औषध,

ग) नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका लागू औषध तथा मनोद्वीपक पदार्थ र तिनका लवणहरू ।

अत: के कस्ता चिज वा बस्तुहरू लागू औषधको परिभाषा अन्तर्गत पर्दछन् भन्ने कुरामा अनुसन्धानकर्ता र अभियोजनकर्ता सधैँ सजग र जानकार हुनु पर्दछ,

४.३.१.३ लागू औषध सम्बन्धी ऐनले अपराधको अनुसन्धान गर्न तोकिएको अनुसन्धान अधिकारी र अन्य मुद्दामा तोकिने अनुसन्धानको अधिकृत फरक भएकोले ऐनले निदृष्ट गरेको अधिकारीबाट अनुसन्धान आरम्भ गरे नगरेको के छ सो कुरामा विचार गर्नु पर्दछ साथै सो अनुसार गर्न गराउन अनुसन्धान निकायलाई सल्लाह दिनु पर्दछ,

४.३.१.४ लागू औषध सम्बन्धी अपराधसँग सम्वन्धित व्यक्ति वा ठाउँको खानतलासी वा पक्राउ गर्दा वारेन्ट जारी गर्ने अधिकारीको आदेशानुसार गरिएको छ, छैन विचार गर्नु आवश्यक छ,

४.३.१.५ खानतलासी र बरामदीको क्रममा रोहवरमा राख्नु पर्ने व्यक्तिका सम्वन्धमा ऐनले गरेको व्यबस्था अनुसार व्यक्तिहरू रोहवरमा राखिएका छन, छैनन सो कुरामा ख्याल गर्नु पर्दछ । स्थानीय प्रतिनिधि राख्ने विषय समयले भ्याएसम्म अनिवार्य राख्नु पर्ने र समयले नभ्याउने भएमा त्यसलाई अनुसरण नगरेको कारण बरामदीले मान्यता नपाउने भन्न नसकिने सर्वोच्च अदालतले विभिन्न मुद्दामा सिद्धान्त प्रतिपादन गरेको हुँदा सो कुरामा सरकारी वकील जानकार हुनु आवश्यक छ ।

४.३.१.६ समयले नभ्याएको कुरा मचुल्कामा नै उल्लेख गर्नु पर्दछ। बरामदी मचुल्कामा बरामद गर्दाको अवस्थाको समयलाई उल्लेख गर्न सकिन्छ,

४.३.१.७ अभियोजन गर्दा लागू औषधको सेवन गरेको भन्ने कुराको जिकिर लिने प्रतिबादीको रगत परीक्षण गरेर मात्र सो कुराको पुस्ट्याइ भए नभएको  कुराको  एकिन गर्नु पर्दछ,

४.३.१.८ बरामदी परिमाणले समर्थन गरेदेखि बाहेक सामान्यतः सेवन र कारोबारको दुवै कुराको जिकिर लिने प्रतिवादीका हकमा कारोवारमा मात्र दावी लिई अभियोजन गर्नु पर्दछ,

४.३.१.९ फौजदारी कसूरमा जसले कसूर गरेको हो उसलाई मात्र फौजदारी दायित्व बहन गराइने भएता पनि लागू औषध सम्बन्धी कारोवारमा कहिले काँही लागू औषधका कारोवारीहरूले एउटै व्यक्तिबाट फरक-फरक परिमाणको लागू औषध लिई साथमा लिई हिड्ने अवस्थामा सँगै पक्राउ परेको र सबै प्रतिवादीहरूले बोकेको लागू औषधको परिणामलाई जोडी दावी लिई अभियोजन गरिनु पर्ने अवस्थामा बाहेक सामान्यतया जो जसले  जे जति परिमाणको लागू औषध फेला परेको हुन्छ सोही परिमाणमा आधारित भई सो वमोजिमको सजायको मागदावी लिनु पर्दछ,

४.३.१.१० लागू औषधको कारोवारमा संलग्न रहेको वा लागू औषधको कारोवारीसँग-सँगै पक्राउ पर्ने व्यक्तिलाई निजबाट लागू औषध बरामद नभए पनि  संग्लनताको आधार र अवस्था खुल्ने अवस्था भए त्यस्ता व्यक्तिहरू उपर समेत अभियोजन गर्नु पर्दछ,

४.३.१.११ बरामदी लागू औषधको प्रकृति छुट्टाई परीक्षणबाट एकिन भएपछि मात्र अभियोजन गर्नु पर्दछ,

४.३.१.१२ लागू औषधको कारोवारसँग सम्वन्धित घर, जग्गा, सवारी वा अन्य साधन बरामद भई जफतको मागदावी लिँदा ती चिज बस्तुको स्वामित्ववाला व्यक्ति समेत बुझी उक्त कारोवारमा स्वमित्ववालाको मञ्जुरी, सहमति वा आर्जन भए, नभएको एकिन गरी त्यसको आधारमा मात्र जफतको मागदावी लिनु पर्दछ,

४.३.१.१३ कुनै एक व्यक्तिका साथबाट एक भन्दा बढी प्रकृतिका लागू औषध बरामद भएकोमा लागू औषधको प्रकृति अनुसार छुट्टाछुट्टै अभियोग मागदावी लिई अभियोजन गर्नु पर्दछ,

४.३.१.१४ लागू औषधको कारोवारमा संलग्न उपर पटकमा सजाय गर्ने मागदावी लिँदा एक पटक उक्त ऐन अन्तर्गतको अपराधमा सजाय  पाइसकेको भन्ने अवस्था भए मात्र पटकेमा सजायको माग दावी गर्नु पर्ने, अन्यथा पटकेमा सजाय गर्न नसकिने हुँदा सो कुरामा अनुसन्धान र अभियोजनकर्ताले ध्यान दिनु पर्दछ,

४.३.१.१५ कुनै व्यक्तिका साथबाट लागू औषध बरामद भएको छ भने सो बस्तु निज सँग रहनु पर्ने कानून बमोजिमको  खास कारण वा त्यस्तो बस्तु आफूसँग रहनु पर्ने कारण प्रतिबादीले नै पुऱ्याउनु पर्ने कानूनी व्यबस्था रहेकोले सो विषयमा अभियोजनकर्ताले विशेष ख्याल गर्नु पर्दछ,

४.३.१.१६ लागू औषध कारोबारमा स्वयम् संलग्न रहेको गिरोह वा अन्य कुनै गिरोहका बारेमा जानकारी र सुराक दिई सो सम्बन्धमा मुख्य अपराधी पत्ता लगाई दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई निज अपराधमा संलग्न भए पनि लागू औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गत हुने सजायमा पूर्ण वा आंशिक रुपमा छुट हुनेगरी मागदावी लिन सकिने उक्त ऐनको दफा १८ग को कानूनी व्यवस्थाका बारेमा समेत ख्याल गरी सो अवस्था भएमा सोही अनुसार प्रस्ट विवरण, आधार र कारण खुलाई अभियोग दावी लिनु पर्दछ ।

# ४.४ मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दामा सरकारी वकीलकालागि मार्गदर्शन

## ४.४.१ मानब बेचबिखन मुद्दाको अनुसन्धान तथा अभियोजनमा सरकारी वकीलको भूमिका

सरकारी वकीलले यस सम्बन्धी अपराधको अनुसन्धान तथा अभियोजनमा सामान्य मार्ग दर्शनका अलावा निम्न कुराहरूमा विशेष ध्यान दिनु आवश्यक छ ।

४.४.१.१ मानब बेचबिखन तथा ओसारपसारको अपराध संगठितरुपमा हुने, विभिन्न बाहाना र प्रलोभनका आधारमा विभिन्न माध्यमबाट व्यक्तिलाई एक ठाउँबाट अर्को ठाउँ हुदै देश भित्र र बाहिर लगी बेचबिखन गर्ने भएकोले यस सम्बन्धी अपराधमा मुद्दा अभियोजन गर्दा क्षेत्राधिकारको प्रश्नमा सरकारी वकील सदैव सतर्क र सजक  हुन आवश्यक हुन्छ,

४.४.१.२ मानव बेचबिखन तथा ओसापसार मुद्दाको बारदात कहाँ भएको हो, पीडित लाई लगेको ठाउँको इलाकाको अदालत, उद्दार गरिएको ठाउको इलाकाको अदालत वा पक्राउ परेको ठाउँ वा इलाकाको अदालत मध्ये कुन ठाउमा अभियोजन गरिने हो भन्ने विषयमा अभियोजनकर्ता प्रष्ट हुनु पर्दछ र यस विषयमा अनुसन्धानकर्ता समेतलाई सरकारी वकीलले निर्देशित गर्नु पर्दछ,

४.४.१.३ मानव बेचबिखन तथा ओसारपसार ऐनले कसूर कायम गरेका अपराध मध्ये कुन अपराध भएको हो,  अभियोजनकर्ताले निर्णय एवम् आरोपपत्रमा स्पष्ट खुलाई अभियोजन गर्नु पर्दछ । जस्तो: मानव बेचबिखन (किन्ने वा बेच्ने) कसूर, मानव शोषणको कसूर, ओसार पसारको कसूर, अङ्ग झिक्ने, बेश्यागमन गरेको वा बेश्याबृत्तिमा लगाएको वा यी कार्यको षडयन्त्र मतियार, सहयोग, दुरुस्साहन के, कस्तो कसूर हो स्पष्ट उल्लेख गरेको हुनु पर्दछ,

४.४.१.४ कानूनले उल्लेख गरेका उल्लेखित कसूर कहाँ र कहिले कसरी र को को भई गरेका हुन् भन्ने प्रश्नको जवाफ अभियोजनमा खुलेको हुनु पर्दछ । अभियोजनकर्ताले यो कुरालाई अभियोजन गर्दा विशेष ख्याल गर्नु आवश्यक छ ।

४.४.१.५ मानव बेचबिखन तथा ओसारपसार ऐनले कसूर कायम गरेका अपराधमा अपराध पिच्छे थप सजाय हुने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा एउटै अभियुक्तले एक भन्दा बढी अपराध गरेको भनी उजुरी परेको छ वा छैन वा अनुसन्धान र तहकिकातबाट त्यस्तो अवस्था देखिन्छ देखिदैन त्यसलाई विचार गर्नु पर्दछ ।

४.४.१.६ मानब बेचबिखन तथा ओसारपसार ऐनले कसूर कायम गरेका अपराधहरू कसरी भएको छन, जस्तो: प्रलोभनमा पारेर, झुक्काएर, डर धाक धम्की वा प्रलोभन वा आश्वासन दिएर, अपहरण वा शरीरबन्धक लिएर, पद वा शक्तिको दुरुपयोग वा अन्य कुन माध्यमबाट भएको छ सो कुरा पनि अभियोजनमा खुलाउनु आवश्यक हुन्छ । कसूरको गाम्भीर्यता बढाउने यी पक्षहरूको विश्लेषणले कसूरदारलाई कसूर ठहर हुँदा तजविजी सजायको प्रयोग गर्ने अवस्थामा न्यायकर्तालाई विशेष संवेदनशील बनाउँछ,

४.४.१.७ कसूर गर्ने व्यक्ति सार्वजनिक पद धारणा गरेको हो होइन वा अभियुक्तले आफ्नो संरक्षकत्वमा वा अभिभावकत्वमा रहेका पीडित उपर कसूर गरेको हो वा होइन, यदि कसूर गर्ने व्यक्ति उल्लेखित अवस्थाका व्यक्ति रहेको खण्डमा थप सजायको व्यवस्था हुने कानूनी व्यवस्था रहेकोले यस कुरामा अभियोजनकर्ता विशेष सजग हुनु पर्दछ,

४.४.१.८ जबरजस्ती करणी र मानव बेचबिखन मुद्दाको अभियोजनका सन्दर्भमा एउटै अभियोगमा मागदावी लिँदा वारदात र हदम्यादका विषयमा विशेष ध्यान दिनु पर्दछ,

४.४.१.९ अभियोगपत्रमा प्रतिवादीहरूको स्पष्ट वतन नभएको अवस्थामा अभियुक्तको पहिचान, पक्राउ र उनीहरूको कसूर ठहर हुने कुरामा प्रभाव पर्ने हुनाले अभियोगपत्रमा सबै प्रतिबादीहरूको नाम, थर वतनहरू स्पष्ट खुलाउनु पर्दछ,

४.४.१.१०विशेष ऐनको रुपमा रहेको मानब बेचबिखन तथा ओसारपसार ऐनका अतिरिक्त साधारण ऐनको रुपमा मुलुकी ऐन, जीउमास्ने बेच्ने महलको कसूरको सन्दर्भ समेत कतिपय अवस्थामा उल्लेख गर्नु पर्ने अवस्था भए सो को प्रयोजन अभियोग पत्रमा स्पष्ट गर्नु आवश्यक हुन्छ,

४.४.१.११.यौन शोषणको सन्दर्भ रहेको विषयमा पीडितको उमेर र शारीरिक परीक्षणको व्यहोरा स्पष्ट उल्लेख गरी सो को पुष्टयाई हुने प्रमाण मिसिलमा सामेल गरी अभियोजन गरिनु पर्दछ,

४.४.१.१२अभियोग दावी लिइएको अभियुक्तले कसूर गरेको भन्ने कुरा प्रारम्भिक रुपमा पुष्टि गर्ने जिम्मेवारी वादी पक्षमा रहने हुँदा वारदातमा संलग्न अभियुक्त मध्ये कुन अभियुक्तले वारदातमा के कस्तो भूमिका निर्वाह गरेको हो, स्पष्ट खुलाई प्रति व्यक्ति कसूर र प्रमाणको यथोचित मूल्यांकन र विश्लेषण गरिनु पर्दछ,

४.४.१.१३.कानूनले कर्ताको मानसिक अवस्था (Guilty state of Mind) र कार्यका आधारमा मुख्य अभियुक्त, सहयोगी वा मतियारका रुपमा सजायको व्यवस्था गरेको हुँदा अभियोजनकर्ताले दावी लिँदा कर्ताको मानसिक दोष र कार्यको स्पष्ट उल्लेखन गरी सजायको मागदावी लिनुपर्दछ । गोलमटोल अभियोगका आधारमा दोषी करार गर्न नसकिने भनी फैसलामा अभियुक्तलाई सफाई दिएका उदाहरणका सन्दर्भमा प्रस्तुत विषय अभियोजनकर्ताले मनन गर्नु आवश्यक छ,

४.४.१.१४मानव बेचबिखन कसूरको उद्योग र ओसारपसारको कसूरका बिचमा रहेको भिन्नतामा प्रष्ट नहुँदा र ओसारपसार र बेचविखन कुन उद्देश्यले लगेको हो त्यसमा राम्रो विश्लेषण र मूल्यांकन नहुँदा धेरै जसो कसूरमा ओसारपसारको सानो सजाय गरिएको अवस्था हुँदा अभियोजनका सन्दर्भमा प्राप्त तथ्यका आधारमा सरकारी वकीलले राम्रोसँग अध्ययन गरी अभियोजन गर्नु पर्दछ,

४.४.१.१५अभियोजन दावीका क्रममा कसूर ठहर हुँदा पीडितले पाउने क्षतिपूर्तिको मागदावी नै नलिने गरेको देखिएकोले पीडितको अधिकारप्रति सरकारी वकील संवेदनशिल नरहेको विषय अनुसन्धानबाट पनि औंल्याइएको अवस्था हुँदा क्षतिपूर्तिको मागदावी लिनु पर्ने ।

४.४.१.१६ कसूरमा संलग्न अभियुक्तले कमाएको वा कसूरसँग सम्वन्धित सामाग्री जफत गर्नु पर्ने अवस्थामा त्यसतर्फ मागदावी लिनु पर्ने,

४.४.१.१७ पीडित वा जाहेरवालाको विवरण गोप्य राख्नु पर्ने अवस्था भए गोपनीयता कायम गर्नु पर्ने निर्देशिका बमोजिमको प्रकृया अनुशरण गर्नु पर्दछ,

४.४.१.१८ अपराध अनुसन्धान र अभियोजनलाई सहयोग पुऱ्याएको कारण कुनै अभियुक्तलाई सजाय छुटको मागदावी लिनु पर्ने अवस्था भए सो कुराको स्पष्ट आधार र अवस्था दर्शाई सो को मागदावी सहित अभियोजन गर्नु पर्दछ,

४.४.१.१९ अपराध अनुसन्धानको क्रममा अनुसन्धानलाई सहायक हुने हिसावले कुनै सुराकी प्राप्त भएमा र सो सुराकीको विवरण गोप्य राख्नु पर्ने अवस्था भए सो कुरा एकिन गरी त्यस्तो विवरण गोप्य राख्ने तर्फ अभियोजनका अवस्थामा ध्यान दिनु पर्दछ,

४.४.१.२० मानव बेचबिखन सम्बन्धी अपराध मानवता विरुद्धको अपराधका साथै साह्रै घृणित र नैतिकता विरुद्को अपराध भएको र कानूनले प्रस्तुत अपराधलाई नैतिक पतन देखिने अपराधको रुपमा सरकारी वकीलले मागदावी लिन सकिने व्यवस्था गरेकोले अभियोगपत्रमा समेत यस विषयमा मागदावी लिनु पर्दछ,

४.४.१.२१ मानव बेचबिखन सम्बन्धी कसूरको कार्वाही र किनारा बन्द इजलासमा गरिने कानूनी व्यवस्था रहेकोले सरकारी वकीलले अभियोगपत्रमा नै प्रस्तुत मुद्दाको कार्वाही र किनारा बन्द इजलासबाट गरी पाउँन मागदावी लिन सकिने हुँदा सो कुरालाई अभियोजनका सन्दर्भमा विचार गरिनु पर्दछ,

४.४.१.२२ मानव बेचविखन तथा ओसारपसार मुद्दामा नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित गराइने साक्षीलाई दैनिक भ्रमण भत्ता जिल्ला सरकारी वकील कार्यालयले उपलब्ध गराउनु पर्ने भनी मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २६ क ले व्यवस्था गरेको हुँदा सो व्यवस्था बमोजिम त्यस्ता मुद्दाका सरकारी पक्षका साक्षीलाई नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउनु पर्दछ ।

४.४.१.२३.मानव बेचविखन मुद्दामा पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनका लागि अनुसन्धानको अवस्थामा प्रतिवादीको सम्पतिको विवरण लिई अन्तिम फैसला नभएसम्म रोक्का गरिपाउन अभियोगपत्रमा माग गर्नुपर्छ ।

# ४.५ संगठित अपराधसम्बन्धी मुद्दाको अभियोजनमा सरकारी वकीलहरूका लागि मार्गदर्शन

## ४.५.१ अनुसन्धानको क्रममा सरकारी वकीलले ध्यान दिनुपर्ने कुराहरु

४.४.५.१ प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि घटनाको प्रकृति हेरी अनुसन्धान गर्न लागिएको अपराध संगठित अपराधको परिभाषा भित्र पर्छ, पर्दैन एकिन गरी संगठित अपराध अन्तर्गतको देखिएमा संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कार्यविधि अवलम्बन गर्न निर्देशन दिने,

४.५.१.२ अपराधको अनुसन्धान गर्न विशेष अनुसन्धान टोली गठन हुनुपर्ने अवस्था भएमा टोली गठनका लागि तुरुन्त महान्यायाधिवक्ता समक्ष जानकारी गराउनु पर्छ ।

४.५.१.३ संगठित अपराधबाट आर्जित सम्पत्ति जफत हुने हुँदा त्यस्तो सम्पत्तिको खोजी गर्न, रोक्का राख्न आवश्यक प्रक्रियाको अवलम्बनका लागि निर्देशन दिने,

४.५.१.४ पीडित, जाहेरवाला र अपराधको बारेमा जानकारी राख्ने साक्षीको गोपनीयता र सुरक्षाको लागि आवश्यक प्रक्रिया अपनाउन निर्देशन दिने र स्थानीय प्रशासनसँग यसका लागि आवश्यक समन्वय गर्ने,

४.५.१.५ संगठित अपराधमा सम्बद्ध र ग्राह्य हुन सक्ने प्रमाणको प्रकृतिका सम्बन्धमा विचार गरी भौतिक र विद्युतीय प्रमाण भेटिन सक्ने सम्भाव्य स्थानका सम्बन्धमा छलफल गर्ने दिशा निर्देश गर्ने,

४.५.१.६ अनुसन्धानमा भएको प्रगतिका बारेमा जानकारी लिई अनुसन्धानलाई प्रभावकारी बनाउन आवश्यक रणनीति तयार गर्ने,

४.५.१.७ अपराधसँग सम्बन्धित घर, जग्गा, सवारी साधन र अन्य चिज वस्तु रोक्का राख्ने र त्यसको स्वामित्व भएको व्यक्तिलाई वुझ्न लगाउने,

४.५.१.८ अपराधमा संलग्न भएको भन्ने शंका भएको व्यक्तिको राहदानी रोक्का, वैंक कारोवार रोक्का तथा सञ्चार अभिलेख गर्न लगाउने,

४.५.१.९ अभियुक्तको वयान गराउँदा अपराधको सम्पूर्ण पक्षको जानकारी प्राप्त हुने र संलग्न अपराधिक गिरोहको पहिचान हुने गरी तथ्यहरू खुलाउन आवश्यक प्रश्न राख्न लगाउने,

४.५.१.१० संगठित अपराधको अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको अपराध स्वीकार गरी सो अपराधका सम्बन्धमा प्रमाण जुटाउन तथा अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकील वा अदालतलाई सघाउ पुर्‍याएमा (पहिलो पटक भएमा) निजलाई हुने सजायमा पचहत्तर प्रतिशतसम्म छुट दिने गरी माग दावी लिन सकिने व्यवस्था

ऐनमा भएकोले बयानको क्रममा अभियुक्तलाई सो प्रावधानका सम्बन्धमा जानकारी गराई सो अनुरुप गर्न अभियुक्त तयार भएमा सो अनुसार अपराधका सम्बन्धमा विस्तृत विवरण खुलाउन लगाई बयान गराउने,

४.५.१.११ अभियुक्तले अनुसन्धानमा सहयोग गरेको कारण निजको जीउ ज्यानमा अपराधिक गिरोहबाट खतरा हुनसक्ने भएकोले निजलाई खतराबाट बचाउन आवश्यक प्रबन्ध गर्न लगाउने ।

### ४.५.२ अभियोजन गर्दा सरकारी वकीलले ध्यान दिनुपर्ने कुराहरु

४.५.२.१ भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतंककारी कृयाकलापमा वित्तीय लगानी देखि बाहेकका अन्य संगठित अपराध सम्बन्धी मुद्दाको कारवाही सम्बन्धित जिल्ला अदालतले गर्ने हुनाले उल्लेखित अपराध बाहेक अन्य संगठित अपराधको अभियोग पत्र सम्बन्धित जिल्ला अदालतमा दायर गर्नुपर्छ ।

४.५.२.२ अभियोजन सम्बन्धी निर्णय गर्दा मुद्दा संगठित अपराध (Organized crime) हो वा समूहगत अपराध (Gang crime) हो भन्ने एकिन गर्ने, संगठित अपराध देखिएमा संगठित अपराधी समूहले आर्थिक वा अन्य कुन भौतिक फाइदा (Material benefit) का लागि सो अपराध गरेको हो भन्ने कुरा सर्वप्रथम स्थापित गर्ने,

४.५.२.३ संगठित अपराध निवारण ऐन, २०७० ले केही संगठित अपराधहरू अन्य मूल अपराधसँग जोडिएर आई संगठितरुपमा उक्त अपराध गरेवापत थप सजाय हुने गरी गरेको व्यवस्था र केही अपराधहरू आफै स्वतन्त्ररुपमा संगठित अपराध हुने गरी गरेको व्यवस्थालाई ख्याल गरी कुन प्रकृतिको संगठित अपराध हो, सोही अनुसार मागदावी लिई अभियोजन गर्ने,

४.५.२.४ अभियुक्तहरूको सहभागिता र भूमिका एकिन हुने गरी तथ्य र प्रमाणको विवेचना गरी अपराधिक दायित्वको तह निर्धारण गरी अभियोग मागदावी लिने,

४.५.२.५ अपराधबाट भएको क्षति एकिन गरी पीडितको सम्पत्ति फिर्ता गर्ने वा भराउनु पर्ने क्षतिपूर्ति एकिन गरी सो क्षतिपूर्ति कसबाट भराउनु पर्ने हो, एकिन मागदावी लिने,

४.५.२.६ अपराधसँग सम्बन्धित चिज वस्तु, सवारी साधन र घर जग्गा जफतको मागदावी लिँदा सो को स्वामीको संलग्नता वा सहमति स्थापित हुने तथ्यको विश्लेषण गरी निजको संलग्नताको स्तर एकिन गरी मागदावी लिने,

४.५.२.७ अभियुक्तले अपराध स्वीकार गरी सो अपराधका सम्बन्धमा प्रमाण जुटाउन तथा अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न सघाउ पुऱ्याएमा र निज पहिलो पटके अपराधी भएमा अभियुक्तको भूमिका, निजको मानसिक अवस्था, सहयोगको स्तर समेतलाई विचार गरी सजायमा पचहत्तर प्रतिशतसम्म छुट दिने गरी मागदावी लिने, तर देहायको अवस्थामा

मागदावीमा छुट दिन मागदावी लिन हुँदैन,

(क) मुख्य अभियुक्तलाई सजायको माग दावी छुट दिन,

(ख) कुनै सङ्गठित अपराधमा कैद सजाय पाएकोमा कैद भुक्तान भएको तीन वर्ष पूरा नभएसम्म,

(ग) एकपटक सजाय छुटको सुविधा पाइसकेको भएमा ।

४.५.२.८ साक्षी र पीडितको गोपनीयता कायम गर्नु पर्ने भएमा वास्तविक रुपमा गोपनीयता कायम गर्ने गरी अभियोग पत्र लगायत अदालतमा पेश गरिने सबै कागजमा सांकेतिक नाम उल्लेख गर्ने ।

४.५.२.९ प्रमाण र साक्षीको सुरक्षाको दृष्टिले अदालतमा उपस्थित नगराई श्रव्य दृष्य संवाद वा डोर मार्फत बुझ्नु पर्ने भएमा सोही व्यहोराको अनुरोध अभियोग पत्रमा गर्ने,

# ४.६ अपराध पीडित अधिकारहरूको संरक्षण गर्ने सर्न्दभमा सरकारी वकीलका लागि मार्गदर्शन

### ४.६.१ मुद्दाको अनुसन्धानको क्रममा सरकारी वकीलको भूमिकाः

४.६.१.१ पीडितले जाहेरी दिएको हो होइन हेरी पीडित बाहेक अन्यले जाहेरी दिएको भए पीडितको कागज गराउने सम्बन्धमा निर्देशन दिने। तसर्थ जाहेरी पर्नासाथ अनुसन्धानकर्ताले अभियोजनकर्तालाइ जानकारी गराउने प्रचलनलाई संस्थागत गर्न अनिवार्य छ

४.६.१.२ पीडितले नै जाहेरी दिएको भए जाहेरीमा कुनै महत्वपूर्ण कुरा खुल्न बाँकी देखिएमा सो खुलाउन बेग्लै कागज गराउने सम्बन्धमा निर्देशन दिने ।

४.६.१.३ मानव वेचविखन तथा ओसार पसार मुद्दामा पीडितले नै जाहेरी दिएको भए पीडितको वयान गराई वयान प्रमाणित गराउन नजिकको जिल्ला अदालतमा उपस्थित गराउन निर्देशन दिने ।

४.६.१.४ पीडित महिला वा बालबालिकाका रहेको र उक्त मुद्दा गोपनीयता कायम गर्नु पर्ने प्रकृतिको भए मुद्दाको शुरुवात देखि नै प्रभावकारी रुपमा गोपनियता कायम गर्ने निर्देशन दिने ।

४.६.१.५ पीडितको शारीरिक परीक्षण गर्नु पर्ने अवस्थाको मुद्दा भए तुरुन्त परीक्षण गर्ने निर्देशन दिने, (ढिलो शारीरिक परीक्षणले अपेक्षित रिर्पोट प्राप्त हुन सक्दैन)

४.६.१.६ कानूनको सम्पर्कमा आएका बालबालिकाको उमेर निर्धारण गर्दा वाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ को व्यवस्था अनुसार गर्न निर्देशन दिने ।

४.६.१.७ पीडितलाई तत्कालै कानूनी वा मानवीय संरक्षण आवश्यक छ छैन बुझी आवश्यक भए सो सुविधा उपलब्ध गराउन पहल गर्न प्रहरीलाई निर्देशन समेत दिने, अन्य संस्थाहरूसँग समेत पहल गर्ने ।

४.६.१.८ पीडित नाबालक, अन्धा अन्धी वा लाटा लाटी भए जाहेरी दरखास्त वा कागज गर्दा अभिभावकलाई रोहवरमा राख्न निर्देशन दिने ।

४.६.१.९ प्रतिवादीले कसूर बमोजिमको सजाय पाएमा नै पीडितले न्यायको महसुस गर्ने भएकाले मुद्दामा भौतिक तथा वैज्ञानिक प्रमाण संकलन गर्ने विषय सहित निर्देशन दिने ।

४.६.१.१० पीडितलाई क्षतिपूर्ति दिलाउने प्रकृतिको मुद्दा भए प्रतिवादीको सम्पत्ति लगत लिने र रोक्का राख्ने कार्य गर्ने निर्देशन दिने ।

४.६.१.११ विशेष सूचनाद्वारा पीडित अधिकारको उपभोगमा कुनै किसिमको अवरोध व्यवधान पैदा भएको वा हुन लागेको थाहा हुन आएमा सो बुझ्न लगाई आवश्यक उपचारको लागि निर्देशन दिने ।

कुन प्रमाण वा कस्तो प्रमाण अपराध पुष्टिका लागि आवश्यक छ भन्ने कुरा अभियोजनकर्तालाई जानकारी हुने कुरा हो । अतः अभियोजनकर्ताले अनुसन्धानकर्तालाई संवन्धित अपराध पुष्टि गर्ने चाहिने प्रमाणको बारेमा जानकारी गराई त्यस्तो प्रमाण प्राप्त गर्ने निर्देशन दिनुपर्छ ।

**४.६.२ मुद्दाको अभियोजनको क्रममा सरकारी वकीलको भूमिकाः**

४.६.२.१ प्रथमतः मुद्दाको अनुसन्धान प्रभावकारी रुपमा भएको छ छैन र आफूले पहिले दिएका निर्देशनहरूको पालना भएको छ छैन हेर्नु पर्ने, यसरी हेर्दा खासगरी निम्न लिखित कुरा तर्फ विशेष ध्यान दिनु पर्ने हुन्छ :

(अ) क्षतिपूर्ति भराउने अवस्थामा अभियुक्तको अचल सम्पत्तिको विवरण संकलन गरीएको छ छैन र क्षतिपूर्ति वा उपचार खर्च के कति भराई पाउने हो सो स्पष्ट छ छैन ।

(आ) पीडितको शारीरिक जाँच वा अन्य विशेषज्ञको जाँच प्रतिवेदन झिकाई मिसिल सामेल राखिएको छ छैन । सो प्रतिवेदन बुझिने गरी लेखिएको छ छैन ।

(इ) कुनै धनमाल, नगद वा दशी समान अनुसन्धानको क्रममा लिएको भए सो सामान र प्रमाणको रुपमा बरामद गरिएका अन्य दशीका सामानहरू सुरक्षित र सावुत हालतमा राखिएको छ छैन एकिन गर्ने ।

(इ) पीडित, गवाह साक्षीको स्पष्ट नाम थर वतन, र भएसम्म सम्पर्क फोन इमेल आदि प्रष्ट सँग खुलाएको छ छैन एकिन गर्ने ।

(उ) पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने प्रकृतिको भए सो विवरण गोप्य राखे नराखेको एकिन गरी गोप्य राख्ने व्यवस्था मिलाउने ।

(ऊ) पीडित बालबालिका भए निजको उमेर एकिन गर्ने प्रमाण मिसिलमा छ छैन उमेर एकिन गर्ने क्रममा बाल न्याय (कार्यविधि) नियमावली २०६३ को नियम १५ को क्रमलाई ध्यान दिइएको छ छैन हेरी आवश्यक व्यवस्था मिलाउने ।

४.६.२.२ अनुसन्धान सम्पन्न भै मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने क्रममा सरकावादी भै मुद्दा चल्न नसक्ने अवस्थाको देखिएमा पीडितले न्याय प्राप्त गर्ने सक्ने के कस्तो उपचारको बाटो हुन सक्छ सो वारेको कानूनी प्रकृयासहित पीडितलाई जानकारी दिने ।

४.६.२.३ मुद्दा चलाउँने निर्णय गर्दा प्रतिवादी उपर पुष्टि हुने कसूर कुन कानूनको उलंघन हो र प्रतिवादीलाई कुन कानून अनुसार सजाय हुनु पर्ने हो भन्ने कुराका अतिरिक्त पीडितलाई के कस्तो क्षतिपूर्ति वा विगो भराइ दिनु पर्ने हो सो बारेमा आधार र कारणसहित स्पष्ट रुपमा अभियोग पत्रमा उल्लेख गर्ने ।

४.६.२.४ अदालतमा मुद्दा दायर गरेपछि पीडितलाई कुनै सुरक्षा वा संरक्षण सम्बन्धी कुनै कार्य गर्नु पर्ने भए सो उल्लेख गरी माग दाबी लिने ।

४.६.२.५ बाल वा बन्द इजलाशवाट  हेर्नु पर्ने मुद्दा भए सो उल्लेख गर्ने ।

४.६.२.६ पीडितको सामान, नगद फिर्ता दिनु पर्ने भए सो कुरा अभियोग पत्रमा उल्लेख गर्ने . दशीका सामानहरू सिलसिलेबार रुपमा उल्लेख गर्ने ।

**४.६.३ मुद्दाको सुनवाइको क्रममा सरकारी वकीलको भूमिकाः**

४.६.३.१ पीडितलाई न्यायिक प्रकृयाका बारेमा आवश्यक जानकारी दिने, पेशीको जानकारी दिन कोशिस गर्ने । मुद्दामा भै रहेको काम कारवाहीको प्रगति बारेमा जानकारी गराउने, अभियोग पत्रको प्रतिलिपि उपलब्ध गराउने ।

४.६.३.२ लामो समय टाढा जाने अवस्था भएमा वा अन्य कुनै कारणले पीडित, विशेषज्ञ वा साक्षीको तत्काल बकपत्र गराउनु पर्ने भएमा अदालतमा व्यहोरा उल्लेख गरी तत्काल बकपत्रको व्यवस्थाको लागि अनुरोध गर्ने ।

४.६.३.३ पीडित मैत्री वातावरणमा बकपत्र गराउने, पीडितके सुरक्षा र संरक्षणलाई ध्यानमा राखी कारवाही गर्ने ।

४.६.३.४ दशीको रुपमा पेश गरिएका पीडितको हक लाग्ने नगदी जिन्सी फिर्ता दिन अदालतलाई पत्राचार गर्ने ।

४.६.३.५ मुद्दा सुनवाइको क्रममा पीडितले सहभागी हुन चाहेमा आवश्यक सहयोग गर्ने .

४.६.३.६ पीडित र अन्य साक्षीको बकपत्र समाप्त भएपछि धन्यवाद सहित दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउन प्रहरी कार्यालयमा पत्र लेखी अनुरोध गर्ने

४.६.३.७ पीडित र अन्य साक्षीको बकपत्र गराउदा अनावश्यक जिरह गर्ने, साक्षी दरुत्साहित हुने, पीडितको संवेदनशीलता माथि प्रहार हुने प्रश्नहरू विपक्षीका कानून व्यावसायीबाट सोधिएमा सो रोकिपाउन न्यायाधीश समक्ष अनुरोध गर्ने ।

४.६.३.८ पीडित र अन्य साक्षीहरूलाई बकपत्र गर्दा सोधपुछको क्रममा निजहरूले खुलाउनु पर्ने कुराहरू, प्रतिपक्षका कानून व्यवसायीले गर्ने सक्ने जिरहका बारेमा बकपत्र गर्ने अदातलमा उपस्थित गराउनु भन्दा पहिलेनै जानकारी दिने ।

४.६.३.९ मुद्दा दायर हुँदा मिसिल साथ पेश गर्ने नसकिएमा प्रमाणहरू सम्बन्धित निकायबाट झिकाई अदालतमा पेश गर्ने ।

४.६.३.१० पछि प्राप्त महत्वपूर्ण प्रमाणहरू अदालतमा पेश गर्ने ।

४.६.३.११ तोकिएको मितिमा पीडित बकपत्र गर्ने उपस्थित नभएमा निज उपस्थित हुन नसक्नुको कारण फोन सम्पर्क गरी बुझी ती कारणहरूलाई हटाउने तर्फ पहल गर्ने, पीडितलाई निजको सुरक्षाको विश्वास दिलाउने ।

४.६.३.१२ मुद्दामा प्रभावकारी बहस पैरवी गर्ने र गम्भीर प्रकृतिका मुद्दाहरूमा बहस नोट पेश गर्ने ।

४.६.३.१३ पीडितलाई मुद्दाको फैसला, त्यसको परिणाम, कुनै अभियुक्त छुटेकोमा सोको जानकारी दिने ।

४.६.३.१४ पुनरावेदन गर्नु पर्ने आधार देखिएमा तल्लो अदालतको फैसला उपर पुनरावेदन गर्ने । पुनरावेदन गर्ने वा नगर्ने भएमा समेत सो को जानकारी पीडितलाई दिने ।

### ४.६.४ फैसला कार्यान्वयनको क्रममा सरकारी वकीलको भूमिका

४.६.४.१ क्षतिपूर्ति पाउने विगो भरी भराइ पाउने गरी फैसला भएकोमा प्रतिवादीको नामको वा निजको हक लाग्ने चल अचल सम्पत्ति मुद्दामा खुलाई नसकेको भए सम्बन्धित निकायमा पत्राचार गरी खुलाउन सहयोग गर्ने ।

४.६.४.२ फैसला बमोजिम भरी भराई पाउने क्षतिपूर्ति पाउन र दशी नगद जिन्सी फिर्ता पाउँन अपनाउनु पर्ने प्रकृया र कानूनी व्यवस्था र पीडितले गर्नुपर्ने पहलका सन्दर्भमा पीडितलाई जानकारी दिने, सहयोग गर्ने ।

४.६.४.३ फरार प्रतिवादीहरूको रेकर्ड राख्ने व्यवस्था मिलाउने ।

४.६.४.४ कैद सजाय पाएको प्रतिवादी फरार रहेकोमा पीडित सँग सम्पर्क समन्वय गरी फरार प्रतिवादीलाई पक्राउ गर्ने सम्बन्धित प्रहरी कार्यालयलाई निर्देशन दिने ।

# परिच्छेद - पाँच

## अभियोजनसँग सम्बन्धित नेपालको सवैधानिक एवं कानूनी व्यवस्था र अभियोजनकर्ताका लागि मार्गदर्शक अन्तर्राष्ट्रिय कानून एवं अन्य कुरा

## ५.१ अभियोजन सम्बन्धी सवैधानिक एवं कानूनी व्यवस्था

### ५.१.१. अभियोजन सम्बन्धी संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा १५८ अनुसार सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट सरकारको प्रतिनिधित्व र प्रतिरक्षा गरिनेछ। कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष सरकारको तर्फबाट मुद्दा चलाउँने वा नचलाउँने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई प्रदान गरिएको छ। यो अधिकार महान्यायाधिवक्ताले मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्ने संवैधानिक व्यवस्था अनुसार प्रत्यायोजन गरी मुद्दाको अभियोजन गर्ने कार्य हुँदै आएको छ। यस बाहेक संवैधानिक एवं कानूनी विषयमा राय सल्लाह प्रदान गर्ने, सरकारका तर्फबाट दायर भएका मुद्दा फिर्ता लिँदा सरकारलाई राय प्रदान गर्ने, मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेका व्याख्या वा प्रतिपादित सिद्धान्तको पालना भए नभएको अनुगमन गर्ने गराउने समेत अख्तियारी प्रदान गरेको छ। यसका अलावा हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको, आफन्त एवं कानून व्यवसायीसँग भेटघाट गर्न दिए नदिएको विषयमा समेत छानविन गर्ने अख्तियारी प्रदान गरेको छ।

नेपालको संविधानको धारा २०, धारा २१ र धारा २२ पनि कुनै न कुनै रुपमा अभियोजनकर्ताले ख्याल गर्नुपर्ने व्यवस्था अन्तर्गत पर्ने भएकाले ती व्यवस्थाहरू तल उल्लेख गरिएको छ।

**धारा २०. न्याय सम्बन्धी हक**

(१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पूर्पक्ष गर्ने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ। तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन।

**स्पष्टीकरण:** यस उपधाराको प्रयोजनका लागि "कानून व्यवसायी" भन्नाले कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्ति सम्भन्नु पर्छ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा

बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन । तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

(४) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजाय भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

(५) कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन ।

(६) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।

(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन ।

(८) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ ।

(९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ ।

(१०) असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ ।

**धारा २१. अपराध पीडितको हकः**

(१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ ।

(२) अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ ।

**धारा २२. यातना विरुद्धको हकः**

(१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।

(२) उपधारा (१) बमोजिमको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

### ५.१.२ कानूनी व्यवस्था

सरकारी वकीलले अभियोजन गर्दा ध्यान दिनुपर्ने मुख्य कानूनी व्यवस्थाहरू निम्नानुसार रहेका छन् ।

५.१.२.१ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९

यो ऐनले सरकारी वकीलले सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, बहस पैरवी, प्रतिरक्षा गर्ने सम्बन्धमा आवश्यक व्यवस्थाहरू गरेको छ ।

५.१.२.२ सरकारी वकील सम्बन्धी नियमावली, २०५५ र सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५

यी नियमावलीहरूले सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन र बहस पैरवी प्रतिक्षासँग सम्बन्धित विभिन्न कार्यविधिगत व्यवस्थाहरू गरेका छन् ।

५.१.२.३ सरकार वादी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०७३

महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको यो निर्देशिकाले सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन र पीडित साक्षीहरूको संरक्षण समेतका विषयमा सरकारी वकीलहरूलाई विभिन्न निर्देशन गरेको छ ।

**५.१.२.४ सरकारी वकीलको आचार संहिता, २०७३**

यो आचार संहिताले सरकारी वकीलहरूको काम कारवाहीको निष्पक्षतामा विशेष जोड दिँदै विभिन्न व्यवस्थाहरू गरेको छ । यो आचार संहिताले सरकारी वकीलहरूको पेशागत, स्वतन्त्रतागत, निष्पक्षता, सहयोगात्मक र सदाचार सम्बन्धी आचरणहरूको व्यवस्था गरेको छ । यी आचरणहरू सरकारी वकीलको अभियोजन कार्यसँग पनि सम्बन्धित रहेका छन् ।

**५.१.२.५ प्रमाण ऐन, २०३१**

प्रमाण ऐन २०३१ को दफा ९ ले अनुसन्धानका क्रममा वयान किँदा विना डर धाक करकाप र शारीरिक तथा मानसिक यातना विना गराउनु पर्ने प्रष्ट कानूनी व्यवस्था रहेको छ। यसका साथै प्रमाण ऐनको दफा २५ ले फौजदारी मुद्दामा कसूर प्रमाणित गर्ने भार वादीमा सुम्पिएको छ ।

**५.१.२.६ यातना तथा क्षतिपूर्ति सम्बन्धी ऐन, २०५३**

कसैले अनुसन्धान तहकिकातको सिलसिलामा शारीरिक एवं मानसिक यातना दिन नहुने र त्यसरी शारीरिक तथा मानसिक यातना दिएमा त्यस्तो यातना पाउँने व्यक्तिले राज्यका तर्फबाट उचित क्षतिपूर्ति पाउँनु पर्ने व्यवस्था गरेको छ ।

## ५.२ अभियोजनकर्ताका लागि मार्गदर्शक अन्तर्राष्ट्रिय कानून एवं अन्य सिद्धान्तहरू

### ५.२.१ अभियोजनकर्ताको स्वायत्तता र स्वतन्त्रता सम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त

**(क) स्वच्छताको सिद्धान्त**

अभियोजनकर्ता मुद्दाको एक पक्षको नभएर सार्वभौम राज्यको प्रतिनिधि हो जसको उत्तरदायित्व निष्पक्षरुपमा अभियोजन सम्बन्धी कार्य सम्पादन गर्नुमा रहेको हुन्छ। उसको स्वार्थ मुद्दा जित्नेमा होइन की न्याय परोस् भन्नेमा हुन्छ। तसर्थ हारजीतको प्रतिस्पर्धा होइन, फौजदारी न्यायको उद्देश्य प्राप्ति उसको मार्ग निर्देशक सिद्धान्तको रुपमा रहन्छ।

**(ख) पीडितको अधिकारको सिद्धान्त**

अपराध पीडित तथा अख्तियारको दुरुपयोगबाट पीडितहरूको अधिकारको आधारभूत सिद्धान्तको घोषणापत्र १९८५ को धारा ६ ले गम्भीर अपराध समावेश रहेको अवस्थामा पीडितले मुद्दाको कारवाहीको जानकारी पाउँने न्यायमा पहुँच र स्वच्छ व्यवहारको हक हुने व्यवस्था गरेको छ। इमान्दारिता, कानूनी नियम र कार्यविधिको पालना, व्यवहारमा निष्पक्षता, आचरणका नियमहरूको पालनाबाट स्वच्छता कायम हुन्छ।

**(ग) मानव अधिकारका सिद्धान्तहरू**

अभियोजनकर्ताले मानव मर्यादाको र मानव अधिकारको संम्मान र संरक्षण गर्नेछन् जसले कानूनको उचित कारवाही र फौजदारी न्याय प्रणालीको सहज सञ्चालनको प्रत्याभूति गर्दछ। व्यक्तिलाई पूर्ण समानताका आधारमा अभियोगको प्रकृति तथा कारणको सम्बन्धमा बुझ्ने भाषामा तुरुन्त र विस्तृत जानकारी गराउँनु पर्दछ। संविधानको धारा २० ले प्रत्याभूत गरेका अभियुक्तका न्याय सम्बन्धी हकहरूको सम्मान र पालना अभियोजनकर्ताले गर्नेछन्।

**(घ) अभियोजन सम्बन्धी सिद्धान्तहरू**

**(घ.१) अभियोजनकर्ताको स्वायत्तता र स्वतन्त्रता सम्बन्धी सिद्धान्त (Principle of Autonomy and Independence of prosecutor)**

अभियोजन सम्बन्धी कार्यले व्यक्तिको जीवन, सम्पत्ति र स्वतन्त्रतामा गम्भीर असर पार्ने हुँदा यस्तो कार्य गर्दा अभियोजनकर्ताले स्वतन्त्रता र निष्पक्षतासाथ आफ्नो कार्य सम्पादन गर्नुपर्छ। अभियोजनकर्ताले बस्तुनिष्ठ र निष्पक्ष भई कार्य सम्पादन गर्न उनीहरूलाई निर्णय गर्ने कुरामा स्वायत्तता र स्वतन्त्रता प्राप्त हुनुपर्दछ। निर्देशित भई वा डर, त्राशमा परी निर्णय गर्नुपर्ने अवस्था विद्यमान रहेमा निष्पक्ष निर्णय हुन सक्दैन। तसर्थ उनीहरूको सेवाका सर्तहरू अभियोजनको निर्णय स्वतन्त्रतापूर्वक गर्न सक्ने हुनुपर्छ। उनीहरूको छनौट निष्पक्ष रुपमा हुनुपर्ने, सेवाका शर्तहरू अनुकूल हुनुपर्ने, सेवा सुरक्षित हुनुपर्ने र दबाब विना निर्णय गर्न सक्ने कानूनी र संस्थागत वातावरण रहनु पर्ने हुन्छ। यस सम्बन्धमा निम्न लिखित प्रावधानहरू सान्दर्भिक छन् :

अ) अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्ग दर्शन, (UN Guidelines on the Role of Prosecutors, 1990) को धारा ४,५,६,७

आ) नेपालको संविधानको धारा १५८ (२) र १५८(७)

इ) सरकारी मुद्दा सम्बन्धी ऐन २०४९, दफा ६(२), १७(२)(३) र १८

ई) सरकारी वकीलको आचार संहिता, २०७३ को दफा ५

## (घ.२) स्वच्छताको सिद्धान्त (Principle of fairness)

अभियोजनकर्ताले अभियोजनको कार्य गर्दा स्वच्छताको सिद्धान्तको अवलम्बन गर्नुपर्छ। अभियोजनको कार्य सार्वभौमको प्रतिनिधिको हैसियतले गरिने भएकोले उसको कार्य मुद्दामा सफलता हासिल गर्नु वा अभियुक्तलाई दोषी सिद्ध गर्नु मात्र नभएर न्याय पार्नु रहेको हुन्छ[1] । राज्यको तर्फबाट गरिने अभियोजनले पीडितको न्याय प्राप्तिको अधिकारको संरक्षण तथा प्रतिवादीको स्वच्छ सुनुवाईको अधिकारका बीच सन्तुलन गर्नुपर्छ । इमान्दारिता, कानूनी नियम र कार्यविधिको पालना, व्यवहारमा निष्पक्षता, आचरणका नियमहरूको पालनाबाट स्वच्छता कायम हुन्छ। यस सम्बन्धमा निम्नलिखित प्रावधानहरू सान्दर्भिक छन् :

(अ) अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९० को धारा १२, १३ र १४

(आ) अपराध र अख्तियारको दुरूपयोग पीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, (UN Declaration of Basic Principles of Justice for Victim of Crimes and Abuse of Power, 1985) को धारा ४, ५, ६(क)

(इ) नेपालको संविधानको धारा २० (६), (७), (८), (९)

(ई) सरकारी वकीलको आचार संहिता, २०७३ को दफा ६

## (घ.३) मानव अधिकारको सम्मानको सिद्धान्त (Principle of Respect to Human Rights)

फौजदारी न्याय प्रशासनको सन्दर्भमा राज्यलाई व्यक्तिलाई पक्राउ गर्ने, थुनामा राख्ने, सोधपुछ गर्ने तथा अभियोजन गर्ने समेतको अधिकार हुन्छ। यो अधिकारको प्रयोग गर्दा मानव अधिकारका सिद्धान्तको पालना गर्नुपर्दछ । अन्यथा वाहुको समानता (Equality of Arms) कायम हुन सक्दैन । यसका लागि अभियोजनकर्ताले अनुसन्धानमा निर्देशकीय भूमिका निर्वाह गर्दा र अभियोजन गर्दा प्रतिवादीको मानव अधिकारको सम्मानमा पूर्ण रुपमा ध्यान दिनु पर्छ । यस सम्बन्धमा निम्नलिखित प्रावधानहरू सान्दर्भिक छन् :

(अ) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, (ICCPR) धारा ९, १४(३) (क), १४(३)(छ)

---

1 According to Justice Sutherland, a prosecutor "is the representative not of an ordinary party to a controversy, but of a sovereign whose obligation to govern impartially is as compelling as its obligation to govern at all; and whose interest, therefore, in a criminal prosecution is not that it shall win a case, but that justice shall be done."JOHN KLEINIG, (2008)Ethics and Criminal Justice : An Introduction, Cambridge University Press, p. 114

(आ) अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९० को धारा १२,१६

(इ) यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, १९८४ (Convention Against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment), 1984, को धारा २, ४, ११, १२, १३, १४, १५

(ई) नेपालको संविधानको धारा २० (७), २२ र १५८ (६) (ग)

(उ) प्रमाण ऐन, २०३१, दफा ९(२)

(ऊ) यातना तथा क्षतिपूर्ति सम्बन्धी ऐन, २०५३

(ए) सरकारी वकीलको आचार संहिता, २०७३, दफा ४.६

**(घ.४) उपयुक्त अभियोजनको सिद्धान्त (Principle of Right Prosecution)**

अभियोजनकर्ताले अभियोजन सम्बन्धी निर्णय गर्दा प्रत्येक अभियुक्त उपर उपयुक्त अभियोग लगाउनु पर्दछ । संकलित प्रमाणबाट जुन अपराध घटेको देखिन्छ सोही अभियोग र जसका विरुद्ध प्रमाण स्थापित भएको छ सोही व्यक्तिका विरुद्ध मात्र अभियोजन गर्नु पर्दछ । उपयुक्त अभियोजन भित्र दुई कुरा पर्दछन:

पहिलो कुरा खास अभियुक्तलाई अभियोजन गर्नुपर्छ भन्ने हो । अभियोजनकर्ताले अभियोजनको निर्णय गर्दा उपयुक्त व्यक्तिलाई वा खास अभियुक्तलाई अभियोजन होस् भन्ने कुराको सुनिश्चिता कायम गर्नु पर्छ । अनुसन्धानबाट संकलित प्रमाणबाट जसका विरुद्ध अभियोग स्थापित हुन्छ उसका विरुद्ध मात्र अभियोजन गर्नु पर्छ । फौजदारी मुद्दामा अभियुक्तका विरुद्धको अभियोग अभियोजनकर्ताले शंकारहित तवरबाट पुष्टि गर्नु पर्छ । तसर्थ केशको स्थापना मात्र अभियोजनका लागि पर्याप्त हुँदैन । तत्काल संकलन भएका प्रमाणहरू अदालतमा परीक्षण भई ग्राह्य भएको अवस्थामा शंकारहित तवरबाट अभियोग पुष्टि हुने अवस्थामा मात्र अभियोजन गर्नुपर्छ । अभियोजन कार्य सम्पादन गर्दा सर्वप्रथम अपराधिक कार्य (actus-reus) सम्बन्धी प्रमाणहरूको विश्लेषण गरिन्छ । अपराधिक कार्य स्थापित भएपछि अरोपीत मानसीक अवस्था (mens-rea) सम्बन्धी प्रमाणहरूको विश्लेषण गरिन्छ । यी दुई पक्ष बीचको वस्तुपरक सन्तुलन नै निष्पक्षताको आधार हो । दोस्रो कुरा संकलित प्रमाणको आधारमा अभियुक्तको जुन अभियोग पुष्टि हुन्छ अर्थात जुन अपराधिक कार्य वा अपराधिक कार्यमा उसको संलग्नता पुष्टि हुन्छ सोही अभियोग लगाउनु पर्दछ । सवुत प्रमाणबाट समर्थित नभएको पुष्टि हुन नसक्ने अभियोग लगाउँनु हुँदैन । अभियुक्तबाट भएको अपराधिक कार्य र निज विरुद्ध लगाइएको अभियोगको अनुपात मिल्दो हुनु पर्छ । गरेको कार्य र लगाइएको अभियोगका बीच तालमेल नभएमा अनावश्यक दु:ख हुनुको साथै श्रम र समय व्यतित हुने हुन्छ । यस सन्दर्भमा निम्नलिखित प्रावधानहरू सान्दर्भिक छन् ।

(अ) अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९० को धारा १३(क), १४ र १६

(आ) सरकारी वकीलको आचार संहिता, २०७३, दफा ४.८

**(घ.५) मुद्दाको विशिष्टताको सिद्धान्त (Principle of Uniqueness of Cases):**

अभियोजनकर्ताले ख्याल गर्नु पर्ने अर्को विषय उसका समक्ष आएको प्रत्येक मुद्दा तथ्य, परिस्थिति र प्रकृतिको आधारमा फरक र विशेष खालको वा नयाँ छ भन्ने मानेर अध्ययन गर्नु पर्दछ। प्रत्येक मुद्दाको तथ्य फरक हुन्छ। अपराध गर्दाको परिस्थिति, अपराधीको मनस्थिति, कार्यशैली, संलग्नता र संकलित प्रमाणहरू फरक हुन्छन् । तसर्थ प्रत्येक मुद्दालाई यसको आफ्नै तथ्य, परिस्थिति र संकलित प्रमाणको आधारमा निर्णय गरिनु पर्दछ ।

**(घ.६) कानून बमोजिम कर्तव्य पालनाको सिद्धान्त (Principle of Legal Performance of Duty)**

अभियोजनकर्ताले अभियोजनको कार्य गर्दा कानून बमोजिम गर्नु पर्दछ। कानूनको सही प्रयोग गर्ने कुराको प्रत्याभूति गर्नु पर्छ। कानूनको कार्यविधि पालन गर्नुपर्दछ। अभियोजन कार्यको साथसाथै कानूनले अधिकार प्रदान गरे अनुरुप अनुसन्धानमा निर्देशन दिनका अतिरिक्त अनुसन्धान कार्यको वैधताको अनुगमन गरी कानूनको उचित तरिकाले प्रयोग भएको छ, आवश्यक सबै प्रमाणहरू अदालत समक्ष पेश गरिएका छन् र प्रकाश गर्नुपर्ने सबै तथ्यहरू प्रकाश गरिएका छन् भन्ने कुराको सुनिश्चितता गर्नु पर्दछ ।

**(घ.७) प्रमाणको पर्याप्तताको सिद्धान्त (Principle of Sufficiency of Evidence)**

अभियोजनकर्ताले अभियोजनको निर्णय गर्दा प्रत्येक अभियुक्तका विरुद्धमा लगाइएको अभियोग पुष्टि गर्नका लागि आवश्यक पर्ने पर्याप्त प्रमाणहरू छन् भन्ने कुरामा सन्तुष्ट हुनुपर्दछ। प्रतिवादी वा प्रतिरक्षी कानून व्यवसायीको उक्त प्रमाणको सम्बन्धमा भनाइ के हुन सक्छ र त्यसलाई निस्तेज पार्ने उपाय के छ ? यसले अभियोग पुष्टि गर्ने सम्भावनामा कति असर पार्ला भन्ने समेत विचार गर्नु पर्दछ । अभियोजनको औचित्य संकलित प्रमाणले निर्धारण गर्दछन् न की मुद्दाको संवेदनशीलताले। तसर्थ प्रमाणको पर्याप्तता नभएको मुद्दा जतिसुकै संवेदनशील भएपनि अगाडि बढाउनु हुँदैन ।

### ५.२.२ अभियोजन र अभियोजन पद्धति

राज्यको फौजदारी कानूनको उल्लंघन अपराध मानिन्छ र अपराध गर्ने व्यक्तिलाई फौजदारी कानूनले सजाय तोकेको हुन्छ । अपराध गर्ने व्यक्तिलाई कानून वमोजिम उत्तरदायी बनाउन कानूनको प्रक्रिया पूरा गरी अदालतबाट दोषी सिद्ध गराउनु पर्दछ । यसका लागि कानून उल्लंघन गर्ने व्यक्तिका विरुद्ध अनुसन्धान गरी प्रमाणका आधारमाआरोप लगाई राज्यको तर्फबाट सक्षम न्यायिक निकाय समक्ष अभियोजन (Prosecution) गरिन्छ। अभियोजन भनेको कुनै पनि अपराधको सम्बन्धमा कसैका विरुद्ध सक्षम अदालत समक्ष औपचारिक रूपमा आरोप लगाउने कार्य हो । जसले यसप्रकारको अभियोग वा आरोप लगाउने अधिकार राख्दछ त्यसलाई अभियोजनकर्ता वा अभियोक्ता भनिन्छ। अभियोजन प्रणाली भित्र यसको लक्ष तथा अभियोजनका लागि जिम्मेवार संस्थाको संस्थागत स्वरूप, यसको संस्थागत क्रियाकलाप र कार्यका निर्देशक सिद्धान्त समेतलाई जनाउँछ ।

अभियोजनकर्ता सामान्य पक्षको नभएर सार्वभौम जनताको प्रतिनिधि हो जसले अनिवार्य रूपमा निष्पक्षताको पालना गर्नुपर्छ। फौजदारी न्याय प्रशासनमा निजको स्वार्थ वा चाहना मुद्दा जित्नु नभएर न्याय दिलाउनु हो[2]। कमन ल वा सिभिल ल तथा अभियोजनात्मक वा अनुसन्धानात्मक जुनसुकै पद्धति भएपनि अभियोक्ता फौजदारी मुद्दामा राज्यको प्रतिनिधि हो। उसमा फौजदारी कानूनको उल्लंघनको आरोप लागेको कुनै पनि व्यक्ति विरुद्ध औपचारिक रूपमा मुद्दा प्रस्तुत गर्ने उत्तरदायित्व हुन्छ।[3]

अभियोजनात्मक पद्धतिमा कुनै अपराधिक कार्य घटित भएपछि कार्यपालिकाका तर्फबाट प्रहरीले अपराधको अनुसन्धान गर्दछ र अभियोजनकर्ताले अनुसन्धानवाट प्राप्त प्रमाणका आधारमा अभियोजन गर्दछन्। अभियुक्तको कसूर शंका रहित तवरले पुष्टि गर्ने दायित्व अभियोजनकर्तामा रहन्छ। अन्यथा शंकाको सुविधा अभियुक्तले पाउँछ। तसर्थ अभियोजनको कार्य अत्यन्त महत्वपूर्ण मात्र नभएर चुनौतीपूर्ण समेत छ।

राज्यको तर्फबाट अभियोजन कार्यको लागि जिम्मेवार व्यक्ति अभियोजनकर्ता (Prosecutor) हो। अभियोजनकर्ता सार्वभौमको प्रतिनिधि भएको नाताले उसको उद्देश्य कसैलाई दोषी सिद्ध गर्नु मात्र नभएर कानूनको उचित प्रक्रिया पूरा गरी संकलन गरिएका प्रमाणको आधारमा दोषी सिद्ध गर्नु हो। अभियोजनात्मक पद्धतिमा कार्यविधिगत पक्षमा बढी जोड दिइन्छ। अनुसन्धानको प्रारम्भदेखि नै कानूनको उचित प्रक्रियाको पालना तथा शंकितको अधिकारको संरक्षण गरिनु पर्दछ।

नेपालको संविधानमा "यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउँने वा नचलाउँने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने" भन्ने व्यवस्था रहेकाले महान्यायाधिवक्तालाई प्रमुख अभियोजनकर्ताको रुपमा संविधानले अधिकार प्रदान गरेको पाइन्छ। साथै संविधानले "महान्यायाधिवक्ताले आफ्नो काम कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालना गर्ने गरी मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्नेछ" भन्ने व्यवस्था समेत गरेको छ।

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले सरकारी वकील भित्र महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता, सहायक जिल्ला न्यायाधिवक्ता र महान्यायाधिवक्ताले सरकारी वकील भई काम गर्न तोकेको कुनै कर्मचारी समेतलाई समेटेको छ। सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ र सरकारी वकील सम्बन्धी नियमावली २०५५ ले सरकारवादी मुद्दामा अनुसन्धानको क्रममा निर्देशनात्मक भूमिका निर्वाह गर्ने प्रत्यायोजित अधिकार अन्तर्गत मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने, अभियोजन गर्ने, साक्षी परीक्षण, बहस पैरवी, पुनरावेदन गर्ने वा नगर्ने र मुद्दा दोहोऱ्याई हेरी पाऊँ भन्ने निवेदन गर्ने वा नगर्ने समेतका अभियोजनका सम्पूर्ण प्रक्रियाहरू सरकारी वकीलबाट हुने व्यवस्था गरेको छ।

---

2 Justice Sutherland in Berger v. United States, 295 U.S. 78, 88 (1935)

3 Ibid.

#### ५.२.२.१ प्रमुख अभियोजन पद्धतिहरु

विश्वमा अलग अलग अवधारणामा आधारित दुईवटा फौजदारी न्याय प्रणालीहरू प्रचलनमा रहेको पाइन्छः अभियोजनात्मक वा प्रतिद्वन्द्वात्मक फौजदारी न्याय प्रणाली (Adversarial Model of Criminal Justice System) र अन्वेषणात्मक फौजदारी न्याय प्रणाली (Inquisitorial Model of Criminal Justice System) । यी दुई किसिमका फौजदारी न्याय प्रणालीको आधारमा विश्वमा अभियोजन पद्धति पनि अभियोजनात्मक वा प्रतिद्वन्द्वात्मक अभियोजन पद्धति र अनुसन्धानात्मक अभियोजन पद्धति गरी दुई अलग अलग प्रकारको रहेको पाइन्छ ।

**(क) अभियोजनात्मक वा प्रतिद्वन्द्वात्मक अभियोजन पद्धति (Adversarial Model of Prosecution System)**

कमन ल को अभियोजनात्मक प्रणालीमा अनुसन्धान प्रहरीले गर्दछन् र अभियोजन कार्यपालिका तर्फका अभियोजनकर्ताबाट हुन्छ। यसमा बाहुको समानतामा जोड दिइन्छ। फौजदारी प्रक्रिया भनेको निस्क्रिय र निष्पक्ष न्यायाधीशका समक्ष हुने विवादको समाधान चाहने दुई समान पक्षहरूका बीचको प्रतिद्वन्द्विता हो ।[४] सुनुवाइमा न्यायाधीशको निष्पक्ष भूमिका, उसले आफ्नो तत्परतामा साक्षी बुझ्न नसक्ने र कार्यविधिगत स्वच्छता कायम गर्न अम्पायरको भूमिका खेल्ने जस्ता कुरालाई कमन ल को फौजदारी कार्यविधिको एक प्रमुख विशेषताको रूपमा उल्लेख गरिन्छ । यसले पक्षको सक्रियतालाई स्थान दिन्छ ।

मुद्दाका पक्षहरूले आफ्ना प्रमाणको संकलन र प्रस्तुत गर्दछन् तथा तथ्य र कानून अनुसार आफ्ना तर्कहरू प्रस्तुत गर्दछन् । यसमा सत्य पत्ता लगाउने सबैभन्दा उत्तम उपाय भनेको पक्षहरूको समानता र इजलास समक्ष विश्वास दिलाउने द्वन्द्वात्मक पद्धति नै हो भन्ने मानिन्छ । यदि मुद्दाका पक्षहरू नै प्रक्रियाका मुख्य कर्ताहरू हुन र सत्य उनीहरूको भनाइबाटै प्राप्त हुन्छ भने उनीहरूलाई समान अवस्थामा (equal position) मा राखिनु पर्छ । एकातिर राज्यको अधिकार प्रयोग गर्ने प्रहरी र अभियोक्ता अर्कोतर्फ अभियुक्त विवादका पक्ष रहन्छन् । यी दुईको समानताका लागि अभियुक्तका स्वच्छ सुनुवाइको अधिकारहरू सुरक्षित हुन्छन् । यी अधिकार अन्तर्गत अभियोगका सम्बन्धमा सूचना पाउँने अधिकार, मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई त्यस्तो अधिकारीको आदेशले मात्र थुनामा राख्नु पर्ने, चुप रहन पाउने अधिकार, आफ्नो पक्षको प्रमाण र साक्षी पेश गर्ने अधिकार, विशेषज्ञ तथा विपक्षीको साक्षीलाई प्रश्न गर्ने अधिकार तथा सुनुवाइको क्रममा उठाइएका सबै प्रश्नमा आफ्नो धारणा राख्ने जस्ता कुराहरूको प्रत्याभूति गरिएको हुन्छ ।

शंकितका उल्लेखित अधिकारहरूका अतिरिक्त यस पद्धतिमा निम्नलिखित चरित्रहरू समेत रहेको पाइन्छः

4 Matagorzata, Wgsek-Wiaderek, "The principle of equality fo arms in criminal procedure under Article 6 of European Convention on Human Rights and its functions in criminal justice of selected European Countries: A comparative view", LEUVEN LAW SERIES 13, Centre for Advanced Legal Studies, p. 43

(क) अभियोजन पक्षबाट भएको कार्यविधिगत त्रुटीको फाइदा समेत शंकितले पाउँछ ।

(ख) अनुसन्धानका क्रममा बुझिएका साक्षीहरूको अदालतमा पुन: परीक्षण हुनुपर्दछ ।

(ग) साक्षीहरूको जिरह गर्न पाउने अधिकार अभियुक्त र अभियोजनकर्तामा रहन्छ ।

(घ) न्यायाधीश न्यायिक कारवाहीका ध्यान दिएर सुन्ने श्रोता (Attentive Listener) का रुपमा रहन्छन् । कुनै महत्वपूर्ण कानून वा तथ्यमा स्पष्ट हुनुपर्ने अवस्थामा बाहेक न्यायाधीशले प्रश्नोत्तर गर्दैनन् तथा अभियुक्त र वादी र प्रतिवादीका साक्षीहरूलाई जिरह गर्दैनन् ।

(ङ) मुद्दाको रोहमा माथिल्ला अदालतले कानूनको व्याख्या गरी कानूनी सिद्धान्तहरू प्रतिपादन गर्न सक्दछन् र ती सिद्दान्तहरू कानून सरह मानिन्छन् ।

(च) धेरै देशहरूमा जुरिद्वारा मुद्दाको तथ्यको निक्यौंल (Fact finding) गरिन्छ ।

यस पद्धतिमा अपराधको अनुसन्धान र अभियोजनमा अदालतले भूमिका खेल्दैन वा हस्तक्षेप गर्दैन । सामान्यतया मुद्दाको अनुसन्धान प्रहरीबाट हुन्छ र अपराध अनुसन्धानको मुख्य जिम्मेवार निकाय प्रहरीलाई नै मानिन्छ । अभियोजनकर्ता (Prosecutor) ले अपराध अनुसन्धानमा निर्देशन दिने कार्य गर्दछ । सामान्यतया मुद्दाको अभियोजन अभियोजनकर्ता (Prosecutor) बाट नै गरिन्छ । तर कतिपय देशमा कुनै विशेष प्रकृतिका मुद्दामा अभियोजनकर्ता बाहेक अन्य कुनै निकाय वा पदाधिकारीबाट र कुनै सामान्य प्रकृतिका मुद्दाहरूमा प्रहरी आफैले अभियोजन गर्ने पद्धति समेत रहेको पाइन्छ ।

यस पद्धतिले शंकितको स्वच्छ सुनवाइ (Fair trial) को अधिकारको सुनिश्चिततालाई महत्व दिन्छ । तसर्थ यस पद्धतिमा अभियोजन पक्षले यी सबै अवस्थाहरूको परिपालना गरी शंकितका उल्लेखित सबै संबैधानिक तथा कानूनी अधिकारहरूको सम्मान गरि अपराधको अनुसन्धान र अभियोजन गर्नु पर्ने हुन्छ र अभियुक्त उपरको कसूर शंका रहित तवरले पुष्टि गर्नु पर्ने हुन्छ ।

**(ख) अन्वेषणात्मक पद्धति (Inquisitorial Model of Prosecution)**

अन्वेषण (Inquisition) को अर्थ "निरन्तर अनुसन्धान" भन्ने बुझिन्छ । अन्वेषणात्मक प्रणालीमा अनुसन्धान मात्र नभएर सम्पूर्ण कार्यविधिको प्रमुख उद्देश्य नै सत्य पत्ता लगाउने भएकोले सत्य तथ्यको उजागर गर्ने अनुसन्धानमा जोड दिइन्छ । यस पद्धतिमा मुद्दाको निर्णय गरिनु पूर्व अदालतको प्रत्यक्ष संलग्नता वा सुपरिवेक्षणमा निरन्तर अनुसन्धान कार्य जारी राखिन्छ । अुनसन्धानमा अदालत पूर्णरुपमा सन्तुष्ट भएपछि मात्र निर्णयमा पुगिन्छ । यहाँ मुद्दाको सुनुवाइ भनेको दुई विपरीत पक्षहरू बीचको दोहोरी भन्दा पनि सत्यको खोजी गर्ने माध्यम हो (It recognizes the state's interest and abolishes the accusatory idea of trials as duels between two parties) । यसर्थ अनुसन्धानको क्रममा अभियुक्तको पनि सहयोगको अपेक्षा गरिएको हुन्छ । सिभिल ल मा अनुसन्धान कसैप्रति लक्षित नभएर सत्य पत्ता लगाउने (objective truth finding) तर्फ उन्मुख हुन्छ । त्यसकारण यहाँ कसैप्रति पूर्वाग्रह रहने सम्भावना रहदैन । साक्षीहरू कुनै पक्षका नभएर घटनाका साक्षी हुन्छन् । प्रमाण घटना वा तथ्यको प्रमाण हुन्छ । यसले गर्दा साक्षीलाई जिरह गर्नु आवश्यक मानिदैन ।

### ५.२.३ फौजदारी न्यायका प्रशासनका सामान्य सिद्धान्तहरु

- कानून बमोजिम गर्नु पर्ने वा कानूनले क्षम्य मानेको कामलाई कसूर मानिने छैन ।
- कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय हुने छैन ।
- तथ्यको भ्रममा परी कानून बमोजिम गर्नु पर्ने वा क्षम्य मानिएको विश्वास गरी असल नियतले गरेको कुनै काम कसूर मानिने छैन । तर कानूनको अनभिज्ञतामा गरेको काम क्षम्य हुने छैन ।
- कुनै व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटक भन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन ।
- कुनै व्यक्ति सक्षम अदालत वा न्यायिक निकायबाट हुने स्वच्छ सुनुवाईबाट वञ्चित हुने छैन ।
- कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर  लाग्ने छैन ।
- कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई निजले सो कसूर गरेको प्रमाणित नभएसम्म कसूरदार मानिने छैन ।
- दश वर्ष उमेर नपुगेको नाबालकले गरेको कुनै काम कसूर मानिने छैन ।
- कुनै काम गर्दाका बखत मानसिक अस्वस्थताको कारणले त्यस्तो कामको प्रकृति, गुण, दोष वा परिणाम बुझ्न नसक्ने गरी होस ठेगानमा नरहेको व्यक्तिले गरेको  काम कसूर मानिने छैन ।
- ज्यान लिने वा अङ्गभङ्ग गर्ने नियतले  वा ज्यान जान वा अङ्गभङ्ग हुन सक्दछ भन्ने थाहा भई गरेकोमा बाहेक कसैले कुनै व्यक्तिको भलाईका लागि निजको मन्जुरी लिई असल नियतले होशियारी साथ गरेको कुनै कामबाट त्यस्तो मन्जुरी दिने व्यक्तिलाई क्षति पुग्न गएमा सो काम कसूर मानिने छैन ।

  नाबालक वा मानसिक अस्वस्थताको कारणले होस ठेगानमा नरहेको व्यक्तिको भलाइका लागि निजको संरक्षकले वा त्यस्तो संरक्षकको मन्जुरी लिएर अरु कसैले असल नियतले होशियारी साथ गरेको कुनै कामबाट त्यस्तो व्यक्तिलाई कुनै क्षति पुग्न गएमा सो काम कसूर मानिने छैन । तर ज्यान जान वा अङ्गभङ्ग हुनबाट रोक्ने उद्देश्यले गरेकोमा बाहेक ज्यान जान सक्छ वा अङ्गभङ्ग हुन सक्छ भन्ने जानी जानी त्यस्तो कुनै काम गर्ने व्यक्तिले आपराधिक दायित्वबाट छुट पाउने छैन .
- कुनै व्यक्तिको भलाइका लागि तत्काल कुनै काम नगरी नहुने भएको, सो व्यक्ति  तत्काल आफै मन्जुरी दिन नसक्ने अवस्थामा रहेको र निजको तर्फबाट मन्जुरी दिन सक्ने संरक्षक पनि तत्काल उपलब्ध नभएको अवस्थामा निजको भलाईका लागि मन्जुरी नलिएर पनि असल नियतले होसियारी साथ त्यस्तो काम गर्दा निजलाई कुनै क्षति वा हानि नोक्सानी पुग्न गएमा त्यस्तो काम कसूर मानिने छैन ।
- कसैले कुनै व्यक्तिलाई निजको भलाइको लागि असल नियतले दिएको कुनै कुराको सूचना वा जानकारीबाट त्यस्तो व्यक्तिलाई कुनै क्षति पुग्न गएमा सो काम कसूर मानिने छैन ।

- कसैले जोखिमी हातहतियार वा विषालु वा विष्फोटक पदार्थ लिई कुनै व्यक्तिलाई निजले तत्काल कुनै काम नगरे निज वा निजको नजिकको नातेदारको ज्यान लिने वा शारीरिक अङ्गभङ्ग गराउने डर त्रास देखाएको र त्यस्तो खतरा छ भनी विश्वास गर्नु पर्ने मनासिव कारण भई ज्यान, अङ्गभङ्ग र राज्य विरुद्धको कसूर  बाहेकका काम गरेमा सो काम कसूर मानिने छैन । त्यस्तो कसूर गराउने व्यक्तिलाई निज आफैले सो कसूर गरे सरह कानून बमोजिम सजाय हुनेछ । तर त्यस्तो काम गर्ने व्यक्तिकै कारणबाट निज त्यस्तो डर त्रासको अवस्थामा पुगेकोमा भने सो व्यक्तिले आपराधिक दायित्वबाट छुट पाउँने छैन ।
- कसैलाई कुनै हानि नोक्सानी हुने कुनै काम तत्काल नगरे आफ्नो वा अरु कसैको जीउ, ज्यान वा सम्पत्तिमा सोभन्दा ठूलो हानि नोक्सानी हुने निश्चित भई आपराधिक नियत विना र सम्भावित ठुलो हानि नोक्सानी रोक्ने वा टार्ने उद्देश्यले हानि नोक्सानी हुने कुनै काम गरेमा पनि त्यस्तो काम कसूर मानिने  छैन ।
- तत्काल कुनै काम नगरेमा  आफ्नो वा अरु कसैको जीउ, ज्यान वा सम्पत्तिलाई कुनै गैर कानूनी क्षतिवाट बचाउन सकिंदैन भन्ने मनासिव विश्वास भई वा विश्वास गर्नु पर्ने कारण भई मनासिव बल प्रयोग गरी गरेको कामबाट कसैलाई कुनै हानि नोक्सानी भए पनि कसूर नमानिने ।
- साधारण समझको व्यक्तिले उजुर गरिरहन नपर्ने मामूली किसिमको हानि नोक्सानीलाई कसूर मानिने छैन ।
- कसैले कुनै नाबालकलाई फकाई, सिकाइ वा प्रभावमा पारी कुनै कसूर गर्न लगाएको रहेछ भने त्यसरी कसूर गर्न लगाउने व्यक्तिलाई निज आफैले सो कसूर गरे सरह सजाय हुनेछ ।
- निरपेक्ष दायित्व (Strict liability) हुने कसूरमा आपराधिक मनसाय परीक्षण नहुने ।
- सङ्गठित संस्थाबाट भएको कसूरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुनेछ र त्यस्तो व्यक्ति किटान हुन नसकेमा फर्मको हकमा सम्बन्धित धनी वा हिस्सेदारहरू र कम्पनी वा सङ्गठित संस्था भए कार्यकारी प्रमुख सञ्चालक, प्रबन्ध संचालक, महाप्रबन्धकले आपराधिक दायित्व व्यहोर्नु पर्नेछ ।
- समूहबाट भएको कसूरमा सबै सदस्यलाई सजाय हुने ।

### ५.२.४ फौजदारी दायित्वका सिद्धान्तहरु र फौजदारी दायित्वका तहः

फौजदारी कानूनको उल्लंघन वा अपराधिक कार्य गरे वापत बहन गर्नु पर्ने दायित्वलाई फौजदारी दायित्व (Criminal Liability) भनिन्छ । अर्थात प्रचलित फौजदारी कानूनद्वारा अपराध वा कसूर भनी निषेधित वा परिभाषित कुनै कार्य गर्ने व्यक्तिले सो वापत कानून बमोजिम बहन गनु पर्ने दायित्वलाई फौजदारी दायित्व भनिन्छ । अपराधिक कार्य गर्ने व्यक्तिका विरुद्ध कानून बमोजिम अनुसन्धान गरी सक्षम अदालत समक्ष अभियोजन गरिन्छ र सक्षम अदालतले कानूनको प्रक्रिया पूरा गरी गरेका निर्णयबाट दोषी ठहरेमा मात्र फौजदारी दायित्वको भागी बनाइन्छ । यसरी बहन गर्नुपर्ने दायित्वमा प्रचलित फौजदारी कानूनले

निर्धारण गरे बमोजिम मृत्युदण्ड, कैद, सर्वस्व, जरिवाना, क्षतिपूर्ति वा यीमध्ये एक भन्दा बढी प्रकारका सजायहरू बहन गराइन्छ ।

कुनै व्यक्तिलाई उसले गरेको अपराधिक कार्यको लागि फौजदारी दायित्व बहन गराउन उसले कुनै गैरकानूनी कार्य गरेको छ भन्ने पुष्टि गर्नु मात्र पर्याप्त हुदैन, त्यसको अलावा जुन समयमा उक्त अपराधिक कार्य गरेको हो सोही समयमा (अगाडि पछाडि होइन) उसका सो कार्य गर्ने अपराधिक मनसाय समेत रहेको थियो । उसले गरेको कार्यबाटै यो अपराधिक कार्य घटित भएको हो भन्ने कुरा शंकारहित तवरले (Without Reasonable Doubt) पुष्टि गर्नु पर्ने हुन्छ र सो पुष्टि गर्ने दायित्व अभियोजनकर्ता (Prosecutor) मा रहन्छ । यसरी कसैलाई फौजदारी दायित्व बहन गराउनको लागि अभियोजन पक्षले के के कुराहरू शंका रहित तवरले पुष्टि गर्नु पर्छ भन्ने सिद्धान्तलाई फौजदारी दायित्वको सिद्धान्त भनिन्छ ।

आधुनिक फौजदारी न्याय पद्धतिले निम्न लिखित पाँचवटा सिद्धान्तहरूलाई फौजदारी दायित्वको सिद्धान्तका रुपमा स्वीकार गरेको पाइन्छ:

(क) अपराधिक कार्यको सिद्धान्त (Principle of Actus reus)

(ख) अपराधिक मनसायको सिद्धान्त (Principle of Mens rea)

(ग) अपराधिक कार्य र अपराधिक मनसाय सँग सँगै रहनु पर्ने सिद्धान्त (Principle of Concurrence)

(घ) जरियाको सिद्धान्त (Principle of Causation)

(ङ) क्षतिको सिद्धान्त (Principle of Resulting Harm)

सबै अपराधमा अभियोजनकर्ताले यी पाँचवटै तत्वहरूपुष्टि गर्नु पर्ने भन्ने हँदैन् । केहि अपराधमा उल्लेखित केही तत्वहरू असान्दर्भिक पनि हुन जान्छन ।

### ५.२.४.१ अपराधिक कार्यको सिद्धान्त (Principle of Actus reus)

अपराधिक कार्य (Actus reus) अपराधको भौतिक रुपमा देखिने महशुस गर्न सकिने तत्व हो र यो सबै किसिमका अपराधमा अनिवार्य रुपमा रहनु पर्ने तत्व हो । त्यसैले अपराधिक कार्य विना अपराध हुँदैन (No Actus reus No Crime) भनिन्छ । अपराधिक कार्य भन्नाले अभियुक्तले गरेको स्वेच्छिक कार्य (Vouluntaryness of Conduct) लाई जनाउँछ ।

डर त्रासमा पारी गराइएको काम, कुनै वाहिरी तत्वको कारणले प्रतिकृया स्वरुप शरीरका अंगहरू चल्न जाँदा हुँने कार्य (जस्तैः माहुरी, अरिंगाल आदिको आक्रमणले गर्दा गरिने स्वभाविक शारीरिक प्रतिक्रियावस हुन गएको कार्य), औषधिको सेवन, छारे रोग, मानसिक रोग, संमोहन, रगतमा अत्यधिक मात्रामा चिनीको अल्पता हुन गएको कारण कार्यको प्रकृति र परिणाम थाहा नपाउँने अवस्थामा पुगेको (Concussion, Hypoglycemice, Epilepsy, Insanity, Hypnosis) अवस्थामा हुन गएको कार्य , स्वप्न विचरण (Somnambulishsm, Dream or SlepWalking) मा हुन गएको कार्यहरू स्वेच्छा विपरीतका कार्य (Involentary Conduct) हुन् । यस्तो अवस्थामा भएको कानून बर्जित कार्यलाई अपराधिक कार्य

(Actus reus) को कोटिमा राखिदैन । अपराधिक कार्य भन्नाले केवल कानूनले निषेधित गरेको कुनै कार्य गर्नु (Positive act) लाई मात्र जनाउँदैन । यस भित्र कार्य (Act), अकर्मन्यता (Omission) कार्य वा अकार्य बेगर पनि कानूनको उल्लंघन हुने अवस्थामा रहनु (State of Affairs) समेत पर्दछन ।

(क) **कार्य (Act)** : कार्य भन्नाले कानूनले बर्जित गरेको कुनै काम शरीरको कुनै मांशपेशी (Muscles), अंग (Organs) वा हातखुट्टा (Limb) को माध्यमद्वारा स्वेच्छिक रुपले गरिएको कुनै कार्य (Act) लाई जनाउँछ । प्रायः धेरैजसो अपराधिक कार्यहरू कार्य (Act) बाटै घटाइन्छ ।

(खं) **अकार्य वा कर्तव्य विमुखता (Omission):** कानूनले गर्नु भनी कर्तव्य तोकिएको कुनै कार्य नगरेको कारणबाट कानूनले बन्देज लगाएको कुनै कार्य हुन गयो भने त्यसलाई अकार्य वा कर्तव्य विमुखता (Omission) बाट भएको अपराध भनिन्छ । विभिन्न देशका कानूनले निम्नलिखित कारणबाट व्यक्तिका निश्चित कर्तव्यहरू सृजना हुन्छन र ती कर्तव्यहरू पालना नगरेको कारणहरूबाट कुनै अपराधिक कार्य हुन गएमा सो को अपराधिक दायित्व बहन गर्नु पर्दछ भन्ने मान्यता विकास भएको पाइन्छ । खासगरी हेरचाह, पालन पोषण र औषधि उपचार गर्नु पर्ने कर्तव्य भएका व्यक्तिले सो नगरेको कारण पीडितको मृत्यु वा गम्भीर शारीरिक क्षति भएमा कर्तव्य विमुख हुने व्यक्तिले कसूर गरेको मानिन्छ । ती अवस्थाहरू निम्न छन्:-

(अ) व्यक्तिसँगको निश्चित नाता सम्वन्ध

(आ) कुनै व्यक्तिप्रतिको जिम्मेवारी आफैले स्वीकार गर्नु, जस्तोः सडकमा फालिएको बच्चा उठाई घरमा ल्याई पालन पोषण गरी राखेमा कर्तव्य सृजना हुन्छ ।

(इ) कसैसँग गरेको सम्झौताको कारणबाट,

(ई) आफैले सृजना गरेको खतरनाक अवस्थाको कारणबाट, जस्तैः चुरोट तान्दै बसेको अवस्थामा घरमा आगो लाग्न गयो । त्यसपछि आफूमात्र सुरक्षित स्थान तर्फ गएमा उत्तरदायी हुन्छ चाहे उसको आगो लगाउने मनसाय नहोओस् ।

(गं) **निश्चित परिस्थितिमा हुनु (State of Affairs)** : फौजदारी कानूनमा (State of Affairs) को अर्थ कुनै व्यक्ति कुनै निश्चित अवस्था वा परिस्थितिमा हुनु जुन अवस्थालाई कानूनले अपराधिक कार्य मान्दछ । यस भित्र कुनै अवैधानिक संगठनको सदस्य हुनु, भिसाको अवधि सकिए पछि पनि विदेशमा रहि रहनु, अनुमति पत्र बेगर गाडी चलाउँनु आदि पर्दछन् । यस किसिमका अपराधमा कसैलाई कुनै किसिमको क्षेति पुगेको अवस्था हुदैन, त्यस्तै यस्ता अपराधमा संकितको मनसाय (mens rea) के थियो भन्ने समेत हेरिन्न । अपराधिक कार्य (Actus reus) पुष्टि हुनु नै शंकित उपर अभियोग पुष्टि हुन पर्याप्त मानिन्छ ।

### ५.२.४.२ अपराधिक मनसायको सिद्धान्त (Principle of Meas Rea)

अपराधिक कार्य आफैमा अपराध हुदैन, यदि त्यो कार्य अपराधिक मनसायको साथ गरिएको छैन भने । Actus Non Fecit Reum Nise Mens Rea अर्थात (The Act does not make a person guilty unless the mind is also guilty) भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हो, तर निरपेक्ष दायित्व

(Strict Liability) अन्तरगतका अपराधहरूमा अपराधिक कार्य पुष्टि भएपछि अभियुक्तको अपराधिक मनसाय तर्फ विचार गरिदैन । तसर्थ निरपेक्ष दायित्व भएका अपराधहरू अपराधिक मनसायको सिद्धा( न्तका अपवाद हुन् । अपराधिक मनसाय भित्र एउटै स्तरको अपराधिक मनसाय तत्व (Single state of Mind) रहेको हुँदैन । मनसाय तत्वभित्र निम्न लिखित चारवटा स्तर रहेका छन :

(क) मनसायपूर्वक गरिएको कार्य (Intention )

(ख) अपराधिक परिस्थितिको ज्ञान भएर गरिएको कार्य (Knowledge)

(ग) लापरवाइ (Recklessness)

(घ) हेलचेक्राई (Negligence)

**(क) मनसायपूर्वक गरिएको कार्य (Intention) :**

कुनै निश्चित परिणाम वा फलको ईच्छा राखेर वा त्यस्तो परिणाम आउँने अवस्था अवश्यम्भावी (virtually certain) छ भन्ने थाहा हुँदा हुँदै गरिएको अपराधिक कार्यलाई मनसायपूर्वक गरिएको कार्य भनिन्छ । मनसाय (Intention ) लाई दुई भागमा बाँड्न सकिन्छ : प्रत्यक्ष मनसाय (Direct Intention ) अप्रत्यक्ष मनसाय (Oblique Intention)

(अ) **प्रत्यक्ष मनसाय (Direct Intention)** : आफूले गरेको कामको अपराधिक परिणामको बारेमा थाहा जानकारी भएको र त्यस्तो परिणाम वा फलको आशा समेत राखी गरिएको कार्यलाई प्रत्यक्ष मनसायपूर्वक (Direct Intention) गरिएको कार्य भनिन्छ ।

(आ) **अप्रत्यक्ष मनसाय (Oblique Intention):** आफूले गरेको कार्यको अपराधिक परिणाम वा फलको आशा नराखिएको भएता पनि आफूले गरेको कार्यले त्यस्तो अपराधिक परिणाम ल्याउने अवस्था अवश्यम्भावी (virtually certain) रहेको भन्ने जानकारी हुँदाहुँदै वा जानकारी हुने अवस्था विद्यमान रहँदा रहँदै गरिएको कुनै कार्यलाई अप्रत्यक्ष मनसायपूर्वक (Oblique Intention) गरिएको कार्य भनिन्छ ।

**(ख) अपराधिक परिस्थितिको ज्ञान भएर गरिएको कार्य (Knowledge):**

कानूनद्वारा निषेध गरिएको कुनै एउटा विशेष परिस्थिति (Specific Circumstance) को बारेमा जानकारी हुँदा हुँदै वा जानकारी हुने सम्बन्धमा कुनै द्विविधा नभएको अवस्थामा गरिएको कार्यलाई अपराधिक परिस्थितिको ज्ञान भएर गरिएको कार्य (Knowledge) भनिन्छ । सार्वजनिक स्थानमा जानीजानी विस्फोटक पदार्थ राख्नु, जानीजानी विस्फोटक पदार्थ बोक्नु, जानि जानि भन्सार नतिरेका सामान खरिद विक्रि गर्नु वा राख्नु जस्ता कार्यहरू यस अन्तर्गत पर्दछन् ।

**(ग) लापरवाइ (Recklessness):**

आफूले गरेको कुनै कार्यबाट कुनै अपराधिक कार्य घट्न सक्दछ भन्ने संभाव्यता रहेको अवस्थामा वा एउटा सामान्य समझ भएको व्यक्तिले त्यस्तो संभावना देख्न सक्ने अवस्थामा अमनासिव जोखिम (Unreasonable or Unjustifiable Risk) लिई कुनै कार्य गर्नु लापरवाई (Recklessness) हो । यसमा अपराधिक परिणामको इच्छा पनि राखिएको हुदैन र सो कार्यले अपराध घटने अवस्यम्भावी (virtually certain) को अवस्था पनि रहेको हुँदैन । लापरवाई (Recklessness) लाई दुई वर्गमा

बाँडिएको पाइन्छ । यदि अभियुक्तले आफूले गरेको कार्यले अपराध घट्न सक्ने विद्यमानता (Probability) देखेको हुन्छ । तर पनि अमनासिव जोखिम लिएर काम गर्दछ भने त्यसलाई विषयगत लापरवाही (Subjective Recklessness) भनिन्छ । त्यस्तै यदि अभियुक्तले उसले गरेको कार्यले अपराध घट्न सक्ने अवस्थाको विद्यमानता देख्दैन वा नदेखेको दावी लिन्छ तर उसको स्थानमा अर्को कुनै सामान्य समझ भएको मानिस (Prudent Person) ले त्यस्तो जोखिमको अवस्था देख्छ भने त्यसलाई बस्तुगत लापरवाही (Objective Recklessness) भनिन्छ ।

(घ) **हेलचेक्राई (Negligence):**

कुनै व्यक्तिले आफ्नो काम गर्दा आवश्यक सावधानी अपनाउँदैन, क्षमता (Skill) को पूर्णतः प्रयोग गर्दैन, दुरदर्शिता (Foresigst) अपनाउँदैन, फलस्वरुप कुनै अपराधिक कार्य हुन जान्छ भने त्यसलाई हेलचेक्राई (Negligence) भनिन्छ । यसमा अनुचित जोखिमको प्रश्न उठदैन । कुनै काम हेलचेक्राई हो होइन भन्ने सम्वन्धमा निष्कर्षमा पुग्न त्यस व्यक्तिको ठाउँमा अन्य कुनै विवेकशील मानिसले घटना नघट्ने विवेकशील सावधानी अपनाउँथ्यो वा अपनाउँदैनथ्यो भन्ने हेरिन्छ ।

सरेको मनसायको सिद्धान्त (Doctrine of Transferred malice) : सामान्यतया कुनै व्यक्ति वा समुदायप्रति लक्षित मनसायपूर्वक, जानीजानी, लापरवाही गरी भएको अपराधिक कार्यको लागि अपराधिक दायित्व बहन गराईन्छ तर सरेको मनसायको सिद्धान्त (Doctrine of Transferred malice) र पीडितको पहिचानको भुलको सिद्धान्त यसका अपवाद हुन् ।

यस सिद्धान्तमा अभियुक्तले आक्रमण गर्न चाहेको वा लक्षित गरेको पीडित (Intended Victim) एउटा हुन्छ तर निजले बचाउ गरेको कारण वा अन्य कुनै कारणले वा लक्षित पीडित भन्ने सम्झी गरेको कार्य पहिचानको भुलले गर्दा वा गलत प्रहारबाट अर्कै व्यक्ति उपर पर्दछ भने अभियुक्तले आफूले निजलाई लक्षित गरेको होइन भन्ने आधारमा छुट पाउन सक्दैन । अपराधिक मनसायका साथ कुनै अपराधिक कार्य गरिन्छ भने कर्ताको मनसाय यो वा त्यो व्यक्ति उपर थियो भन्ने कुराले अर्थ राख्दैन । यस सिद्धान्त अनुसार ताकेको पीडित (Intended Victim) उपर जे कार्य गर्ने जुन स्तरको मनसाय थियो, वास्तविक पीडित (Actual Victim) उपर त्यही कार्य गर्ने त्यही स्तरको मनसाय मात्र सर्दछ ।

### ५.२.४.३ अपराधिक कार्य र अपराधिक मनसाय सँगसँगै रहनुपर्ने सिद्धान्त (Principle of Concurrence)

अपराधिक मनसाय (Mens rea) अपराधिक कार्य भएकै समयमा रहनुपर्दछ, अपराधिक कार्य भन्दा अगाडि वा पछाडि सृजना भएको अपराधिक मनसायले अपराधिक दायित्वको सृजना हुन सक्दैन भन्ने सिद्धान्तलाई फौजदारी न्याय प्रशासनमा अवलम्बन गरिएको पाइन्छ । अभियुक्तले अपराधिक कार्य गर्ने मनसाय राखेर सो मनसायबाट परिचालित भई गरेको कार्यको लागि मात्र निजलाई जिम्मेवार वनाइन्छ । पहिला मनसाय राखेको कार्य पूरा गर्न नसकेको तर पछि सोही कार्य मनसायबाट नभई भवितब्यबाट वा लापरवाहीबाट भएमा मनसाय सहित गरेको कार्यका लागि जिम्मेवार बनाउन सकिँदैन । कसैले अपराधिक कार्य शुरु गरेपछि पनि सो कार्य परित्याग गर्न सक्दछ । धेरैजसो अपराधिक कार्यहरू अपराधिक मनसायले प्रेरित

गरेर गरिएका हुन्छन् भने कतिपय अवस्थामा अपराधिक मनसाय विना गरेको कार्यको निश्चित अवस्थामा पुगेपछि मनसाय सृजना हुन सक्दछ ।

केही अवस्थामा कार्यको निश्चित चरण पार गरेपछि वा कार्य गर्दाकै अवस्थामा मनसाय सृजना हुन्छ । कसैले सवारी चलाउँदा अन्जानमा कसैको खुट्टामाथि पुऱ्याउँछ र सो थाहा भएपछि हटाउँदैन भने पछिल्लो कार्यले मनसाय पुष्टि गर्दछ । त्यस्तै कसैले सवारी चलाउँदा भवितव्यवाट कसैलाई ठक्कर दिएकोमा पछि व्यहोर्नु पर्ने झन्झटको कारण फेरी व्याक गरी किचेमा कार्यको निश्चित चरणमा पुगेपछि मनसाय उत्पन्न भएको मानिन्छ । तसर्थ अपराधिक मनसाय अपराधिक कार्य हुनुभन्दा पहिले नै सृजना हुनुपर्छ भन्ने छैन । यदि शंकितले एकभन्दा बढी कार्य गर्दछ र निजले गरेका कार्यमध्ये जुनसुकै कार्यको परिणामस्वरुप अपराध भएको भएपनि मनसाय साथ गरेको मानिन्छ । मार्ने मनसाय सहित विष पिलाउन खोज्दा पीडित नमानी विष पिलाउन प्रयोग गरेको वलका कारण मृत्यु भएमा प्रतिवादी उत्तिकै जिम्मेवार हुन्छ ।

### ५.२.४.४ जरियाको सिद्धान्त (Principle of causation)

अपराधिक मनसाय र कार्य सँगसँगै हुनुले पनि अपराधिक कार्यको लागि अभियुक्तलाई जिम्मेवार बनाउन सकिँदैन, जबसम्म सो अपराध अभियुक्तकै कामको परिणाम हो भन्ने पुष्टि हुँदैन । खासगरी परिणाम देखिनु पर्ने अपराध (Result Crime) मा आवश्यक पर्ने यो तत्वलाई जरिया भनिन्छ । जरिया भन्नाले अभियुक्तको कार्यबाट वारदात भएको हो, अभियुक्तबाट त्यो कार्य नभएको भए (But for) यो वारदात घटित हुने थिएन भन्ने बुझाउँदछ । कुटपिटको घाइतेको मृत्युको कारण  क्यान्सर वा पुरानो टि. बी.बाट भएको भन्ने शव परीक्षण प्रतिबेदनबाट देखिएमा अभियुक्तको कुटपिटको जरियाबाट मृतकको मृत्यु भएको मानिदैन । जरिया तथ्यगत र कानूनी गरी  दुई किसिमका हुन्छन् । वारदातको तत्कालै परिणाम घटेमा तथ्यगत जरिया (factual causation) हुन्छ भने वारदातको तत्काल परिणाम ननिस्की केही अन्तरालमा निस्केमा कानूनले तोकेको शर्त पूरा भएमा मात्र सो जरियालाई स्वीकार गरिन्छ । कानूनले तोकेको म्याद नाँघेपछि सो जरियालाई स्वीकार गरिँदैन । जस्तैः मुलुकी ऐन ज्यान सम्बन्धीको मुद्दाका महलको ८,९ र १० नं. । त्यस्तै अभियुक्तको कार्य पछि अन्य व्यक्तिका कार्य  ज्यान सम्बन्धी महलको ११ र १२ नं.आदि ।

अभियुक्तको अपराधिक कार्य पछि खतरामुक्त भएको पीडितमाथि अन्य प्राकृतिक घटना (natural event) को कारणले गम्भीर शारीरिक क्षति पुग्छ वा मृत्यु हुन्छ भने सो अवस्थामा निजलाई जिम्मेवार बनाइदैन । अपराधिक कार्यपछि सही किसिमको उपचार हुँदाहुँदै मृत्यु हुन्छ भने अभियुक्त जिम्मेवार हुन्छ चाहे सो चोट गम्भीर नहोस् । तर यसको लागि चिकित्सकहरूले उपयुक्त प्रक्रियाले विना लापरवाही उपचार गरेको हुनुपर्छ । यदि उपचार प्रकृया अनुपयुक्त (inproper) थियो र चिकित्सकको लापरवाहीले त्यो अनुपयुक्त उपचार भएको थियो भने अभियुक्तलाई अपराधिक दायित्व बहन गराइदैन ।

अभियुक्तले अपराधिक कार्य गर्दा पीडितले बचाउ गर्ने क्रममा पीडितलाई गम्भीर शारीरिक क्षति वा निजको मृत्यु भएमा अभियुक्तलाई अपराधिक दायित्व बहन गराइन्छ । पीडितको आफ्नो कारणबाट वारदात भएको भनी अभियुक्तले उन्मुक्ति पाउदैन । त्यस्तै अपराधिक कार्य पछाडि पीडितले उपचार गर्न इन्कार गरेको परिणाम पीडितलाई गम्भीर शारीरिक क्षति वा मृत्यु भएमापनि अभियुक्तलाई अपराधिक दायित्व

बहन गराइन्छ । त्यस्तै  कमजोर स्वास्थ्य स्थिति भएको पीडित उपर अपराधिक कार्य गर्दा सामान्य प्रहारबाट पीडितको गम्भीर शारीरिक क्षति वा मृत्यु भएको भनी अभियुक्तले उन्मुक्ति पाउने अवस्था हुन्न, अपराधिक दायित्व बहन गराइन्छ । यसलाई Thin skull rule पनि भनिन्छ ।

### ५.२.४.५ क्षतिको सिद्धान्त (Principle of Harm)

मानिसको जीउ, ज्यान सम्पत्ति र प्रतिष्ठाको संरक्षण राज्यको प्राथमिक दायित्व हो । यसका विरुद्धको कार्यलाई राज्यले अपराधीकरण गरेको हुन्छ । कुनै कार्यले कसैको जिउ ज्यान सम्पति वा मानवीय प्रतिष्ठा आदिको क्षति नपुऱ्याउने कार्यलाई अपराधीकरण (Criminalization) र दण्डनीय वनाउने कार्य (Penalization) गरिदैन । कुनै अपराधिक कार्य गरे वापत अपराधीलाई कति सजाय गर्ने भन्ने कुरा त्यस कार्यले पीडितलाई कति मात्रामा क्षति पुऱ्याउँदछ भन्ने सिद्धान्त (Principle of propertionality) का आधारमा गरिन्छ । अर्थात कुनै कार्य गरे वापत कसलाई कति कलंकित गर्ने भन्ने विषय न्यायपूर्ण नामाकरणको सिद्धान्त (Principle of fair labelling) मा आधारित हुनुपर्छ ।

तर अपराध घोषणा गरिएका सबै कार्यहरू अरु कसैलाई प्रत्यक्ष क्षति पुरयाउने किसिमका मात्र हुदैनन् । लागू औषधको कारोबार गर्दा, सार्वजनिक नैतिकता विरुद्धको कसूर गर्दा, सार्वजनिक स्थानमा बम राख्दा को पीडित हुन्छ भन्ने अभियुक्तलाई थाह हुन्न, यी प्रत्यक्ष पीडित पहिचान नभएका अपराधहरू हुन् । संभाब्य क्षति रोक्नका लागि कोपिलामै अपराधलाई निमोठ्न (Nipping the crime in the Bud) पनि अपूर्ण अपराधहरू (दुरुत्साहन, षडयन्त्र, उद्योग) लाई समेत अपराधीकरण गरिन्छ । यसैगरी इजाजतपत्र बेगर सवारी हाक्ने, हातहतियार साथमा राख्ने, लापरवाही किसिमले सवारी हाक्ने, लागू औषध साथमा राख्ने जस्ता कार्यहरूलाई पनि सोही उद्देश्यका लागि अपराधीकरण गरिएको हुन्छ । त्यस्तै पीडित आफैंलाई क्षति हुने कार्यहरू आत्महत्या, लागू औषध दुर्व्यसन आदिलाई समेत अपराधीकरण गरिन्छ ।

### ५.२.४.६ फौजदारी दायित्वका तहहरू

अपराधमा सहभागीहरू सबैको संलग्नताको स्तर एकै किसिमको नहुन सक्दछ, अपराधमा सहभागीताको स्तरका आधारमा सजाय गरिने हुनाले अपराधमा संलग्न सबैलाई एकै किसिमको फौजदारी दायित्व बहन गराइदैन, यसका तहहरू फरक फरक हुन्छन् । सामान्यतया अपराधका सहभागीहरूलाई मुख्य अभियुक्त (Principle offender) र सहायक अभियुक्त (Accessorial Offender) गरी दुई तहमा बाड्ने गरिन्छ र फौजदारी दायित्वपनि मूल दायित्व (Principle liability) र सहायक दायित्व (Accessorial liability) दुई तहका हुन्छन् । कहिले काँही अपराधको तथ्यको बारेमा जानकारी नै नभएको व्यक्तिलाई पनि अपराधमा प्रयोग गरिन्छ । यिनीहरूलाई अनभिज्ञ अभिकर्ता (Innocent agent) भनिन्छ र त्यस्तो व्यक्तिलाई फौजदारी दायित्व बहन गराइदैन ।

मूल अपराधी त्यो हो जसको कार्य अपराधिक कार्यलाई परिणाममा पुऱ्याउन प्रत्यक्ष भूमिका खेल्दछ । अपराधको प्रत्यक्ष र सबैभन्दा नजिकको सम्बन्ध जस्को कार्यसँग छ सो मूल अभियुक्त हो । कुनै अपराधमा एक भन्दा बढी मूल अभियुक्त पनि हुन सक्दछन् । सहायक अपराधी (Accessorial Offender) ती हुन्

जसले जानीजानी, स्वेच्छाले र साझा उदेश्यका साथ मूल अपराधीलाई अपराध गर्नमा मद्दत दिन्छन, सहायता पुऱ्याउँछन्, सल्लाह दिन्छन, हातहतियार सामाग्री उपलब्ध गराउँदछन् । तिनको कार्य अपराधको तत्कालीन कारण होइन । मूल अपराधी र सहायक अपराधीको प्रश्न सामान्यतया: पूर्ण अपराधमा मात्र हुन्छ, अपूर्ण अपराध (अपराधको दुरुत्साहन, षडयन्त्र र उद्योग) मा सबै अभियुक्तहरू मूल अभियुक्त नै हुन्छन् । तर मुलुकी ऐन, ज्यान सम्बन्धीको १७ नं.मा मतियारको पनि तहको व्यवस्था छ ।

सहायक अभियुक्त (Accessorial Offender) लाई अपराधको संलग्नताको समयको आधारमा वारदातपूर्वको मतियार (Accessorial before fact), वारदातका समयको मतियार (Accessorial during fact) र वारदातपछिको मतियार (Accessorial after fact) गरी तीन बर्गमा बाड्न सकिन्छ । सहायक अभियुक्तको अपराधिक दायित्व मूल दायित्वको सहायक दायित्वको रुपमा सरेको दायित्व (derivative liability) भएकोले सहायक अभियुक्तलाई अपराधिक दायित्व बहन गराउन निम्न लिखित दुईवटा तथ्यहरू पुष्टी हुनु पर्दछ ।

१) कोही मूल अभियुक्तद्वारा एउटा पूर्ण अपराधको वारदात घटाइएको थियो ।

२) उक्त वारदात घटाउन वारदात अगाडि वा वारदातको समयमा वा वारदात पछाडि सहायक अभियुक्तले मद्दत दिएको, सहायता पुऱ्याएको वा सल्लाह दिएको वा अपराधलाई दबाउन, छिपाउन वा अभियुक्तलाई भगाउन सहयोग गरेको थियो ।

अंग्रेजी कानूनमा अपराध रोक्ने वा प्रहरीलाई खवर गर्ने दायित्व वोकेको व्यक्तिले अपराध घटेको देखेर खबर नगरेमा सहायक दायित्व (Accessorial liability) बहन गराइन्छ । त्यस्तै मूल अभियुक्तलाई अपराधिक कार्य गर्न रोक्न सक्ने कानूनी अधिकार भएको व्यक्तिले रोक्ने प्रयास नगरेमा अपराधको सहायक दायित्व (Accessorial liability) बहन गराइन्छ । हातहतियार बेच्न इजाजत प्राप्त व्यक्तिले हातहतियार बेच्दा ग्राहकले अपराधिक कार्य गर्न सो हतियार किनेको भन्ने थाह जानकारी हुँदा हुँदै हतियार बेचेको भएमा मात्र अपराधको सहायक दायित्व (Accessorial liability) बहन गराइन्छ, नत्र गराइदैन ।

### ५.२.५ फौजदारी न्यायका सम्बन्धमा शंकितका अधिकार र सरकारी वकीलको दायित्व

मानव अधिकार सम्बन्धी आधारभूत अन्तर्राष्ट्रिय कानूनहरूबाट फौजदारी न्यायमा शंकितका अधिकारका सम्बन्धमा व्यवस्था गरिएको पाइन्छ । मुख्यतया: निम्न अन्तर्राष्ट्रिय कानूनहरूले यस सम्बन्धी व्यवस्था गरेको देखिन्छ:-

**(क) मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८:**

कसैलाई पनि जथाभाबी पक्राउ, थुनछेक र देश निकाला नगरिने, कसूरको अभियोग लागेको व्यक्तिलाई प्रतिरक्षाको प्रत्याभूति गरिने, खुला पुर्पक्षबाट कसूर प्रमाणित नभएसम्म निर्दोष मानिने, अन्तर्राष्ट्रिय वा राष्ट्रिय कानूनले अपराधीकरण नगरेको कार्यमा सजाय नगरिने र कानूनले तोकेभन्दा बढी सजाय नगरिने उल्लेख गरिएको पाइन्छ । (धारा ९,१०,११)

**ख)** **नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ः**

अदालत र न्यायाधिकरणका सामुन्ने सबै व्यक्ति समान हुने, फौजदारी अभियोगमा कानूनद्वारा स्थापित सक्षम स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट स्वच्छ र खुला सुनवाइको अधिकार हुने, कसूर प्रमाणित नभएसम्म निर्दोष मानिने, कसूरको अभियोग लागेको व्यक्तिले प्रतिरक्षाको लागि पर्याप्त समय र सुविधा पाउने, कानून व्यवसायीसँग परामर्श लिने पाउँने, निःशुल्क कानूनी सहायता पाउँने, आफू विरुद्धको अभियोगको प्रकृति र कारण बुझ्ने भाषामा जानकारी पाउँने, निःशुल्क दोभाषेको सहयोग पाउने, आफ्ना साक्षीको उपस्थिति र आफू विरुद्धका साक्षीको जिरह गर्न पाउँने, आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने, सजाय भएमा पुनरावेदन गर्न पाउने हक समेतको सुनिश्चितता गरेको छ । (धारा १४)

**ग)** **बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ः**

यस महासन्धिले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ले अभियोग लागेको व्यक्तिका अधिकारका सम्बन्धमा गरेका व्यवस्थाका अतिरिक्त बाबु आमा वा कानूनी संरक्षकको उपस्थितिमा कानूनद्वारा स्थापित सक्षम स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट बिलम्व बिना स्वच्छ सुनवाइको हक हुने, आफू विरुद्धको अभियोगको तुरुन्त र प्रत्यक्ष रुपमा बाबु, आमा वा कानूनी संरक्षक मार्फत जानकारी पाउँने हक हुने, कारवाहीका सबै तहहरूमा आफ्नो गोपनियताको पूर्ण सम्मान पाउँने हक, फौजदारी कानून उलंघन गर्ने क्षमता हुदैन भनी न्युनतम उमेरको हद स्थापना गरी पाउँने हक, बालबालिकाको हित अनुकुल न्यायिक कारवाही नगरी अन्य कारवाहिहरू अवलम्वन गरी पाउँने हक, कानूनको द्वन्द्वमा परेका बालबालिकाको हित अनुकुल हुने गरी हेरचाह, मार्गदर्शन स्याहार, सम्वर्द्धन, शिक्षा, व्यावसायिक तालिमका व्यवस्थाको हक समेतको सुनिश्चितता गरेको छ । (धारा ४०)

नेपालमा फौजदारी न्यायका सम्बन्धमा शंकितका अधिकारहरूलाई नेपालको संविधान, अन्य कानूनहरू र सर्वोच्च अदालतले विभिन्न मुद्दामा प्रतिपादन गरेका सिद्धान्तहरूबाट सुनिश्चित गरिएको पाइन्छ । सम्मानित सर्वोच्च अदालतबाट निम्न मुद्दाहरूमा शंकितका अधिकारका बारेमा व्याख्या भएको पाइन्छः

क) गैरकानूनी थुना विरुद्धको अधिकार वा कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिइ थुनामा नराखिने । (संविधानको धारा २०(१), सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ दफा १४, नागरिक अधिकार ऐन २०१२ को दफा १५(१) र मुलुकी ऐन, अ. बं. १२१ नं., ने.का.प.२०२७, नि.नं ५४७ पृ.१५७)

ख) कानून व्यवसायीसँग पारमर्श लिने र प्रतिरक्षा गराउने अधिकार । (संविधानको धारा २०(२), नागरिक अधिकार ऐन २०१२ को दफा १५(१), प्रमाण ऐन, २०३१ को दफा ४५,४६, ने.का.प.२०२७, नि.नं ५४७ पृ.१५७, ने.का.प. २०५५ अंक ११ नि.न. ६६२२ पृ.६१६ र ने.का.प. २०६७ अंक ४ पृ. ५७४)

ग) पक्राउ परेको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइ पाउने अधिकार । (संविधानको धारा २०(३), नागरिक अधिकार ऐन, २०१२ को दफा १५(२ र ३) प्रमाण ऐन,

२०३१ को दफा ४५,४६, ने.का.प. २०१८ पृ. १४७., ने.का.प.२०४९ नि.नं. ४४५० पृ.३१, स.अ.बु.२०६१, पूर्णांक ३०५, पृ.२४)

घ) कानूनले अपराधीकरण नगरेको कार्यमा सजाय नगरिने र कानूनले तोकेभन्दा बढी सजाय नगरिने अधिकार (संविधानको धारा २०(४), नागरिक अधिकार ऐन, २०१२ को दफा ११(१), ने.का.प. २०५८ अंक १ नि.नं. ६९७१ पृ.३४ र ने.का.प.२०५८ अंक १ नि.नं ६९९२ पृ.१८८, ने.का.प. २०६१ नि.नं.७४३२ पृ.११०३)

ङ) कसूर प्रमाणित नभएसम्म निर्दोष सरह व्यवहार र निर्दोषको अनुमान गरी पाउने अधिकार (संविधानको धारा २०(५), ने.का.प. २०२१ नि.नं २३४ पृ.५३ र ने.का.प. २०४१ नि.नं. २०५९ पृ.६३०)

च) दोहोरो खतरा विरुद्धको अधिकार (संविधानको धारा २०(६), नागरिक अधिकार ऐन २०१२ को दफा ११(२) ने.का.प. २०४५ अंक ६ पृ.५२२, ने.का.प. २०४८ अंक ६ पृ.२४६, ने.का.प. २०५७ नि.नं. ६८७२ पृ.२०९ र ने.का.प. २०४९ नि.नं. ४५६१ पृ.५६८)

छ) स्वइच्छा विरुद्ध वयान दिन वा आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अधिकार ।(संविधानको धारा २०(७), नागरिक अधिकार ऐन २०१२ को दफा ११(३), प्रमाण ऐन २०३१ को दफा ९(२) ने.का.प. २०५१ नि.नं. ११५६ पृ.६६६)

ज) आफु विरुद्धको कारवाहीको जानकारी पाउने अधिकार (संविधानको धारा २०(८), कारागार ऐन, २०१९ दफा १५८, कारागार नियमावली, २०२०,नियम ६२)

झ) स्वच्छ सुनवाईको अधिकार (संविधानको धारा २०(९), ने.का.प. २०५५ नि.नं. ६६२२ पृ.२६८ र ने.का.प. २०५७ नि.नं. ६९३२ पृ.६३६, ने.का.प. २०५५ नि.नं. ६४८७ पृ.१ र ने.का.प. २०५९ नि.नं. ७१५७ पृ.७७९)

ञ) निःशुल्क कानूनी सहायताको अधिकार ।(संविधानको धारा २०(१०))

ट) यातना तथा दुर्व्यावहार विरुद्धको अधिकार । (संविधानको धारा २२, यातना सम्बन्धी क्षतिपुर्ति ऐन २०५३ को दफा ३, कारागार ऐन, २०१९ दफा १७, कारागार नियमावली २०२०, नियम २६, मुलुकी ऐन बेरीतसँग थुन्दाको महलको १,२,३ नं, ने.का.प. २०६१ अंक ९नि.नं. ७४३३ पृ.११५६)

ठ) निवारक नजरबन्द विरुद्धको अधिकार । (संविधानको धारा २३, सार्वजनिक सुरक्षा ऐन, २०४६,दफा ३ र ४, ने.का.प. २०२६ नि.नं. ५१४ पृ.३५२, ने.का.प.२०५५ नि.नं. ६५३० पृ.१९५, ने.का.प. २०५७ नि.नं. ६९२५ पृ.५८०, ने.का.प.२०५५,नि.नं. ६४८७ पृ.१, ने.का.प. २०५५,नि.नं ६४८९ पृ.११)

ड) अनुसन्धानको क्रममा पक्राउ गर्दा, घर र जीउको तलासी लिँदा शंकितलाई प्राप्त कानूनी अधिकार ।(मुलुकी ऐन, अ.बं.११५, ११६, १७२ नं. र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १० र १४)

ढ)	शंकित वालबालिकालाई बाल अनुकूल न्यायको हक । (संविधानको धारा ३९ (८), बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११, १२, १५, १९, ४९, ५० र  ५५, बाल न्याय (कार्यविधि) नियमावली, २०६३)

शंकितका उल्लेखित अधिकारहरूको संरक्षणमा अनुसन्धान अधिकारी (प्रहरी लगायत अन्य अनुसन्धान अधिकारी), सरकारी वकील, मुद्दा हेर्ने अधिकारी, र मुद्दाको सुनवाइको क्रममा रहेका अभियुक्तलाई थुनामा राख्ने कारागार प्रशासनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसमा  सरकारी वकीलको भूमिका निम्नानुसार रहेको छ ।

क)	हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार नगरेको, आफन्त वा कानून व्यवसायीसंग भेटघाट गर्न नदिएको सम्बन्धमा छानविन गर्ने र त्यस्तो गर्नेबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार महान्यायाधिवक्ता र अधिकार प्रत्यायोजन भएका मातहतका सरकारी वकीलमा रहने । (नेपालको संविधान, धारा १५८(७ र ८))

ख)	सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९को दफा ६(२) बमोजिम प्रहरी कर्मचारीलाई निर्देशन दिँदा शंकितका संवैधानिक तथा कानूनी अधिकार संरक्षणमा ध्यान दिन समेत निर्देशन दिन सकिने । उक्त निर्देशनमा शंकितलाई पक्राउ गर्दा, घर र जिउको तलासी लिँदा मुलुकी ऐन, अ.बं.११५, ११६, १७२ नं. र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १० र १४को प्रकृया पुरा गर्ने विषय समेत उल्लेख गर्ने ।

ग)	सरकारी वकील समक्ष शंकितको वयान लिँदा निजका संवैधानिक तथा कानूनी अधिकारका बारेमा जानकारी दिने र उक्त अधिकार संरक्षण गर्दै वयान लिने कार्य गर्ने ।

घ)	अभियोगपत्र लगाउने निर्णय गर्दा प्रमाणबाट पुष्टि हुने अभियोग मात्र लगाउने, दोहोरो खतरा (double jeopardy) नहुने गरी लगाउने ।

ङ)	अभियोगपत्रको प्रतिलिपि अभियुक्तलाई उपलब्ध गराउने ।

च)	शंकित नाबालकको गोपनियता अनुसन्धानको शुरुदेखि नै राख्न निर्देशन दिने, अभियोगपत्रमा पनि गोपनियता राख्ने ।

छ)	शंकित नावालकको मुद्दा सुनवाइको क्रममा बाल अनुकूल न्यायको हकको उपभोग गर्ने पाउने अवस्थाको लागि पहल गर्ने ।

### **५.२.६ अपराध पीडितका अधिकारहरु तथा सरकारी वकीलको दायित्व**

#### **५.२.६.१ अन्तर्राष्ट्रिय कानूनका व्यवस्थाहरूः**

(क)	शक्तिको दुरुपयोग र अपराधबाट पीडितहरूको न्याय सम्बन्धी आधारभूत सिद्धान्तको  घोषणापत्र, १९८५ ले निम्नलिखित चार प्रकारका अधिकारहरूको संरक्षण हुनु पर्ने मान्यता अघि सारेको छ ।

(अ)	न्यायमा सहज पहुँच एवं स्वच्छ सुनवाइको अधिकार

(आ) अपहरित एवं नोक्सान भएको सम्पतिको पुनर्प्राप्ति, पुनस्थापना वा पीडकबाट क्षतिपूर्ति भराइ पाउने सम्बन्धी अधिकार

इ) पीडकबाट पुनस्थापना वा क्षतिपुर्ति दिलाउन नसकिएको अवस्थामा राज्यद्वारा क्षतिपूर्ति पाउने अधिकार

ई) मौलिक, स्वास्थ उपचार, मनोवैज्ञानिक एवं सामाजिक सहयोग सम्बन्धी अधिकार

(ख) अन्तरदेशीय संगठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि २००२: यस महासन्धिको धारा २५मा अन्तरदेशीय संगठित अपराधबाट पीडितको संरक्षण, क्षतिपूर्ति, पुनस्थापनाका सम्बन्धमा आवश्यक व्यवस्था गर्न र कानून बनाउन सम्बन्धित राष्ट्रको दायित्व तोकेको छ ।

(ग) बालबालिकाको बेचबिखन, बाल देह ब्यापार, र अश्लिल चित्रण विरुद्ध बाल अधिकार सम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख २०००: यस ऐच्छिक प्रलेखले पीडित बालबालिका र साक्षीहरूको संरक्षण, पीडित बालबालिकालाई सबै तहमा उपयुक्त सेवा उपलब्ध गराउने, गोपनियता र पहिचानको संरक्षण गर्ने, न्याय दिँदा र क्षतिपूर्ति दिनेगरी निर्णय गर्दा अनावश्यक ढिला नगर्ने र पीडितको सर्बोत्तम हितलाई ध्यान दिने व्यवस्था राज्य पक्षले गर्नु पर्ने भनि उल्लेख गरेको छ । (धारा ८)

यस्तै पीडित न्याय शास्त्रको हालसम्मको विकसित अवधारणा अनुसार पीडितका निम्नलिखित अधिकार हरूलाई स्वीकार गरिएको छ :-

(अ) मुद्दा सुनवाइको चरण र कार्यविधिको जानकारी पाउने अधिकार

(आ) मुद्दाको सुनुवाइको प्रकृयामा उपस्थति हुने र सहभागी हुने अधिकार

(इ) अन्य कानूनी उपचारको जानकारी पाउने अधिकार

(ई) धम्की दबाब र दुर्व्यवहारबाट सुरक्षा पाउने अधिकार

(उ) अभियुक्तले छुटकारा पाएको, फरार भएको जानकारी पाउने अधिकार

(ऊ) गोपनियताको हक

(ए) शिघ्र न्याय पाउने अधिकार

(ऐ) अभियोजनकर्तासँग मुद्दाको सन्दर्भमा छलफल गर्ने, जिज्ञासा राख्न पाउने अधिकार

(ओ) अभियुक्तले खोसी, छिनी, चोरी लगेको सम्पत्ति तुरुन्त फिर्ता पाउने अधिकार

(औ) क्षतिपूर्ति परिपूरण र सहायता पाउने अधिकार

### ५.२.६.२ पीडितका अधिकार सम्बन्धी राष्ट्रिय व्यवस्था

नेपालमा नेपालको संविधान, अन्य नेपाल कानूनहरू र सर्वोच्च अदालतले विभिन्न मुद्दामा प्रतिपादन गरेका सिद्धान्तहरूबाट अपराध पीडितका निम्नलिखित अधिकारहरूलाई सुनिश्चित गरिएको पाइन्छ :-

अ) आफु पीडित भएको मुद्दामा अनुसन्धान तथा कारवाही गरी पाउँन दरखास्त दिन पाउने र आफ्नो

भनाइ राख्न पाउने अधिकारः (सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३, प्रमाण ऐन, २०३१ को दफा १०,११, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६)

आ) आफु पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाई सम्बन्धी जानकारी पाउने अधिकारः- नेपालको संविधानको धारा २१(१), सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २०,)

इ) मुद्दाको सुनवाइ प्रकृयामा उपस्थित हुने र सहभागी हुने अधिकारः (सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम १५, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६, १०, ११)

ई) अन्य कानूनी उपचारको जानकारी पाउने अधिकारः (सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २० र २७)

उ) धम्की दबाब र दुर्वव्यवहारबाट छुटकारा पाउने अधिकारः (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २०, २६)

ऊ) गोपनियताको हकः (नेपालको संविधानको धारा २८, विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनियता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २५,२७)

ए) सम्पति फिर्ता वा भरिभराउ पाउने अधिकारः (मुलुकी ऐनको कीर्ते कागजको महलको ७ नं., लुटपिटको ६नं., ठगीको ४नं., चोरीको १०(३) र २१ नं., आगो लगाउनेको ४ र १० नं., चौपायाको ६ नं.)

ऐ) क्षतिपूर्ति, परिपूरण र सहायता पाउने अधिकारः (मुलुकी ऐनको बेरितसँग थुन्दाको महलको ६ नं., अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १२ नं., कुटपिटको महलको ३, ६ र २५ नं., आसय करणीका महलको १ नं., जबर्जस्ती करणीको महलको ९ र १० नं., बिहावरीको महलको ३(८) नं., जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ को दफा ९, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा १७, बोक्सीको आरोप सम्बन्धी कसूर तथा सजाय ऐन, २०७२ को दफा १२, सवारी तथा यातयात व्यवस्था ऐन २०४९ को दफा १६३)

## ५.२.७ अभियोजनकर्ताको आचरण, दायित्व र स्वतन्त्रता सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरु

### ५.२.७.१ अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९०

क्युवाको हवानामा १९९० अगस्ट २७ देखि सेप्टेम्बर ७ सम्म सम्पन्न अपराधको रोकथाम तथा कसूरदार उपरको व्यवहारसम्बन्धी आठौँ राष्ट्रसंघीय काङ्ग्रेसद्वारा जारी यस मार्गदर्शनले पहिलो पल्ट अभियोजनकर्ताहरूको भूमिका सम्बन्धमा व्यवस्था गरेको छ । यसले गरेका मूलभूत व्यवस्थाहरू निम्नलिखित छन्:

(१) अभियोजनकर्ताले आफ्नो पेशाको प्रतिष्ठा र मर्यादा कायम राख्नुपर्छ । उनीहरूले फौजदारी न्यायप्रणालीको सुचारु संचालन र उचित प्रक्रियालाई सुनिश्चय गर्नका लागी कानून बमोजिम

आफ्नो कर्तव्यको स्वच्छता, स्थिरता र तत्परतासाथ पालना गर्नुपर्नेछ साथै मानव मर्यादाको सम्मान तथा संरक्षण र मानव अधिकारको परिपालना गर्नुपर्छ ।

(२) आफ्ना कार्य निष्पक्षतापूर्वक सम्पादन गर्नु पर्नेछ र सबै राजनीतिक, सामाजिक, धार्मिक, जातीय, सांस्कृतिक, लैङ्गिक वा अन्य कुनै किसिमको भेद्भावलाई बर्जित गर्नु पर्नेछ,

(३) सार्वजनिक हितको रक्षा गर्नु पर्नेछ, वस्तुगत कार्यपद्धति अवलम्बन गर्नु पर्नेछ, आशङ्कित र पीडितको स्थितिको ख्याल राख्नु पर्नेछ ।

(४) आफ्नो साथमा वा अधीनमा रहेका सवालहरू, कर्तव्यपालन वा न्यायको आवश्यकताले अन्यथा चाहेमा बाहेक गोपनीय राख्नु पर्नेछ ।

(५) पीडितका व्यक्तिगत हितमा असर पर्ने कुनै कुरा भएमा त्यसमा उनीहरूको दृष्टिकोण र सरोकारउपर विचार पुऱ्याउनु पर्नेछ ।

(६) पीडितहरूका अधिकार बारे सुसूचित गराउनु पर्नेछ । निष्पक्ष अनुसन्धानले अभियोग निराधार देखाएका अवस्थामा अभियोजन गर्नु हुदैन र कारबाई स्थगित गर्ने हरप्रयास गर्नु पर्नेछ ।

(७) सार्वजनिक अधिकारीहरूले गरेका खासगरी भ्रष्टाचार, अख्तियारको दुरूपयोग, मानव अधिकारको गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय कानूनले पहिचान गरेका अन्य अपराधहरू उपरको अभियोजनमा र कानून वा स्थानीय प्रचलनले अख्तियारी सुम्पेका ठाउँमा तिनको अनुसन्धानमा पूरा ध्यान दिनु पर्नेछ ।

(८) आफू समक्ष आएका शङ्कित विरुद्धका प्रमाण, शङ्कितको मानव अधिकारको खासगरी यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय वा मानव अधिकारका अन्य ज्यादतीजस्ता गैरकानूनी तरिका वा उपायबाट प्राप्त भएको कुरा थाहा हुन आए अभियोजनकर्ताले त्यस्तो प्रमाण कसै विरुद्ध लगाउन इन्कार गर्नु पर्नेछ र यस्तो तरिका अपनाउनमा जिम्मेवारीलाई न्यायका सामुन्ने ल्याउने कुरा निश्चित पार्नका लागि आवश्यक सबै कदम चाल्नु पर्नेछ ।

(९) अभियोजनका विकल्पका रुपमा दिशान्तरण पद्धतिको बन्दोबस्त लागू गर्ने सम्भाव्यताको पूरापूर खोजबिन गर्नु पर्छ ।

(१०) अभियोजनकर्ताले अल्पवयस्क (बाल) न्यायसम्बन्धी कानून र कार्यविधि अन्तर्गत उपलब्ध अभियोजनका विकल्पहरूतर्फ विशेष रूपले विचार गर्नु पर्नेछ । अभियोजनकर्ताले हदै जरुरी भएमा मात्रै अल्पवयस्क विरुद्ध अभियोजनकारी कारबाई गर्नु पर्नेछ ।

(११) अभियोजनकर्ताले अपराध अनुसन्धान, ती अनुसन्धानको सुपरिवेक्षण, अदालतका फैसलाको कार्यान्वयनको सुपरिवेक्षण र सार्वजनिक सरोकारको प्रतिनिधिका रूपमा गर्नु पर्ने अन्य कार्य लगायतका कार्य गरी फौजदारी प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्नेछन् ।

यो मार्गदर्शनले अभियोजनकर्ताको स्वतन्त्रता सम्बन्धी निम्न व्यवस्था गरेको छः

(१) अभियोजनकर्तालाई कानून, न्यायप्रशासन र मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनसँग सम्बन्धित विषयमा खुला छलफलमा भाग लिने, स्थानीय, राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्गठनहरू गठन गर्ने वा तिनमा सहभागी हुने र तिनका बैठकहरूमा उपस्थित हुने अधिकार रहनेछ ।

(२) यी अधिकारहरूको प्रचलन गर्दा अभियोजनकर्ताहरूले सदासर्वदा कानून बमोजिम र उनीहरूको पेशाका मान्यस्तर (मापदण्ड) र आचारण अनुकूल आचार व्यवहार गर्नुपर्नेछ ।

(३) आफ्ना हितको प्रतिनिधित्व गर्ने पेशागत तालिमको प्रवर्द्धन र हैसियतको संरक्षण गर्ने गराउनका लागि अभियोजनकर्ताहरू पेशागत तथा अन्य सङ्गठनहरूको गठन गर्ने र तिनमा संलग्न हुन स्वतन्त्र हुनेछन् ।

**५.२.७.२ अभियोजनकर्ताको व्यावसायिक अधिकार र जिम्मेवारी सम्बन्धी अन्तर्राष्ट्रिय संगठनले तयार पारेको मापदण्ड,**१९९९

**(क) अभियोजनकर्ताको आचरण र दायित्व**

अभियोजनकर्ताले सँधैभरी

(१) आफ्नो पेशाको प्रतिष्ठा र मर्यादालाई कायम राख्नुपर्छ ।

(२) कानून, नियम र पेशागत नैतिकताको आधारमा व्यवसायिक कार्यहरू गर्नु पर्छ ।

(३) उच्च स्तरको नैतिकता र सावधानीको प्रयोग गर्ने छन् ।

(४) आफूसँग सम्बन्धित कानूनी विकासको सम्बन्धमा आफूलाई राम्रो जानकार र चुस्त दुरुस्त रुपमा राख्ने छन् ।

(५) स्वतन्त्र र निष्पक्षताको लागि सदैव प्रयासरत रहने छन् ।

(६) अभियुक्तको निष्पक्ष सुनवाईको अधिकारलाई सम्मान गर्दै अभियुक्तको पक्षको प्रमाणलाई समेत लुकाउने छैनन् ।

(७) व्यक्तिगत वा निहितवर्गको हित र सञ्चार माध्यमको दवावबाट अप्रभावित रही सार्वजनिक हितको पक्षमा कार्य गर्दै सार्वजनिक हितका रक्षा गर्ने छन् । संकित व्यक्तिलाई अनुकूल प्रतिकूल जे पर्ने भएपनि सम्बन्धित सबै परिस्थितिको मूल्याङ्कन गर्दै बस्तुगतरुपमा कार्य गर्ने छन् ।

(८) मानवीय मूल्य र मानव अधिकारका विश्वव्यापी अवधारणाको सम्मान, संरक्षण र समर्थन गर्ने छन् ।

(९) आफ्नो कार्य डर, पक्षपात र पूर्वाग्रह नलिइ निष्पक्ष, एकरुपता, र तदारुखताका साथ सम्पादन गर्ने छन् ।

(१०) आफ्नो देशको कानून र स्वच्छ न्यायका आधारभूत मान्यताका आधारमा सबै आवश्यक र उपयुक्त अनुसन्धानको सुनिश्चित गर्नेछन् चाहे त्यो तथ्यले सशंकितलाई दोषी वा निर्दोष देखाओस् ।

(११) कानून अनुसार अनुसन्धानमा सहभागी हुँदा वा प्रहरी वा अनुसन्धानकर्तालाई निर्देशन दिने कार्य गर्दा तथ्यगत, निष्पक्ष र व्यवसायिक रुपमा गर्नेछन । अनुसन्धानको अनुगमनगर्दा

अनुसन्धानकर्ताले कानूनी व्यवस्था र आधारभूत मानव अधिकार पालना गरे नगरेकोमा सुनिश्चित हुनु पर्नेछ ।

(१२) समाज, पीडित र अभियुक्तका बीचमा न्याय दिनका लागि कानून र स्वच्छ न्यायका सिद्धान्तले निर्देश गरे बमोजिम सँधै सत्यको खोजी गर्नेछन् र अदालतलाई सत्यको खोजी गर्न सहयोग गर्नेछन् ।

(१३) अभियोजन गर्दा तथ्यगत रुपमा विश्वासनीय, दीगो र प्रमाणयोग्य प्रमाणका आधारमा मात्र निष्पक्ष रुपमा गरिनेछ । सशंकितको मानव अधिकारको उलंघन र गैरकानूनी तरिकाले प्राप्त गरेको भन्ने विश्वासनीय आधार भएका प्रमाणलाई इन्कार गर्नेछन् ।

(१४) स्वच्छ र प्रभावकारी अभियोजनको लागि अभियोजनकर्ताले प्रहरी, अदालत, प्रतिरक्षी कानून व्यावसायी, अन्य क्षेत्रका अभियोजनकर्ता र अन्य सरकारी निकायसँग राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा समन्वय गर्नेछन् ।

## (ख) अभियोजनकर्ताको स्वतन्त्रता

(१) अभियोजनको तजबिजी अधिकार प्रयोग गर्दा स्वतन्त्ररुपमा र राजनीतिक हस्तक्षेप विना गर्नेछन् ।

(२) यदि कुनै देशमा अभियोजन गर्ने बाहेकको कुनै अधिकारी (non-prosecutorial authorities) ले अभियोजनका सम्बन्धमा कुनै सामान्य वा विशेष किसिमको निर्देशन दिने अधिकार भएकोमा त्यस्तो निर्देशन पारदर्शी, कानून सम्मत र अभियोजनकर्ताको स्वतन्त्रतालाई बञ्चित नगर्ने किसिमको हुनुपर्छ ।

(३) अभियोजनकर्ताले व्यावसायिक कार्य गर्दा बिना कुनै दबाब, कठिनाई, दुःख, अनुपयुक्त हस्तक्षेप, अन्यायपूर्ण देवानी, फौजदारी, वा अन्य दायित्व गर्नु नपर्ने गरी सम्पादन गर्ने छन् ।

(४) व्यावसायिक कार्य गर्दा व्यक्तिगत सुरक्षामा धम्की आएमा अभियोजनकर्ता र निजको परिवारलाई सुरक्षा प्रदान गरिनेछ ।

(५) उपयुक्त सेवा सर्त, पर्याप्त तलव सुबिधा, जथाभावीरुपमा सेवा सुविधामा कटौति नगरिने, उपयुक्त र व्यवस्थित पदाबधि, निवृत हुने उमेर, निवृति भरण, सेवाका सर्तहरू हुनेछन् ।

(६) नियुक्ति र बढुवा योग्यता, क्षमता, इमान्दारिता, कार्यसम्पादन एवम् अनुभव जस्ता बस्तुगत आधारमा स्वच्छ र निष्पक्ष कार्यविधिमा आधारित हुनेछन् ।

(७) आफ्नो हितको प्रतिनिधित्व गर्ने पेशागत तालिमको प्रवर्द्धन र हैसियतको संरक्षण गर्ने गराउनका लागि अभियोजनकर्ताहरू पेशागत तथा अन्य सङ्गठनहरूको गठन गर्ने र तिनमा संलग्न हुन स्वतन्त्र हुनेछन् ।

(८) अभियोजनकर्ता उपरको विभागीय कारबाहीमा कानून र कानूनी कार्यविधिका आधारमा छिटो र निष्पक्ष रुपमा सुनवाइ हुनेछ ।

यस मापदण्डले सम्बन्धित राज्यलाई निम्न लिखित विषयमा सिफारिस गरेकोछ ।

(१) फौजदारी न्याय प्रणालीप्रति जनताको विश्वासलाई मजबुत बनाउने महत्वपुर्ण दायित्व अभियोजनकर्ताको भएकाले अभियोजनकर्ता आफ्नो कार्य सम्पादन गर्दा कानूनको शासनको महत्वपूर्ण अवयवको रुपमा रहेको अभियुक्त र पीडित दुवैको मानव अधिकार र नागरिक स्वतन्त्रताको सुनिश्चित गर्ने कार्यबाट निर्देशित हुनुपर्ने ।

(२) अभियोजनकर्ताको व्यावसायिक कार्यलाई विश्वासिलो र भरपर्दो बनाउनको लागि उनीहरूको स्वबिबेकीय अधिकार र स्वतन्त्रता भित्र इमान्दारिता, निष्पक्षता, व्यावसायिक आचरण र निर्णयमा खुलापनका मापदण्डका प्राबधानहरूको व्यवस्था राज्य र अभियोजन सेवा दुबैबाट गर्ने ।

(३) अभियोजनकर्ताको छनौट र व्यावसायिक बिकासका लागि बस्तुगत आधारमा उपयुक्त प्रकृया हुनुपर्नेछ । छनौटको प्रकृया अभियोजन सेवालाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने, जनताको आवश्यक विश्वास कायम राख्ने किसिमको हुनुपर्नेछ । अभियोजनकर्तालाई मनोमानी तवरले हटाउन र अनुपयुक्त राजनीति तथा अन्य प्रभावबाट मुक्त राख्न संस्थागत संरक्षण हुनु पर्नेछ । अभियोजन सेवामा भ्रष्टचारलाई शून्यसहनशीलतामा राखिनेछ ।

(४) अभियोजनकर्तालाई निष्पक्षरुपमा कार्य सम्पादन गर्नेमा विभिन्न किसिमका आन्तरिक र बाह्य दवाव पर्ने भएकाले :

(क) व्यवसायिककार्य गर्दा अभियोजनकर्ता र निजको परिवारलाई व्यक्तिगत सुरक्षामा धम्की र दवाब आएमा त्यसलाई रोक्न बनाएका फौजदारी कानूनका प्राबधानलाई प्रभाबकारी रुपले लागू गरिनेछ ।

(ख) अपराधको रोकथाम र फौजदारी न्याय नीतिमा अभियोजन सेवासँग नागरिक समाज र स्थानीय समुदायको सहयोग विस्तारको माध्यमबाट अभियोजनकर्ता फौजदारी न्याय प्रणालिको महत्वपूर्ण खम्वा हो भन्ने जनविश्वासलाई मजबुत बनाउने ।

(ग) पारदर्शिताको सिद्धान्त, न्याय प्रशासनको हितको बचाउको आवश्यकता, गोपनियता र निर्देशित अनुमानको अधिकारको आधारमा संचार माध्यम सँगको सम्बन्ध विकास गर्ने ।

(५) संगठित अपराध, भ्रष्टाचार र आतंकवाद विरुद्ध लड्न अभियोजनकर्ताको भूमिकाः

(क) अभियोजनकर्ताले कठिन अनुसन्धानमा बढी सम्लग्न हुनुपर्दछ, खासतः सम्पत्ति पत्ता लगाउने सम्बन्धमा जुन संगठित अपराध, भ्रष्टाचार र आतंकवाद अपराधमा आवश्यक हुन्छ ।

(ख) संगठित अपराध, भ्रष्टाचार र आतंकवाद अपराध विरुद्ध कार्य गर्नेका लागि अभियोजनकर्ताको क्षमता अभिबृद्धि गर्ने कार्य खासगरी तालिम, मुद्दा व्यवस्थापन कला र विशेषज्ञता विकाशमा विशेष ध्यान दिनु पर्ने ।

(ग) नयाँ र उच्च प्रविधि प्रयोग गरी गरिने अपराधसँग जुध्न अपराध अनुसन्धानमा नयाँ तरिका अपनाई अभियोजनकर्ताको दक्षता अभिवृद्धि गर्नु पर्ने ।

**५.२.७.३ अभियोजनकर्ताको भूमिका सम्बन्धी युरोपियन संघका मापदण्डहरू (European Commission for Democracy through Law - Venice Commission 17-18, December, 2010):**

यो मापदण्डले अभियोजनकर्ताको योग्यता, नियुक्तिका शर्तहरू, कर्तव्य, स्वतन्त्रता जस्ता विषयमा नि(म्नानुसारका मापदण्डहरू बनाएको छः

**(क) अभियोजनकर्ताको आचरण र दायित्व :**

१) अभियोजनकर्ताले स्वच्छ र निष्पक्ष भई काम गर्नु पर्नेछ । उसले अभियोजन पक्षका प्रमाणहरू मात्र होइन सबै विश्वासयोग्य प्रमाणहरू अदालत समक्ष पेश गर्नु पर्नेछ ।

२) कसैमाथि अभियोजन गर्ने वा नगर्ने वा कुन अभियोजन गर्ने भन्ने सम्बन्धमा पनि निष्पक्ष रुपमा निर्णय गर्नु पर्नेछ ।

३) आफ्नो स्वार्थ गाँसिएको विषयमा निर्णय गर्नु हुँदैन ।

४) अभियोजनकर्ता उच्च नैतिकवान र असल चरित्रको हुनुपर्नेछ र न्यायाधीसको योग्यता बराबरको योग्यता र समान किसिमको नियुक्ति र बढुवाको प्रकृया हुनुपर्नेछ ।

५) अभियोजनकर्ताले कहिले काँही राजनैतिक रुपमा अप्रिय निर्णय समेत गर्नु पर्ने हुन्छ, त्यसैले अभियोजनकर्ताको बचावटको लागि सेवा अवधिको निश्चितता, बढुवा, सजाय र बर्खास्तिको उपयुक्त व्यवस्था हुनुपर्ने ।

६) अभियोजनकर्तालाई अबाञ्छित राजनैतिक हस्तक्षेपबाट मुक्त राख्ने प्रकृयाको विकास गरिनु पर्ने, त्यसका लागि अभियोजन निर्णयको पुनरावलोकन, परीक्षण वा अडिट गर्ने उपयुक्त प्रकृया हुनु पर्ने । साथै मुद्दामा दिने निर्देशन लिखित र पारदर्शी हुनुपर्ने ।

७) अभियोजनकर्ताले व्यावसायिक उन्मुक्तिको कारणले भ्रष्टाचार जस्ता कुरामा कुनै सुबिधा पाउने छैनन् ।

८) निश्पक्षताको लागि अभियोजनकर्ताले राज्यका अन्य कुनै पद स्वीकार गर्ने छैनन्, उनीहरू न्यायाधीशका लागि पनि उपयुक्त हुने छैनन् ।

**(ख) अभियोजनकर्ताको स्वतन्त्रता**

(अ) अभियोजनकर्ताको नियुक्ति र कारवाहीको लागि राज्यको निकायभन्दा स्वतन्त्र अभियोजन परिषद् (Prosecution council) हुनेछ । यदि न्याय परिषद र अभियोजन परिषदको काम एउटै निकायले गर्ने भएमा अभियोजनकर्ताको नियुक्ति र कारवाहीमा न्यायाधीश र न्यायाधीशको नियुक्ति र कारवाहीमा अभियोजनकर्ता मतदानमा भाग लिने छैनन् ।

(आ) अभियोजनकर्ता अभियोजन गर्ने नगर्ने निर्णय गर्ने सम्बन्धमा अभियोजन सेवा भित्र आन्तरिक रुपमा र बाह्य रुपमा समेत स्वतन्त्र हुनुपर्ने । आन्तरिक रुपमा प्रत्येक अभियोजन सेवाका कार्यालय स्वायत्त र अभियोजनकर्ता स्वतन्त्र हुन्छन् । अभियोजनकर्ता केवल

आफ्ना उच्च पदस्थबाट जारी गरिएका directives, guidelines and instructions बाट मात्र निर्देशित हुनेछन् । कुनै निश्चित मुद्दामा कुनै हस्तक्षेप वा निर्देशन दिइने छैन ।

(ग) बाह्य रुपमा अभियोजन सेवा विधायिका वा सरकारबाट जारी अभियोजन निर्देशिका बाहेक कुनै निश्चित मुद्दामा कुनै निर्देशन वा हस्तक्षेपबाट मुक्त हुनेछन् ।

(घ) अभियोजनकर्तालाई शारीरिक सुरक्षाको सुनिश्चितता हुनेछ, कसैले त्रास, धम्की दिन पाउने छैन ।

# महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना

## परिदृश्य (Vision)

व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रूपमा स्थापित भई कानूनको शासन प्रवर्द्धन गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिदृश्य हुनेछ ।

## परिलक्ष्य (Mission)

फौजदारी मुद्दाको अनुसन्धानमा नेतृत्वदायी भूमिका, स्वच्छ र प्रभावकारी अभियोजन तथा सुदृढ प्रतिरक्षा प्रणाली एवम् व्यावसायिक कानूनी राय प्रदान गर्ने संस्थाको रुपमा विकास गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिलक्ष्य हुनेछ ।

## मूल्यहरू (Values)

- स्वच्छ सुनुवाइ,
- कानूनको शासन,
- कानून र न्यायका मान्य सिद्धान्तहरुको अवलम्बन,
- मानवअधिकार र वैयक्तिक स्वतन्त्रताको सम्मान, संरक्षण र प्रवर्द्धन,
- सार्वजनिक हितको संरक्षण,
- पीडित मैत्री र न्यायमा सहज पहुँच,
- व्यावसायिक स्वायत्तता र उन्मुक्ति,
- उत्तरदायित्व र जवाफदेहिता,
- निरन्तर सुधार र सिकाई,
- नैतिकता र सदाचार,
- लैंगिक मैत्री र विविधताको सम्बोधन,
- समावेशिता ।

प्रकाशन सहयोग

UNDP
Empowered lives. Resilient nations.